जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५२७४९१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com

जनकपुर टुडेको APP डाउनलोड गर्नका लागि QR Scan गर्नुहोस्

वर्ष २८ • अंक १३ • २०८३ साल जेठ १९ गते मंगलबार (2 June, Tuesday, 2026) • पृष्ठ ८ • मूल्य रु. ५।-

## भारत भ्रमणमा रवि, तय छैन मोदीसँगको भेट

**टुडे समाचारदाता**

जनकपुरधाम। राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सभापति रवि लामिछाने जुन १ देखि जुन ५ सम्मका लागि भारत भ्रमणमा निस्केका छन्।

सत्तारुढ भारतीय जनता पार्टी (भाजपा)का राष्ट्रिय अध्यक्ष नितिन नवीनको निमन्त्रणामा हुन लागेको यस भ्रमणलाई नेपाल-भारतबीच राजनीतिक दलस्तरको सम्बन्ध विस्तारका दृष्टिले महत्वपूर्ण रूपमा लिइएको छ।

भारतीय सञ्चारमाध्यमहरूले जनाए अनुसार भ्रमणको मुख्य उद्देश्य रास्वपा र भाजपाबीच औपचारिक राजनीतिक संवाद सुरु गर्नु, संगठन सञ्चालनसम्बन्धी अनुभव आदान-प्रदान गर्नु तथा नेपाल-भारत सम्बन्धलाई थप सुदृढ बनाउने रहेको छ।

समाचारअनुसार लामिछाने नेतृत्वको प्रतिनिधिमण्डललाई जुन २ मा नयाँदिल्लीस्थित भाजपा मुख्यालयमा स्वागत गर्ने कार्यक्रम तय गरिएको छ। सो क्रममा भाजपा अध्यक्ष नितिन नवीनसँग विशेष भेटवार्ता हुने बताइएको छ।

भाजपाका विदेश विभाग प्रमुख विजय चौथाईवालेको भनाइ उद्धृत गर्दै भारतीय सञ्चारमाध्यमहरूले नेपालमा सत्तारुढ दलका रूपमा रहेको रास्वपा र भाजपाको शीर्ष नेतृत्वबीच हुने यो पहिलो औपचारिक भेटघाट भएको उल्लेख गरेका छन्।

सो भेटवार्तामा दल-दलबीचको सम्बन्ध, लोकतान्त्रिक अभ्यास, संगठन निर्माण, जनसम्पर्क अभियान तथा द्विपक्षीय सहकार्यका सम्भावित क्षेत्रबारे विस्तृत छलफल हुने अपेक्षा गरिएको छ।

भ्रमणका क्रममा भारतका विदेशमन्त्री डा. एस. जयशंकरसँग पनि लामिछानेको भेटवार्ता हुने बताइएको छ। नेपालमा सत्ता नेतृत्वको जिम्मेवारी सम्हालेपछि यी दुई नेताबीचको यो पहिलो भेट हुनेछ।

यस अवसरमा लामिछानेको सम्मानमा विशेष रात्रिभोजको समेत आयोजना गरिने बताइएको छ। भारतीय सञ्चारमाध्यमहरूले जुन ३ मा भारतका प्रधानमन्त्री नरेन्द्र मोदी र रास्वपा सभापति लामिछानेबीच भेटवार्ताको समय तय गरिएको दाबी गरिए पनि आधिकारिक विवरण अहिलेसम्म सार्वजनिक गरिएको छैन।

रास्वपाले जनाए अनुसार नयाँदिल्लीमा हुने राजनीतिक तथा कूटनीतिक भेटघाटका अतिरिक्त लामिछानेले भारतमा बसोबास गरिरहेका नेपाली समुदाय, पार्टी समर्थक तथा शुभेच्छुकहरूसँग पनि अन्तरक्रिया गर्ने कार्यक्रम रहेको छ।

भारतीय पक्षले समेत यस भ्रमणलाई दुई राजनीतिक दलबीच रचनात्मक संवादको नयाँ सुरुआतका रूपमा स्वागत गरेको छ।

### संघीय सरकारसितको मोह भंग

## कमला नदीको पुल निर्माणका लागि मधेश प्रदेश अगाडि प्रदर्शन

**टुडे समाचारदाता**

जनकपुरधाम। धनुषा र सिरहा जिल्लालाइ हुलाकी सडक अन्तर्गतको कमला नदीमा संघीय सरकारले पुल निर्माणका लागि पर्याप्त बजेट विनियोजन गर्ने विश्वास लिएका नागरिकहरुले त्यहाँबाट निराश भएपछि मधेश प्रदेश अगाडि सोमबार प्रदर्शन गरेका छन्। संघीय सरकारप्रतिको उनीहरुको मोह भंग भएको छ।




राष्ट्रिय स्वतन्त्र पार्टी(रास्वपा)का कयौं सांसद, केन्द्रीय नेता र मन्त्रीहरुले कयौं पटक क्षतिग्रस्त कमला पुलको निरीक्षण गरी निर्माणको लागि प्रयाप्त बजेट विनियोजन गराउने विश्वास दिलाएका थिए। तर संघीय सरकारको बजेटमा कमला नदीको नाम नै उल्लेख छैन।

हुलाकी सडक अन्तर्गत धनुषा र महोत्तरी जिल्ला जोड्ने कमला पुल निर्माणका लागि धनुषा र सिरहा जिल्लाका अगुवा, नेताहरुले हरेक वर्ष बजेट माग्ने, प्रदर्शन गर्ने, धर्ना दिने लगायतका कार्यहरु गर्दै आएका छन्। तर १५ वर्ष पूर्व निर्माण शुरु भएको सो पुल हालसम्म सञ्चालनमा आउन सकेको छैन।

पुलको कमजोर निर्माण र प्राविधिक त्रुटिको कारण पुल निर्माण भए लगत्तै भासिएको थियो। त्यसपछि कमला नदीको पुल सञ्चालनमा आउन सकेको छैन।

गत वर्ष मधेश प्रदेश सरकारले कमला पुल निर्माणको सम्झौता गरेको थियो। तर हाल सम्म त्यो कार्यान्वयनमा आउन सकेको छैन।

मधेश प्रदेश सरकारको नीति तथा कार्यक्रममाथि सोमबारदेखि शुरु भएको छलफलमा भागलिदै एमालेका सांसद दीपेन्द्र ठाकुरले कमला नदीको पुल निर्माणका लागि ठोस पहल गर्न सरकारको ध्यानाकर्षण गराए।

'कमला नदी पुलको लागि प्रदेश सरकारले गरेको सम्झौताको कार्यान्वयन गर्नुपर्छ' उनले भने, अलपत्र कमला पुल मधेश प्रदेशको जिल्लाहरु जोड्ने सडकको बाधक बनेको छ। बजेट माग्दै स्थानीयवासी प्रदर्शनमा उत्रिएका छन्।

हुलाकी-कमला संघर्ष समितिका संयोजक इञ्जिनियर प्रविणकुमार यादवले कमला पुल निर्माणका विषयमा प्रदेश सरकारबाट गैरजिम्मेवार अभिव्यक्ति आएको भन्दै आन्दोलन गर्न परेको बताएका छन्।

'सधैं संघीय सरकारको मुख ताकेर बस्दा मधेश प्रदेशको अस्तित्व नै हराउन थालेको छ' उनले भने, मधेशको 'लाईफलाइन' मानिएको हुलाकी राजमार्ग संघीय सरकारको प्राथमिकतामा कहिलै परेन्।

२०१५ सालमा तत्कालिन बीपी कोइराला नेतृत्वको सरकारले हुलाकी राजमार्ग निर्माणको घोषणा गरी काम बढाएको थियो। तर २०१७ सालमा सो सरकार अपदस्थ भएपछि तत्कालीन राजा महेन्द्रले हुलाकी राजमार्गको विकल्पमा हालको पूर्व-पश्चिम राजमार्ग बनाएका हुन्।

मधेश प्रदेशसभा अगाडि आन्दोलनकारीहरूले 'लाज लाग्दैन, नयाँ कमला पुल कहिले शुरु हुन्छ ?' भन्दै प्रदर्शन गरे। उनीहरुले विभिन्न नाराहरु लेखिएका प्ले कार्डहरु बोकेका थिए।

प्रदर्शनमा 'कहिलेसम्म संघ सरकारको मुख हेरेर बस्ने ?', 'प्रदेश सरकार हो कि संघ सरकारको शाखा ?' जस्ता नारा लेखिएको ब्यानर राखिएको थियो।

संघीय सरकारले सार्वजनिक गरेको आगामी आर्थिक वर्षको बजेटमा हुलाकी सडक अन्तर्गतका आठ वटा पुल निर्माणका लागि ४ अर्ब रुपैयाँ विनियोजन गरेको छ। तर, पुनर्निर्माणको चरणमा रहेको कमला पुललाई समावेश गरिएको छैन। सिरहा जिल्लाबाट रास्वपाका निर्वाचित सांसदहरुले सो बजेटमा कमला पुलपनि समेटिएको दाबी गर्दै समाजिक सञ्जालमा लेखेका छन्। तर धनुषा र सिरहाका अगुवाहरुले त्यसलाई भ्रामक भन्दै आन्दोलनमा उत्रिएका छन्।

कमला पुल निर्माणका लागि अगुवाइ गरिरहेका सामाजिक अभियन्ताहरुले आगामी आर्थिक वर्षको आउने प्रदेश बजेटमा समावेश गर्न माग गरेका छन्। 'कमला पुलको पुनर्निर्माणका लागि प्रदेश सरकारले बजेट बिनियोजन गर्नुपर्छ' उनीहरुले भने, एक वर्षमा नै निर्माण हुन नसके बहुवर्षिय योजना अन्तरगत राखेर दुई तीन वर्ष भित्र पुरा हुने गरी बजेट विनियोजन गर्नुपछै।

सरकारले पुल निर्माणलाई बजेट नदिए चरणबद्ध रुपमा आन्दोलनलाई सशक्त बनाउँदै लगिने प्रदर्शनकारीहरुले धम्की दिएका छन्। कमलानदी पुललाई संघीय सरकारले उपेक्षा गरेसँगै धनुषा र सिरहाका प्रतिनिधि सभा सदस्यहरुलाई समस्या परेको छ। चुनावमा उनीहरुले कमला पुल निर्माणलाई प्रमुख मुद्दा बनाएका थिए।चुनावको क्रममा कयौं मन्त्री र नेताहरुले कमला पुलको निरीक्षण गरेका थिए।

१५ वर्षअघि निर्माण शुरु भएको कमला पुल २०७८ मा पुरा भएको थियो। तर पुल उद्घाटनको अघिल्लो राति त्यहीँ वर्ष आएको ठूलो बाढीले पुललाई क्षति पुऱ्याएदेखि हाल सम्म पुनर्निर्माण हुनसकेको छैन।

### नीति तथा कार्यक्रममाथि छलफल शुरु

## प्रदेश प्रहरी समायोजनदेखि अस्पताल स्तरोन्नति, किसान कार्डसम्म समेट्नुपर्ने सुझाव

**टुडे समाचारदाता**

जनकपुरधाम। मधेश प्रदेश सरकारले आगामी आर्थिक वर्ष २०८३/०८४ का लागि प्रस्तुत गरेको नीति तथा कार्यक्रममाथि प्रदेश सभामा विस्तृत छलफल शुरु भएको छ। सोमबार बसेको प्रदेश सभा बैठकमा सत्ता पक्ष तथा प्रतिपक्षका सांसदहरूले नीति तथा कार्यक्रमका विभिन्न पक्षबारे आफ्नो धारणा राख्दै संशोधनका बुँदासहित सुझाव प्रस्तुत गरेका छन्।




अधिकांश सांसदहरूले सरकारले महत्वपूर्ण विषय समेट्ने प्रयास गरे पनि प्रदेशका दीर्घकालीन समस्या, अधुरा योजना तथा नागरिकका प्रत्यक्ष सरोकारका विषय पर्याप्त रूपमा समेट्न नसकेकाले त्यसलाई समेटनुपर्ने सुझावसहित संशोधन प्रस्ताव राखेका छन्।

प्रमुख प्रतिपक्षी दल जनता समाजवादी पार्टी (जसपा) नेपालका सांसद तथा पूर्वमुख्यमन्त्री लालबाबु राउतले नीति तथा कार्यक्रमको समीक्षा गर्दै यसमा धेरै विषय समेट्ने प्रयास गरिएको देखिए पनि ठोस प्राथमिकता र स्पष्ट कार्ययोजनाको अभाव रहेको बताए। उनले नीति तथा कार्यक्रम हेर्दा केही नदेखिए पनि बुझ्दा सबै कुरा समेट्न खोजिएको जस्तो अनुभूति हुने टिप्पणी गरे।

राउतले विगतदेखि नै मधेश प्रदेश सरकारले उठाउँदै आएको प्रदेश प्रहरी प्रशासनलाई प्रदेश सरकार मातहतमा ल्याउने विषय नीति तथा कार्यक्रममा उल्लेख नभएको बताए। साथै प्रदेश सरकारको स्वामित्वमा रहने प्रशासनिक संरचना निर्माण, जनकपुरधाम बाहिरबाट आउने प्रदेश सभा सदस्यहरूका लागि आवास निर्माणजस्ता विषयसमेत छुटाइएको उनको भनाइ थियो।

उनले शिक्षा, स्वास्थ्य, कृषि र पर्यटन क्षेत्रलाई नीति तथा कार्यक्रममा समेटिए पनि प्रदेशका जिर्ण र दयनीय अवस्थामा रहेका अस्पतालहरूको स्तरोन्नति, सुधार तथा विस्तारका विषयमा कुनै स्पष्ट कार्यक्रम नराखिएको बताए। आफ्नो कार्यकालमा बारामा निर्माण प्रक्रिया अगाडि बढाइएको सरुवा रोग अस्पतालबारे समेत कुनै उल्लेख नगरिएको भन्दै उनले त्यसप्रति असन्तुष्टि व्यक्त गरे।

जसपा नेपालकै अर्का सांसद अनिरुद्ध कुमार सिंहले कृषि क्षेत्रलाई प्राथमिकता दिइएको उल्लेख भए पनि उखु किसानका मुख्य समस्यालाई सम्बोधन नगरिएको बताए। उनले वीरगञ्ज चिनी मिल सञ्चालन गर्ने योजना, किसानहरूले उत्पादन गरेको उखुको भुक्तानी नपाउने समस्या तथा त्यसको दीर्घकालीन समाधानबारे नीति तथा कार्यक्रम मौन रहेको टिप्पणी गरे। शिक्षा क्षेत्रतर्फ गुणस्तरीय शिक्षा, विद्यालय पूर्वाधार विकास तथा रिक्त शिक्षक पदपूर्तिको स्पष्ट खाका प्रस्तुत नभएको उनको भनाइ थियो।

सत्तारुढ नेपाली कम्युनिष्ट पार्टी(नेकपा) का सांसद प्रमोद कुमार यादवले नीति तथा कार्यक्रममा प्रादेशिक सडक निर्माणलाई महत्व दिइएको सकारात्मक पक्ष भएको बताए। तर वर्षौंदेखि निर्माण सम्पन्न हुन नसकेको कमला पुलजस्तो महत्वपूर्ण पूर्वाधार आयोजनाबारे कुनै उल्लेख नगरिनु दुःखद भएको उनको धारणा थियो। उनले प्रदेशको विकासका लागि अधुरा रहेका यस्ता योजनाहरूलाई विशेष प्राथमिकता दिनुपर्ने बताए।

सत्तारुढ नेकपा एमालेका सांसद प्रमोद जयसवालले नीति तथा कार्यक्रममा केही नयाँ योजनाहरू समावेश गरिए पनि बहुवर्षीय तथा प्रदेश गौरवका अधुरा आयोजनाहरू सम्पन्न गर्ने स्पष्ट रणनीति नरहेको बताए। उनले यस्ता योजनाको अवस्था, स्रोत व्यवस्थापन र सम्पन्न गर्ने समयसीमा उल्लेख गरिनुपर्नेमा जोड दिए।

जयसवालले नागरिक तथा आवास सुरक्षा बीमा योजनाको थप विस्तार गर्नुपर्ने आवश्यकता औंल्याउँदै पर्यटन क्षेत्रका सम्भावनाशील धार्मिक तथा सांस्कृतिक गन्तव्यहरूलाई पनि प्राथमिकतामा राख्नुपर्ने बताए। उनले पर्सास्थित पारसनाथ र भाथाधाम तथा महोत्तरीको टुटेश्वर धामजस्ता महत्वपूर्ण धार्मिक स्थलहरूको विकास तथा प्रवर्द्धनका विषयमा समेत नीति तथा कार्यक्रममा समावेश गरिनुपर्ने माग गरे।

एमालेकै सांसद राजकुमार लेखीले संघीयता कार्यान्वयनलाई थप प्रभावकारी बनाउने विषयमा प्रदेश सरकारले कुनै ठोस कार्यक्रम अघि सारेको नदेखिएको गुनासो गरे। उनले संघीय व्यवस्थाको सुदृढीकरणका लागि प्रदेश सरकारको भूमिका स्पष्ट हुनुपर्नेमा जोड दिए। साथै प्रदेशका अस्पतालहरूको जीर्ण अवस्था सुधार, सेवा विस्तार र स्तरोन्नतिका कार्यक्रमलाई प्राथमिकताका साथ समेट्नुपर्ने माग पनि गरे।

सत्तारुढ दल एमालेका सांसद दीपेन्द्र ठाकुरले पुराना सवारी साधनहरूको कर मिनाहा गरी नामसारी सहज बनाउने व्यवस्था नीति तथा कार्यक्रममा समावेश गर्नुपर्ने सुझाव दिए। उनले मधेश प्रदेशको गौरवको आयोजनाका रूपमा हेरिएको श्रीराम जानकी अन्तर्राष्ट्रिय रंगशाला निर्माणलाई पनि प्राथमिकताका साथ नीति तथा कार्यक्रममा समेट्नुपर्ने आवश्यकता औंल्याए।

प्रतिपक्षी दल जनमत पार्टीका सांसद संजय साहले कृषि क्षेत्रलाई प्राथमिकताका साथ प्रस्तुत गरिए पनि किसानहरूको पहिचान र सुविधा सुनिश्चित गर्ने किसान कार्ड कार्यक्रमबारे कुनै उल्लेख नभएको बताए।उनलेकृषिआधुनिकीकरणसँगै किसानमैत्री कार्यक्रमहरूलाई स्पष्ट रूपमा समेटनुपर्ने धारणा राखे।

पर्यटन तथा सांस्कृतिक क्षेत्रबारे बोल्दै साहले मिथिलाको ऐतिहासिक, दार्शनिक तथा बौद्धिक विरासतलाई प्रवर्द्धन गर्ने ठोस कार्यक्रमको अभाव रहेको बताए। उनले याज्ञवल्क्य, मैत्रेयी र गार्गीजस्ता विद्वान तथा विदुषीहरूको योगदानलाई अन्तर ीष्ट्रिय स्तरमा प्रचार-प्रसार गर्न आवश्यक रहेको उल्लेख गरे। साथै मिथिला संस्कृतिको संरक्षण, विकास र विश्वव्यापी प्रवर्द्धनका लागि अन्तर्राष्ट्रिय सांस्कृतिक केन्द्र स्थापना गर्ने विषय नीति तथा कार्यक्रममा समेटिनुपर्ने माग गरे।

प्रदेश सभामा जारी छलफलका क्रममा अधिकांश सांसदहरूले नीति तथा कार्यक्रमलाई थप व्यावहारिक, परिणाममुखी र जनअपेक्षाअनुसार परिमार्जन गर्नुपर्नेमा जोड दिएका छन्। स्वास्थ्य, शिक्षा, कृषि, पर्यटन, पूर्वाधार विकास, संघीयता कार्यान्वयन तथा सांस्कृतिक संरक्षणजस्ता क्षेत्रका उठाइएका सुझावहरूलाई समेट्दै सरकारले आगामी बजेट तथा कार्यक्रमलाई थप प्रभावकारी बनाउने अपेक्षा प्रदेश सभा सदस्यहरूले व्यक्त गरेका छन्।



# वीरगञ्ज हुँदै चार अर्ब दुई करोड मूल्यका विद्युतीय सवारीसाधन आयात



वीरगञ्ज । चालु आर्थिक वर्षको १० महिनामा वीरगञ्ज हुँदै चार अर्ब दुई करोड मूल्यभन्दा बढीका विद्युतीय सवारीसाधन आयात भएका छन् ।

गत आर्थिक वर्षको १० महिनाको तुलनामा चालु आवमा मूल्यको आधारमा विद्युतीय सवारीसाधनको आयात दुई अर्ब ३७ करोड अर्थात् १४३ दशमलव ६० प्रतिशतले वृद्धि भएको छ । वीरगञ्ज भन्सार कार्यालयका सूचना अधिकारी उदयसिंह विष्टले वीरगञ्ज नाका हुँदै चालु आवमा १५ हजार २७१ वटा विभिन्न थरिका विद्युतीय सवारीसाधनको आयात गरिएको र सोबाट प्राप्त हुने राजस्वमा उल्लेखनीय वृद्धि भएको बताउनुभयो ।

गत आवको १० महिनामा यो नाका हुँदै एक अर्ब ६५ करोड मूल्य पर्ने नौ हजार ४२ वटा विभिन्न विद्युतीय सवारीसाधन आयात गरिएका थिए । त्यसवापत रु ८१ करोड ४७ लाख राजस्व सङ्कलन भएको थियो ।

चालु आवको १० महिनामा रु एक अर्ब ८७ करोड मूल्य पर्ने ५१ किलोवाटदेखि १०० किलोवाटसम्मका ६५७ वटा विद्युतीय कार, जीप र भ्यान आयात भएका छन् । त्यसवापत रु एक अर्ब १९ करोड राजस्व संकलन भएको छ । जबकी गत आवको १० महिनामा भने रु दुई करोड छ लाख मूल्य पर्ने छ वटा ५१ किलोवाटदेखि १०० किलोवाट क्षमताका विद्युतीय जीप, कार र भ्यानको आयात भएको थियो ।

यस्तै, चालु आवको १० महिनामा एक अर्ब १७ करोड मूल्य पर्ने आठ हजार ८६७ वटा विद्युतीय मोटरसाइकल तथा स्कुटर आयात हुँदा ३८ करोड ५५ लाख राजस्व संकलन भएको छ । गत आवको सोही अवधिमा चार हजार ८३४ वटा विद्युतीय मोटरसाइकल र स्कुटर आयात भएका थिए । ती सवारीसाधनको आयातबाट मात्रै रु २० करोड १५ लाख राजस्व संकलन भएको थियो ।

यो नाका हुँदै चालु आवको १० महिनामा रु ३१ अर्ब ३१ करोड मूल्य पर्ने इन्धन र विद्युत्बाट चल्ने सवार ीसाधन तथा पार्टपुर्जा भित्रिएका सूचना अधिकारी विष्टले जानकारी दिनुभयो ।

गत आवको १० महिनाको तुलनामा चालु आवको सोही अवधिमा मूल्यको आधारमा सवार ीसाधन र पार्टपुर्जाको आयात नौ अर्ब ६५ करोड अर्थात् ४४ दशमलव ५८ प्रतिशतले बढेको छ । चालु आवको १० महिनामा वीरगञ्ज हुँदै रु एक अर्ब २५ करोड मूल्य पर्ने छ सय २८ वटा जीप, कार र भ्यानको आयात भएको छ । त्यसवापत कार्यालयले रु तीन अर्ब १७ करोड राजस्व सङ्कलन गरेको छ । जबकी गत आवको सोही अवधिमा एक अर्ब ८१ करोड मूल्य पर्ने आठ सय ५५ वटा जीप, कार र भ्यानको आयात भएका थिए ।

यस्तै, चालु आवको १० महिनामा रु सात अर्ब ३२ करोड मूल्य पर्ने ५१ हजार ४२३ वटा मोटरसाइकल (अन एसेम्बल्ड) आयात भएका छन् । त्यसवापत रु सात अर्ब नौ करोड राजस्व सङ्कलन भएको छ । गत आवको सोही अवधिमा रु पाँच अर्ब २१ करोड मूल्यका यस्ता मोटरसाइकल आयात भएका थिए । रासस

> वीरगञ्ज भन्सार कार्यालयका सूचना अधिकारी उदयसिंह विष्टले वीरगञ्ज नाका हुँदै चालु आवमा १५ हजार २७१ वटा विभिन्न थरिका विद्युतीय सवारीसाधनको आयात गरिएको र सोबाट प्राप्त हुने राजस्वमा उल्लेखनीय वृद्धि भएको बताउनुभयो ।

# आगामी वर्ष दश प्रसारण लाइन निर्माण सम्पन्न गरिने

काठमाण्डु । आगामी आर्थिक वर्षका लागि ऊर्जा उत्पादन, प्रसारण तथा वितरण पूर्वाधारका लागि सरकारले रु ८५ अर्ब ५४ करोड विनियोजन गरेको छ । जसमध्ये निर्माणाधीन प्रसारण लाइन तथा सबस्टेसन निर्माण सम्पन्न गर्न मात्रै रु ७० अर्ब विनियोजन भएको ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयले जनाएको छ ।

आर्थिक वर्ष २०८३/८४ को बजेटमार्फत ऊर्जा क्षेत्रलाई रणनीतिक महत्व दिँदै उत्पादनदेखि व्यापारसम्म निजी क्षेत्रलाई आकर्षित गर्ने उद्देश्यले उक्त रकम विनियोजन गरिएको अर्थमन्त्री डा स्वर्णिम वाग्लेले आइतबार आयोजित पत्रकार सम्मेलनमा जानकारी दिनुभएको हो ।



सरकारले आगामी एक वर्षभित्र कम्तीमा १० प्रसारण लाइन निर्माण सम्पन्न गर्ने लक्ष्य लिएको छ । विवरणअनुसार सरकारले हेटौँडा-ढल्केवर-इनरुवा ४०० केभी प्रसारण लाइन चालु आर्थिक वर्षभित्र सम्पन्न गर्ने घोषणा गरेको छ । साथै, नयाँ खिम्ती-बाह्रबिसे-काठमाडौँ प्रसारण लाइन निर्माण सम्पन्न गर्ने लक्ष्य छ ।

हेटौँडा-ढल्केबर प्रसारण लाइन निर्माण सुरु भएको लामो समय भए पनि स्थानीयको अवरोध, वन क्षेत्रको जग्गा प्रयोगमा देखिएको जटिलता, रूख कटानलगायत समस्या समाधानका लागि पछिल्लो पटक ऊर्जामन्त्री बिराज भक्त श्रेष्ठले पहल गर्नुभएको थियो ।

विवरणअनुसार लालबन्दी-नवलपुर-सलिमपुर १३२, कुशाहा-विराटनगर १३२, नेपालगन्ज-नानपारा १३२ केभी प्रसारण लाइन पनि सम्पन्न गर्ने सूचीमा राखिएको छ ।

मन्त्रालयले तय गरेको सूचीअनुसार, कुश्मा-तल्लो मोदी-नयाँ मोदी १३२ केभी प्रसारण लाइन, कालीगण्डकी-रिडी १३२ केभी प्रसारण लाइन पनि एक वर्षभित्रै निर्माण सम्पन्न गर्ने उद्देश्य छ ।

कोहलपुर- दैलेख-सुर्खेत १३२ केभी प्रसारण लाइन निर्माण भइसकेको छ । यस्तै, तुम्लिङटार-शीतलपाटी २२०, ढल्केबार-बालगङ्गा १३२, भूमई-हाकुई १३२, केभी प्रसारण लाइन र नेपाल-भारत विद्युत् प्रसारण लाइन एक वर्षभित्र निर्माण सम्पन्न गर्ने लक्ष्य राखिएको छ ।

सरकारले बजेटमा हेटौँडा-रातमाटे-लप्सीफेदी-न्यू दमौली-न्यू बुटवल ४०० केभी प्रसारण लाइन निर्माणलाई तीव्रता दिने लक्ष्य राखेको छ । अन्तरदेशीय विद्युत् व्यापार विस्तारका लागि बुटवल-गोरखपुर र इनरुवा-पूर्णिया प्रसारण लाइन प्राथमिकतामा छ । ढल्केवर-मुजफरपुर-सीतामढी, लम्की-दोधारा-बरेली, लमही-लखनऊ, निजगढ-मोतिहारी तथा चिलिमे हब-केरुङ प्रसारण लाइनको अध्ययन सम्पन्न गरी निर्माण प्रक्रिया अघि बढाउने योजना अगाडि सारिएको छ ।

त्यसैगरी, कर्णाली कोरिडोर राष्ट्रिय प्रसारण लाइनलाई तीव्रता दिने तथा राष्ट्रिय ग्रिड नपुगेका कर्णालीका स्थानीय तहमा विद्युतीकरण विस्तार गर्ने घोषणा भएको छ । विभिन्न जलविद्युत आयोजनाबाट उत्पादित विद्युत खेर जान नदिन तथा विद्युत्को माग आपूर्तिको व्यवस्थापन गर्न रणनीतिक रुपमा महत्वपूर्ण मानिएका एक दर्जन विद्युत् प्रसारण लाइनको निर्माण सम्पन्न गर्ने लक्ष्य राखिएको छ ।

स्वच्छ ऊर्जामा आधारित उद्योग प्रवर्द्धन, विद्युतीय सवारीसाधन उत्पादन, चार्जिङ स्टेशन विस्तार तथा ब्याट्री व्यवस्थापनका लागि कर तथा पूर्वाधार प्रोत्साहनको नीति पनि बजेटमा समेटिएको छ ।

स्वतन्त्र ऊर्जा उत्पादकको संस्था (इपान) नेपालका उपाध्यक्ष उत्तम भ्लोन लामाका अनुसार सरकारले वजेटमार्फत गरेको घोषणा स्वागतयोग्य रहेका बताउनुभयो । रासस

## देशका विभिन्न भूभागमा मौसम बदली र केही स्थानमा वर्षाको सम्भावना

काठमाण्डु । सोमबार देशका विभिन्न भूभागको मौसम सामान्यतया बदली रहने छ ।

जल तथा मौसम विज्ञान विभाग मौसम पूर्वानुमान महाशाखाका अनुसार आज दिउँसो देशको हिमाली र पहाडी भू-भागमा साधारणतया बादल लाग्नेछ भने तराई भू-भागमा आंशिक बादल लाग्नेछ ।

यस्तै, कर्णाली र सुदूरपश्चिमलगायत कोशी, बागमती र गण्डकी प्रदेशका हिमाली र पहाडी भू-भागका थोरै स्थान तथा कोशी र लुम्बिनी प्रदेशका तराई भू-भागका एक-दुई स्थानमा मेघगर्जन/चट्याङसहित मध्यमसम्मको वर्षा/हिमपातको सम्भावना रहेको छ ।

सोमबार राति देशको हिमाली भू-भागमा साधारणतया, पहाडी भू-भागमा आंशिक बादल लाग्ने र



तराई भू-भागमा मुख्यतया सफा रहने महाशाखाले जनाएको छ ।

यसैगरी सुदूरपश्चिम र कर्णाली प्रदेशका हिमाली र पहाडी भू-भागलगायत कोशी, बागमती, गण्डकी र लुम्बिनी प्रदेशको हिमाली भूभागका एकदुई स्थानमा हल्का वर्षा/हिमपातको सम्भावना रहेको छ । रासस

## साताव्यापी खोज अभियानः खैरो हेरोइनसहित ११ जना पक्राउ



काठमाण्डु । काठमाण्डुमा प्रहरीको साताव्यापी अपराधी खोजतलास अभियानबाट लागुऔषध खैरो हेरोइनसहित ११ जनालाई पक्राउ गरिएको छ ।

लागुऔषध नियन्त्रण ब्यूरो कोटेश्वर, काठमाण्डुका प्रवक्ता एवं प्रहरी उपरीक्षक दुर्गाराज रेग्मीले काठमाडौँका विभिन्न स्थानमा यही जेठ १२ गतेदेखि १७ गतेसम्म गरिएको खोजी अभियानका क्रममा ११ जनालाई पक्राउ गरिएको जानकारी दिनुभयो ।

जिल्लाका विभिन्न स्थानबाट लागुऔषध कारोबारमा संलग्न र सक्रिय रहेको भन्ने सूचनाका आधारमा ब्यूरोले टोली खटाएको थियो । सो क्रममा निजहरूबाट १०१ ग्राम लागुऔषध बरामद भएकाले सो विषयमा थप अनुसन्धान भइरहेको प्रहरी उपरीक्षक रेग्मीले जानकारी दिनुभयो ।

ब्यूरोले आज सार्वजनिक गरेको विवरण अनुसार पक्राउ पर्नेमा कैलाली, घोडाघोडी बस्ने ३२ वर्षीय दीपाकुमारी विष्ट, महोत्तरी, एकडरा-४ का २६ वर्षीय अमरकुमार साह, चितवन, भरतपुर महानगरपालिका-१७ का ३६ वर्षीय सुनिल लामा, इलाम, चुलाचुली गाउँपालिका-४ का ३५ वर्षीया सङ्गिता बास्कोटा, काठमाडौँ महानगरपालिका-२६ का ३७ वर्षीय प्रशान्त राना मगर र नुवाकोट, शिवपुरी गाउँपालिका-२ का ३३ वर्षीय पेम्बा लामा रहेका रेग्मीले जानकारी दिनुभयो ।

उहाँका अनुसार चितवन, भरतपुर महानगरपालिका-७ का ३८ वर्षीय जीवनकुमार लामा, नवलपरासी (पूर्व), कावासोती नगरपालिका-२ का २९ वर्षीय सरोज गुरुङ, भारतको दरभङ्गा जिल्ला, फिर्मा पञ्चायत, कचुवा-२ ठेगाना भएका २६ वर्षीय आकाश सिंह, सुनसरीको धरान उपमहानगरपालिका-१७ की २० वर्षीया जिया राई र मकवानपुर, थाहा नगरपालिका-९ ठेगाना भएकी २० वर्षीया स्वस्तिका तामाङलाई पनि पक्राउ गरिएको छ ।रासस

## नेपाली मूलका मानिसलाई फरक ढङ्ले समेट्नुपर्छः सभामुख अर्याल



काठमाण्डु । सभामुख डोलप्रसाद (डिपी) अर्यालले विश्वका जुनसुकै देशमा छरिएर रहेका भए पनि नेपाली मूलका मानिसलाई नेपालले फरक एवं फराकिलो ढङ्गले समेट्नुपर्ने बताउनुभएको छ ।

नेपाली मूलका नागरिकको छाता संस्था एसोसिएशन अफ नेपाली ओरिजिन (एएनओ)को प्रतिनिधिमण्डलसँग आज सिंहदरबारस्थित आफ्नो कार्यकक्षमा भेट्दै सभामुख अर्यालले नेपाली मूलका मानिसलाई सम्बोधन गर्नेगरी नेपालको राष्ट्रिय हित अनुकूलको कानुन बनाएर अघि बढ्नुपर्ने जानकारी दिनुभयो ।

भेटका अवसरमा एएनओका उपाध्यक्ष एवं वरिष्ठ अधिवक्ता सुशीलकुमार पन्तले जतिसुकै पुस्ता भए पनि नेपाली मूलका मानिसलाई सांस्कृतिक रूपमा नेपालसँग जोड्ने र जहाँ बसे पनि नेपालीपनको संरक्षण गर्न सक्ने वातावरण बनाउन एएनओ क्रियाशील रहेको बताउनुभयो ।

हाल छलफलमा रहेको गैरआवासीय नेपालीसम्बन्धी ऐनको मस्यौदामा उल्लिखित नेपाली उत्पत्तिका व्यक्तिको परिभाषालगायत विषयमा आफ्नो संस्थाका तर्फबाट पेस गरिएका सुझावलाई समेट्न उहाँले माग गर्नुभयो ।

त्यस अवसरमा प्रतिनिधिमण्डलले एएनओका तर्फबाट तयार पारिएको स्मरणपत्र सभामुख अर्याललाई पनि हस्तान्तरण गरेको थियो । स्मरणपत्रमा ऐनको मस्यौदामा भएका कतिपय बुँदा असान्दर्भिक, अव्यावहारिक र पुस्तौँदेखि विदेशमा रहेका नेपालीलाई नेपालसँग जोड्न अपर्याप्त रहेको भन्दै यस्ता प्रावधानहरु खारेज गर्न माग गरिएको छ ।

आजै सो प्रतिनिधिमण्डलले परराष्ट्र सचिव अमृत राईसँग पनि भेट गरी उक्त ऐनमा समेट्नका लागि एएनओका तर्फबाट तयार गरिएको सुझावपत्र प्रस्तुतथ गरेको थियो । रासस

# जनकपुरधाममा होटल पौवाको १९ औं शाखा

टुडे समाचारदाता

जनकपुरधाम । नेपालकै प्रख्यात तथा राष्ट्रिय ब्राण्डको रुपमा स्थापित होटल पौवाको १९ औं शाखा जनकपुरधाममा सञ्चालनमा आएको छ ।

होटलका व्यवस्थापकले सोमवार एक पत्रकार सम्मेलन आयोजना गरी होटलको विशेषता बारे जानकारी गराउँदै जेठ २२ गतेदेखि विधिवत रुपमा संचालनमा हुने जानकारी गराएका छन् । उद्घाटनको अवसरमा तीन दिनसम्म 'बृहत् खाना प्रवर्द्धन कार्यक्रम' आयोजना गरिने भएको छ ।

मिथिला सभ्यता, संस्कृति तथा धार्मिक आस्थाको केन्द्र रहेको जनकपुरधाममा चारतारे स्तरको सुविधा सम्पन्न होटल सञ्चालनमा आएपछि यहाँ आउने पर्यटकको आतिथ्यमा नयाँ आयाम थपिने विश्वास संचालक पक्षले व्यक्त गरेका छन् ।




उद्घटनको अवसरमा होटल पौवाका विभिन्न शाखामा कार्यरत अनुभवी सेफहरूले नेपाली तथा अन्तर्राष्ट्रिय परिकार हरूको विशेष प्रदर्शनी तथा स्वाद परीक्षण कार्यक्रम सञ्चालन गरिने होटल पौवाका अध्यक्ष दुर्गाप्रसाद भण्डारीले जानकारी दिए ।

शतक अभियान अर्थात नेपालमा एक सय होटल संचालनमा ल्याउने अभियानका साथ अघि बढेका होटल पौवा जनकपुरधाममा शाखा विस्तार व्यावसायिक लगानी मात्र नभई धार्मिक तथा सांस्कृतिक पर्यटन प्रवर्द्धनमा जोड लिने लक्ष्य रहेको उनले बताए ।

उनका अनुसार होटलमा ६२ वटा सुविधा सम्पन्न कोठाहरू रहेका छन् । स्विमिङ पुल, जिम, साउना, स्टिम, स्पा, आधुनिक रेस्टुरेन्ट तथा राष्ट्रिय र अन्तर ाष्ट्रियस्तरका सेमिनार तथा सम्मेलन आयोजना गर्न सकिने हलहरू सञ्चालनमा आइसकेका छन् ।

उपाध्यक्ष ध्रुव न्यौपानेले होटल पौवाले जनकपुरधामलाई एउटा व्यावसायिक गन्तव्यका रूपमा मात्र नभई धार्मिक र सांस्कृतिक पर्यटनको केन्द्रका रूपमा हेरेको बताए । उनले पछिल्ला वर्षहरूमा जनकपुरधाम आउने आन्तरिक तथा भारतीय पर्यटकको संख्या उल्लेखनीय रूपमा बढेकाले गुणस्तरीय आवास सेवाको माग पनि तीव्र रूपमा बढेको बताए ।

'जनकपुरधाम, लुम्बिनी, पशुपतिनाथ, मुक्तिनाथलगायत धार्मिक गन्तव्यलाई जोड्ने पर्यटन सञ्जालमा होटल पौवाले विश्वसनीय आतिथ्य साझेदारको भूमिका निर्वाह गरिरहेको छ,' न्यौपानेले भने,'हामीले एउटै ब्रान्ड अन्तर्गत देशका विभिन्न स्थानमा समान स्तरको गुणस्तर, स्वच्छता र सेवा सुनिश्चित गरेका छौं । यसले पर्यटकलाई सुरक्षित र सहज अनुभव प्रदान गरिरहेको छ ।'

उनले आगामी दिनमा भारतीय धार्मिक पर्यटकलाई लक्षित गर्दै जनकपुरधाममा विशेष पर्यटन प्याकेज, सांस्कृतिक कार्यक्रम तथा स्थानीय परिकार प्रवर्द्धनका कार्यक्रम सञ्चालन गर्ने योजना रहेको जानकारी दिए ।


उनले होटल उद्योगलाई नाफामुखी व्यवसायका रूपमा मात्र नभई रोजगारी सिर्जना गर्ने, स्थानीय उत्पादनको बजार विस्तार गर्ने र पर्यटन अर्थतन्त्रलाई मजबुत बनाउने माध्यमका रूपमा हेरिनुपर्ने धारणा राखे । उनका अनुसार होटल पौवाले प्रत्यक्ष र अप्रत्यक्ष रूपमा हजारौं व्यक्तिलाई रोजगारी उपलब्ध गराउँदै आएको छ ।

हाल होटल पौवाका शाखा भैरहवा, बुटवल, गोरुसिङ्गे, भालुवाङ, लमही, घोराही, जुम्ला, तानसेन, धनगढी, पोखरा, काठमाडौं, भरतपुर, मुलकोट, कालिञ्चोकलगायत विभिन्न स्थानमा सञ्चालनमा रहेका छन् ।

**ज्योतिष-मार्गदर्शन**
प्रसिद्ध ज्योतिषगुरु ई बिबेक

| | |
|---|---|
| मेष : | ठुलो योजना छभने अलिक पर्खनुहोस् । |
| वृष : | जसरी पनि परिस्थितिसंग जुझेर अघि बढ्नु हुनेछ । |
| मिथुन : | प्रभाव जमाउने समय हो । अघिल्लो मिहिनेतबाट धन लाभ हुनेछ । |
| कर्कट : | इच्छाशक्ति बलियो बन्नेछ, प्रयास सफल हुनेछन् । |
| सिंह : | समयको सही उपयोग नगर्दा अवसर छुट्न सक्छ । |
| कन्या : | नयाँ आम्दानीको ढोका खुल्नेछ । साझेदारी लाभदायक हुनेछ । |
| तुला : | आर्थिक फाइदा नभए पनि महत्वपूर्ण जिम्मेवारी आउन सक्छ । |
| वृश्चिक : | साथीहरुको साथमा अड्किएका काम बन्नेछन् । |
| धनु : | काममा समय लाग्नेछ, यात्रा पनि हुन सक्छ । |
| मकर : | पढाइ, व्यापार र आम्दानी तीनैमा सुधार हुनेछ । |
| कुम्भः | कानूनी वा विवादास्पद मामिलामा सफलता । |
| मीनः | विद्यार्थीहरुका लागि समय अनुकूल छ। |

गुरुजीसङ जन्मकुण्डली हस्तरेखा परामर्स लागी
9812005378



## महत्वपूर्ण टेलिफोन नम्बरहरू

जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७, ९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| आँखा अस्पताल | ५२०३९७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| | | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## नेपाल रेल्वको समय तालिका

**जनकपुरधाम - जयनगर**

बिहान :- ८:३५ बजे
दिउँसो :- ११:४५ बजे
बेलुका :- १५:१५ बजे

**जयनगर - जनकपुरधाम**

बिहान :- १०:०० बजे
दिउँसो :- १३:४५ बजे
बेलुका :- १६:४५ बजे

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरतीःसाँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |

# पर्यटन क्षेत्रलाई प्राथमिकता दिन व्यवसायीहरूसँग मुख्यमन्त्रीको आग्रह



विराटनगर । कोशी प्रदेशका मुख्यमन्त्री हिक्मतकुमार कार्कीले राष्ट्रिय पुँजीको विकासका लागि पर्यटन क्षेत्रलाई प्राथमिकतामा राख्नुपर्नेमा जोड दिनुभएको छ ।

यसका साथै उहाँले उद्यमी-व्यवसायीहरूलाई पर्यटन क्षेत्रमा लगानी गर्न उहाँले आग्रह गर्नभएको छ ।

ओरिएन्टल पब्लिकेशनद्वारा प्रकाशित 'कोशीको गन्तव्य, अनुभव र सम्भावना' पुस्तकको आज यहाँ लोकार्पण गर्दै उहाँले पर्यटन प्रवर्द्धनले मुलुकको समृद्धि, रोजगारी सिर्जना र गरिबी घटाउन सघाउने बताउनुभयो ।

मुख्यमन्त्री कार्कीले पर्यटन पूर्वाधार विकासका लागि कम्तीमा १० वर्षसम्म निरन्तर रूपमा राज्यले लगानी गर्नुपर्ने आवश्यकता औँल्याउनुभयो ।

ओरिएन्टल पब्लिकेशनका प्रबन्धक हरि गौतमले कोशी क्षेत्र अवसर, सम्भावना र चुनौतीको सङ्गम भएकाले यसको समग्र विकासमा जोड दिनुपर्ने बताउनुभयो ।

पुस्तकका लेखक वासुदेव बरालले आफ्नो सिर्जना पर्यटन क्षेत्रसँग सम्बन्धित व्यक्ति तथा संस्थाका लागि उपयोगी हुने विश्वास व्यक्त गर्नुभयो ।

साहित्यकार कृष्ण साह र सीमा आवासले पुस्तकको समीक्षा गर्दै कोशी प्रदेशको पर्यटनबारे जान्न चाहनेका निम्ति पुस्तक सङ्ग्रहणीय छ भन्नुभयो । रासस

# बचत रकम फिर्ता गर्न छ हजार बढीको उजुरी

काठमाण्डु । काठमाण्डु महानगरपालिका सहकारी विभागमा रु चार अर्ब ७७ करोड ४९ लाख २३ हजार बचत रकम फिर्ता गरीदिनका लागि छ हजारभन्दा बढी बचतकर्ताले माग गरेका छन् । कामपा सहकारी विभागका अनुसार पछिल्लो समय बचत रकम फिर्ता गरीदिनका लागि अत्यधिक माग आउन थालेको हो ।




सहकारी विकागका प्रमुख धुव्रकुमार काफ्लेका अनुसार उल्लेखित बचत रकम फिर्ताका लागि गत वैशाख १७ गतेदेखि हालसम्म आएका उजुरीका आधारमा छ हजार ३०० बचतकर्ताले माग गरेका छन् । यसरी माग दाबी गर्ने बचतकर्तामा रु एक लाखदेखि रु पाँच लाखसम्मको रकम बढी रहेको उहाँले जानकारी दिनुभयो ।

प्रमुख काफ्लेले भन्नुभयो, "निवेदनका आधारमा औसतमा यसरी उजुरी दिनेमा दैनिक ५०० देखि एक हजार जम्मा गर्ने अर्थात् साना रकम जम्मा गर्ने बचतकर्ताको सङ्ख्या अत्यन्तै बढी छ ।" उहाँका अनुसार उजुरी आएकामध्ये साना बचतकर्ताको सङ्ख्या ७८ प्रतिशत छ ।

कामपाले गत सोमबार र मङ्गलबार गरी बुद्ध दर्शन सेभिङ एण्ड क्रेडिट कोअपरेटिभ लिमिटेडले ३४ जना बचतकर्ताको बचत रकम फिर्ता गरेको प्रमुख काफ्लेले जानकारी दिनुभयो । कामपा-६ मा सञ्चालित बुद्ध दर्शन सेभिङ एण्ड क्रेडिट सहकारी संस्थाले उक्त दिन रु एक लाख ५० हजारसम्म बचत गर्नेको रकम फिर्ता गरेको हो ।

सहकारीले आगामी एक महिनाभित्र रु पाँच लाखसम्म बचत गर्ने बचतकर्ताको रकम फिर्ता दिने योजना बनाएको विभागले जानकारी दिएको छ । कामपाले ठूला बचतकर्ताका हकमा सहकारी विभागसँग समन्वय गरेर ऋणीलाई पनि ताकेता गर्ने र बचतकर्ताको पनि बचत रकम फिर्ता गर्दै कार्य अघि बढाएको छ ।

सहकारी विभागले बचत फिर्ता र ऋण असुली दुवै प्रक्रियामा सहजीकरण गरिरहेको कामपा सहकारी विभागको भनाइ छ । विभागका प्रमुख काफ्लेले बचत रकम फिर्ताका लागि गरिने सहजीकरण प्रक्रियाका विषयमा भन्नुहुन्छ, "माग दाबीसहितको निवेदन लिन्छौं । संस्थाका सञ्चालक र बचत फिर्ता माग गर्नेका बीच छलफल तथा मिलापत्र गराउने प्रयास गर्छौं ।"

वडास्तरको मेलमिलापबाट नटुङ्गिएमा विभागले मिलाउन प्रयास गर्ने प्रमुख काफ्लेले बताउनुभयो । यस क्रममा संस्थाका सञ्चालक सम्पर्कमा आउन अटेर गरेमा कारबाहीका लागि सिफारिस पनि गरिने उहाँले जानकारी दिनुभयो । रासस

# स्वास्थ्यमन्त्री मेहतासँग चीनका राजदूतको भेट



काठमाण्डु । स्वास्थ्य तथा खाद्य स्वच्छतामन्त्री निशा मेहतासँग नेपालका लागि चिनियाँ राजदूत चाङ माउमिङले शिष्टाचार भेट गर्नुभएको छ । सिंहदरवार स्थित मन्त्रालयमा आज भएको भेटमा उहाँहरूबीच दुई देशबीचको घनिष्ट सम्बन्धका विषयमा छलफल भएको मन्त्रालयका सहप्रवक्ता डा समीरकुमार अधिकारीले जानकारी दिनुभयो ।

मन्त्री मेहताले चीन सरकारले नेपाललाई पुऱ्याउँदै आएको सहयोग र स्वास्थ्य क्षेत्रका विभिन्न परियोजनामा भएको सहयोगको प्रशंसा गर्नुभयो । उहाँले चीनले गरेको विकासबाट नेपालले पाठ सिकेर योजनासहित काम गर्ने बताउनुभयो ।

राजदूतले राजदूत चाङले नेपालको आर्थिक एवं सामाजिक विकासमा वर्तमान सरकारले उल्लेख्य सफलता हासिल गर्न सकोस् भनी कार्यकालको शुभकामना व्यक्त गर्नुभएको मन्त्रालयका सहप्रवक्ता डा अधिकारीले जानकारी दिनुभयो । उहाँले चीन सरकार नेपाल सरकारको प्राथमिकताका क्षेत्रमा सहयोग गर्न तयार रहेको बताउनुभयो ।

राजदूत चाङले परम्परागत चिकित्सा प्रणाली, जनस्वास्थ्य, पूर्वाधार तथा खाद्य स्वच्छताका विविध क्षेत्रमा क्षमता अभिवृद्धि एवं प्राविधिक सहयोग गर्न सकिने प्रस्ताव राख्नुभयो । भेटमा सरकारका उच्च अधिकारीको सहभागिता थियो । रासस

# सञ्चारमन्त्री र अमेरिकी उपविदेशमन्त्रीबीच शिष्टाचार भेट

काठमाण्डु । सूचना तथा सञ्चारमन्त्री डा विक्रम तिमिल्सिना र सार्वजनिक कूटनीतिसम्बन्धी अमेरिकी उपविदेशमन्त्री सारा बी। रोजर्सबीच आज सूचना तथा सञ्चार मन्त्रालयमा शिष्टाचार भेटवार्ता भएको छ ।



त्यस अवसरमा द्विपक्षीय सम्बन्ध, सूचना प्रविधि, दूरसञ्चार, डिजिटल सुरक्षा तथा लगानी विस्तारलगायत विषयमा छलफल भएको थियो ।

साथै नेपाल-अमेरिका सहकार्यलाई सूचना प्रविधि, डिजिटल पूर्वाधार, साइबर सुरक्षा तथा लगानी विस्तारका क्षेत्रमा थप सुदृढ बनाउने विषयमा पनि विचारविमर्श भएको सञ्चार मन्त्रालयले जनाएको छ ।

अमेरिकी उपविदेशमन्त्री रोजर्सले नेपाल-अमेरिका सम्बन्ध मैत्रीपूर्ण र सहयोगात्मक रहेको उल्लेख गर्दै सूचना प्रविधि तथा दूरसञ्चारका क्षेत्रमा सहकार्य विस्तार गर्न अमेरिका इच्छुक रहेको बताउनुभयो । उहाँले अमेरिकी कम्पनीहरू नेपालमा लगानी विस्तार गर्न चाहिरहेका उल्लेख गर्दै त्यसका लागि लगानीमैत्री वातावरण, नीतिगत स्थिरता तथा आवश्यक सहजीकरणको अपेक्षा गर्नुभयो ।

उहाँले इन्टरनेट स्वतन्त्रताको संरक्षणसँगै डिजिटल माध्यमबाट हुने चुनौती व्यवस्थापन गर्नुपर्ने आवश्यकता औँल्याउँदै अनलाइन ठगी, अश्लील सामग्रीको प्रसार तथा संवेदनशील सामग्रीको नियन्त्रणमा सहकार्य गर्न सकिने बताउनुभयो । लगानी विस्तार र डिजिटल पूर्वाधार विकासका क्षेत्रमा अमेरिका सहयोग गर्न तयार रहेको उहाँले बताउनुभयो ।

सञ्चारमन्त्री डा तिमिल्सिनाले नेपाल सूचना प्रविधिमार्फत आर्थिक तथा प्रशासनिक रूपान्तरणको दिशामा अघि बढिरहेको उल्लेख गर्दै यस क्षेत्रमा हुने सबै प्रकारका द्विपक्षीय तथा बहुपक्षीय सहकार्यलाई नेपालले स्वागत गर्ने बताउनुभयो । सञ्चारमन्त्री तिमिल्सिनाले नेपालमा प्रत्यक्ष वैदेशिक लगानी भित्र्याउने विषय सरकारको प्राथमिकतामा रहेको उल्लेख गर्दै दूरसञ्चार क्षेत्रमा लगानीका लागि हाल कायम रहेको नीतिगत तथा कानूनी व्यवस्थाबारे पनि जानकारी गराउनुभयो ।

सञ्चारमन्त्री डा तिमिल्सिनाले सरकार सामाजिक सञ्जाल नियन्त्रणको पक्षमा नरहेको स्पष्ट पार्दै जिम्मेवार र उत्तरदायी डिजिटल वातावरण निर्माणका लागि आवश्यक नियामकीय प्रबन्ध गर्न आवश्यक रहेको बताउनुभयो । रासस

# वैदेशिक रोजगारीका नाममा करोडबढी ठगेको अभियोगमा पाँच जना पक्राउ

काठमाण्डु । वैदेशिक रोजगारीमा आकर्षक तलबको प्रलोभनमा पारी विभिन्न देश पठाइदिन्छु भन्दै ठूलो रकम ठगी गरेको अभियोगमा पाँच जना पक्राउ परेका छन् ।



केन्द्रीय प्रहरी समाचारकक्षका अनुसरा काठमाडौँ बूढानीलकण्ठ नगरपालिका-११ बस्ने ४६ वर्षीय कृष्णकुमार खड्का, ललितपुर महालक्ष्मी नगरपालिका-२ बस्ने सिन्धुली घर भएका ४० वर्षीय भागिरथी (पराजुली) गौतम, काठमाडौँ बूढानीलकण्ठ नगरपालिका-९ बस्ने सुनसरी घर भएका ३० वर्षीय प्रवेश पराजुली, काठमाडौँ महानगरपालिका-६ का ३९ वर्षीय प्रज्वल आचार्य र काठमाण्डु बूढानीलकण्ठ नगरपालिका-१० बस्ने झापा घर भएकी ४७ वर्षीया निशा सिवालाई पक्राउ गरिएको हो ।


अभियुक्तमध्ये कृष्णकुमार र भागिरथीले क्रोएशिया, ग्रीसलगायत देश पठाइदिने भन्दै १४ जना पीडितबाट रु ५८ लाख ६८ हजार ठगी गरेको आरोप छ । प्रवेशले सर्बिया पठाइदिने भन्दै चार जना पीडितबाट रु १८ लाख ९० हजार, प्रज्वलले अमेरिका पठाइदिने भन्दै एक जना पीडितबाट रु ३१ लाख र निसाले कोरिया पठाइदिने भन्दै अर्का एक जना पीडितबाट रु एक लाख पाँच हजार लिएर सम्पर्कविहीन भएको उजुरी परेको थियो ।

पीडितहरूको उजुरीका आधारमा काठमाण्डु उपत्यका अपराध अनुसन्धान कार्यालय टेकुबाट खटिएको प्रहरीले उनीहरूलाई विभिन्न स्थानबाट पक्राउ गरेको छ । रासस

## अन्नपूर्ण आरोहण दिवसः

# नारच्याङदेखि आधार शिविरसम्म विविध कार्यक्रम

म्याग्दी । म्याग्दीमा पर्ने अन्नपूर्ण हिमालको फेदीमा रहेको नारच्याङमा सोमबारदेखि ७६औँ आरोहण दिवस मनाउन शुरु गरिएको छ । म्याग्दी, कास्की, मनाङ र मुस्ताङ जिल्लाको सिमानामा पर्ने आठ हजार ९१ मिटर अग्लो अन्नपूर्ण हिमाल आरोहण गर्ने बाटो र आधार शिविर रहेको म्याग्दीको अन्नपूर्ण गाउँपालिका-४ नारच्याङमा विविध कार्यक्रमका साथ आरोहण दिवस मनाउन थालिएको हो ।



अन्नपूर्ण-४ का वडा सदस्य श्याम पुर्जाले दिवसको अवसरमा आयोजित दोस्रो अन्नपूर्ण हेर्जोग दौड प्रतियोगिता सहभागी हुने धावकहरू आज नारच्याङबाट आधार शिविरतर्फ प्रस्थान गरेका जानकारी दिनुभयो ।

"चार महिला र नौ जना पुरुष धावकसहित हुमखोलाबाट आधार शिविर पदयात्रामा सहभागीलाई बिदाई गरेर दिवसको सुरुवात गरेका छौँ", उहाँले भन्नुभयो, "यही जेठ २० गते आधार शिविरबाट नारच्याङसम्म ३६ किलोमिटर दूरीमा दौड, सांस्कृतिक कार्यक्रम र पुरस्कार वितरण समारोह गरेर दिवसको समापन गरिनेछ ।"

दौड प्रतियोगितामा सहभागी हुनेको सङ्ख्या थपिँदै गएका वडा सदस्य पुर्जाले बताउनुभयो । खुला दौड प्रतियोगितामा विजेतालाई रु एक लाख, उपविजेतालाई रु ६० हजार, तेस्रोलाई रु ३५ हजार र चौथो स्थान हासिल गर्ने तीन जनालाई जनही रु १० हजार नगद पुरस्कारको व्यवस्था गरिएको अन्नपूर्ण गाउँपालिका-४ का वडअध्यक्ष लोकबहादुर फगामीले जानकारी दिनुभयो ।

नेपाल भूतपूर्व खेलाडी मञ्च र गण्डकी प्रदेश एथलेटिक्स सङ्घको प्राविधिक सहयोगमा दौड प्रतियोगिता आयोजना गरिएको हो । आठ हजार मिटरभन्दा अग्लो पहिलो मानव पाइला परेका कारण अन्नपूर्णलाई जेठो हिमाल भनिन्छ । सन् १९५० मा जुन ३ मा फ्रान्सका मौरिज हेर्जोग र लुई लचेनलको टोलीले अन्नपूर्णको शिखर चुमेको तीन वर्षपछि विश्वको सर्वोच्च शिखर सगरमाथाको सफल आरोहण भएको थियो । नेपालको पर्यटन क्षेत्रको विकास र पर्वतारोहणको शुभारम्भ भई हिमाललाई विश्वभर चिनाउने दिनको सम्झनाको रूपमा सोमबार विविध कार्यक्रम गरी अन्नपूर्ण आरोहण दिवस मनाउन लागिएको अन्नपूर्ण गाउँपालिकाका अध्यक्ष भारतकुमार पुनले बताउनुभयो ।

**"दिवस मनाउनका लागि गाउँपालिकाले चालु आर्थिक वर्षमा रु १० लाख बजेट बिनियोजन गरेको छ", उहाँले भन्नुभयो, "यसअघि काठमाण्डु, पोखरा र कास्कीको भूगोलमा पर्ने आधार शिविरमा मनाइने अन्नपूर्ण आरोहण दिवस गत वर्षदेखि सम्बन्धित भूगोलमा मनाउन थालिएको थियो ।"**

"दिवस मनाउनका लागि गाउँपालिकाले चालु आर्थिक वर्षमा रु १० लाख बजेट बिनियोजन गरेको छ", उहाँले भन्नुभयो, "यसअघि काठमाण्डु, पोखरा र कास्कीको भूगोलमा पर्ने आधार शिविरमा मनाइने अन्नपूर्ण आरोहण दिवस गत वर्षदेखि सम्बन्धित भूगोलमा मनाउन थालिएको थियो ।"

समुन्द्री सतहबाट चार हजार १९० मिटर उचाइमा पर्ने अन्नपूर्ण आधार शिविर पछिल्लो समय आन्तरिक पर्यटकका लागि आकर्षक गन्तव्यका रूपमा विकास हुँदै गएको छ । पदमार्ग, पूर्वाधार निर्माण, खाने बस्ने सुविधा र प्रवर्द्धनात्मक कार्यक्रमपछि छोटो दुरीमा सहजै पदयात्रा गर्न सकिने भएकाले अन्नपूर्ण आधार शिविर पर्यटकको रोजाइमा परेको मौरिस हर्जोग पदमार्गका अभियान्त तेज गुरुङले बताउनुभयो ।

नारच्याङबाट हुमखोलासम्म २० किलोमिटर सडक र हुमखोलाबाट आधार शिविरसम्म आधारभूतस्तरको २२ किलोमिटर पदमार्ग तयार भएको छ । दुई दिनको पैदलयात्रामा पुगिने अन्नपूर्ण आधार शिविर पर्यटकका लागि आकर्षक र नयाँ गन्तव्य हो ।

अन्नपूर्ण र नीलगिरि हिमालको फेदीबाट बग्ने मिस्त्रीखोलाको किनारैकिनार, अग्ला झरना, मनमोहक हिमशृङ्खला, अनौठो भूगोल, पहाड, दुर्लभ वनस्पति, वन्यजन्तुको अवलोकन गर्दै आधार शिविर पुग्न सकिन्छ । दुई दिनमा आधार शिविर पुग्न र तेस्रो दिन फर्कन सकिन्छ ।

नारच्याङका तेज गुरुङको अगुवाइमा विसं २०६८ मा अन्नपूर्ण हिमाल र आधार शिविर म्याग्दीमा पर्ने तथ्य तथा पदमार्ग पहिचान भएको थियो । सो पदमार्गलाई अन्नपूर्ण गाउँपालिकाले विसं २०७७ मा नक्साङ्कन र 'मौरिस हेर्जोग' नामाकरण गरेको थियो । रासस

## हिमालयन उद्दार संघको अध्यक्षमा डम्बर पराजुली निर्वाचित

काठमाण्डु । हिमालयन उद्दार सङ्घको अध्यक्षमा डम्बर पराजुली निर्वाचित हुनुभएको छ । सङ्घको आज सम्पन्न अधिवेशनले पराजुलीको नेतृत्वमा ११ सदस्यीय कार्यसमिति निर्विरोध निर्वाचित गरेको हो ।

कार्यसमितिको उपाध्यक्षमा सुशीलकृष्ण अधिकारी, महासचिवमा प्रयुश न्यौपाने, कोषाध्यक्षमा तुलसी गुरुङ, सदस्यमा ज्ञानेन्द्रकुमार श्रेष्ठ, विकास शाह रैनियार, डा सुभास दवाडी, नरबहादुर अस्तानी र दावा स्टिभेन शेर्पा हुनुभएको छ ।

यस्तै, संस्थागत सदस्यमा थामसेर्कु ट्रेकिङ प्रालिका डा यादव अधिकारी र मोनतेरोसा ट्रेक्स एण्ड एक्सपिडीसन प्रालिका गणेशबहादुर न्यौपाने निर्वाचित हुनुभएको मुख्य निर्वाचन अधिकृत कुमारप्रसाद घिमिरेले जानकारी दिनुभयो ।

नेपालका हिमाली क्षेत्रमा पर्यटक तथा पदयात्रीको स्वास्थ्य र सुरक्षाका क्षेत्रमा लामो समयदेखि काम गर्दै आएको सङ्घले सोलुखुम्बुको सगरमाथा आधार शिविर, फेरिचे, मनाङको मनाङ गाउँ र जनैपूर्णिमाको अवसरमा रसुवाको गोसाईकुण्डमा हेल्थ क्याम्प राखेर स्वास्थ्य उपचार गर्दै आएको छ ।

सङ्घले सन् २००३ देखि सगरमाथा आधार शिविरमा स्वास्थ्य शिविर स्थापना गरी आरोही र आरोहणमा सहयोग गर्ने कर्मचारी र अन्य पदयात्रीलाई स्वास्थ्य सेवा प्रदान गर्दै आएको छ । रासस

# छुट्टाछुट्टै घटनामा चार जनाको मृत्यु

झापा । मेचीनगर नगरपालिका-१५ स्थित माँ पाथीभरा प्लाई फ्याक्ट्रीमा कार्यरत रामबहादुर गौतमको कुटपिटबाट स्थानीय ५५ वर्षीय रुद्र श्रेष्ठको आज मृत्यु भएको छ ।



सामान्य भनाभन र वादविवादमा श्रेष्ठलाई फ्याक्ट्रीका कामदार ३५ वर्षीय गौतमले कुटपिट गरी घाइते बनाएको थाहा पाएपछि स्थानीय ज्यामिरगढी प्रहरी चौकीको टोली घटनास्थल पुगेर घाइतेलाई उपचारका लागि प्रादेशिक अस्पताल भद्रपुर पुऱ्याएको जिल्ला प्रहरी कार्यालयका प्रवक्ता खगेन्द्रबहादुर खड्काले बताउनुभयो ।


टाउकामा गम्भीर चोट लागेर बोल्न नसक्ने अवस्था भएका श्रेष्ठको उपचारका क्रममा मृत्यु भएको उहाँले जानकारी दिनुभयो । प्रहरीले कुटपिटमा संलग्न गौतमलाई अनुसन्धानका लागि नियन्त्रणमा लिएको जनाएको छ ।

यसैगरी, दमकनगरपालिका-१० सेतुमारीस्थित रतुवा खोलाको पुलमुनि प्लास्टिकको बोराभित्र फेला परेको महिलाको शवको पहिचान खुलेको प्रहरीले जनाएको छ । जिल्ला प्रहरी कार्यालयका प्रवक्ता खड्काका अनुसार शनिबार दिउँसो पुलमुनि खोलामा बगिरहेको अवस्थामा महिलाको शव बोराभित्र भेटिएको थियो ।

निज मृत व्यक्ति दमक नगरपालिका-८ वसन्त टोलकी २१ वर्षीया रमा तिवारी रहेको आइतबार सनाखत भएको प्रहरी प्रवक्ता खड्काले जानकारी दिनुभयो । तिवारी गत बुधबार राति ९:३० बजेतिर घरबाट आफूखुसी हिँडेपछि त्यसयता सम्पर्कविहीन भएकी मृतककी आमा मुना तिवारीलाई उद्धृत गर्दै प्रहरीले जनाएको छ ।

मेचीनगर र विर्तामोडमा दुई व्यक्ति मृतावस्थामा फेला परेका छन् । मेचीनगर-८ जोर सिमलस्थित महेन्द्र राजमार्गबाट ५० मिटर दक्षिणतिर अन्दाजी ३५ वर्षीय एक पुरुष मृतावस्थामा शुक्रबार फेला परेको प्रहरीले जानकारी दिएको छ ।

त्यस्तै, इलामको फाकफोक गाउँपालिका-३ निवासी ४५ वर्षीय राज थेगिमलाई शनिबार विर्तामोड नगरपालिका-३ स्थित सडकमा लडेर घाइते भएको अवस्थामा प्रहरीले उद्धार गरी प्रादेशिक अस्पताल भद्रपुरमा उपचारका लागि लगिएको थियो । अत्यधिक मदिरा सेवन गर्दै आएका थेगिमको उपचारकै क्रममा शनिबार राति मृत्यु भएको हुनसक्ने प्रहरी प्रवक्ता खड्काले जानकारी दिनुभयो । रासस



**अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ।**
**जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥**

## सम्पादकीय

### प्रमले देशको भूमिको रक्षा गर्ने छन्

नेपालको सीमा दुई देशसित मात्र जोडिएको छ। दक्षिण तर्फको अधिकांश भू-भाग भारत र उत्तर तर्फको भू-भाग चीनसित जोडिएको छ। पूर्वी र पश्चिमी भाग पनि भारतसित नै जोडिएको छ। नेपाल, भारत र चीनबीच सीमा सम्बन्धमा युद्ध भएको छैन । नेपालको सीमालाई भारत र चीन दुबैले सम्मान गरेको छ । भारत र चीन दुबै विशाल राष्ट्र हुन्। दुवै राष्ट्रले नेपालको भूमिलाई अतिक्रमण गर्ने तर्फ ध्यान दिनुपर्ने कुनै कारण छैन। भारत र चीन दुवै देशको भुगोल विशाल छ। ती दुवै देशलाई नेपालको सीमा अतिक्रमण गर्दा न पुरुषार्थ हुनेछ। न त भौगोलिक उपलब्धि हुनेछ। भारत र चीनको सीमामा पटक पटक युद्ध र विवाद हुने गर्छ। तर नेपालसित कुनै देशको विवाद हुँदैन। नेपालको सीमा कसैले मिचेको छैन भने नेपालले पनि कसैको सीमा मिचेको छैन। भौगोलिक अवस्थाले कयौं पटक नेपाल र भारतबीचको सीमा स्तम्भ मासिएको हुन्छ। तर त्यसलाई दुबै देशका अधिकारीहरुले सहमतिमै फेरि गाड्ने गर्छन्। प्रधानमन्त्री बालेन्द्र साह (बालेन)ले भारतीय भूमि नेपालले पनि अतिक्रमण गरेको जानकारी प्रतिनिधि सभाको बैठकमा दिएपछि विवाद चुलिएको छ। धेरैले प्रधानमन्त्रीलाई राष्ट्र विरोधी भन्न थालेका छन्। तर धेरै उनको बचाउमा पनि छन्। प्रधानमन्त्री साहले भनेको शब्दको फरक फरक ढंगले अर्थ्याउन थालिएको छ। बालेन राष्ट्रघाती होइन। उनले नेपालको भूमिका लागि कसैसित कुनै सम्झौता गर्ने हस्ती होइन। कालापानी, लिपुलेक र लिम्पियाधुराको विषयमा प्रधानमन्त्री साहको स्पष्ट धारणा छ। उनले भारतलाई कुटनीतिक नोट पठाएर नेपाली भू-भागबाट चीनको सीमामा अवस्थित मानसरोवर जान बनाएको मार्गप्रति ध्यानाकर्षण गराएको छ। चीन र भारतले मानसरोवरका लागि मार्ग बनाउँदा प्रयोग गरिएको भूमि नेपालको हो। केपी ओली प्रधानमन्त्री रहेको बेला उनले नेपालको नक्सामा कालापानी, लिपुलेक र लिम्पियाधुरा समेत समावेश गरी प्रतिनिधि सभाको बैठकबाट सर्वसम्मतले पारित गराएका हुन्। त्यस नक्सालाई नेपालको चुच्चे नक्सा भनिन्छ। त्यसप्रति भारतको गम्भीर आपत्ति छ। भारतले त्यो नक्सालाई औपचारिक रुपमा स्वीकार गरिसकेको छैन। तर एउटा यथार्थ के छ भने त्यो नेपालको भूमि भए पनि सडक बनाउन अवरोध गरिएको छैन। नेपाल र भारतका अधिकारीहरु र त्यो भन्दा पनि माथिल्लो तहमा दुई देशका सरकारले संवादबाट समाधान गर्न सक्छन्। नेपाल र भारतबीचको सीमामा अझै पनि कयौं नेपालीहरुको जग्गा भारतीय सीमामा र कयौं भारतीयको जग्गा नेपाली सीमामा रहेको छ। प्रधानमन्त्री बालेनले त्यसलाई संकेत गरेको देखिन्छ। प्रधानमन्त्रीको आशय भारतको भूमि नेपालले अतिक्रमण गरेको भने होइन।

# जातीय विभेद्को बढ्दो त्रासदी



राजेश विद्रोही

सिन्धुलीका श्रीकृष्ण विकको हिरासतभित्र भएको मृत्युले सडक, सदन, सञ्चारमाध्यम र सामाजिक सञ्जालसम्म गम्भीर बहस जन्माएको छ। आफूले मन पराएकी कथित उच्च जातकी युवतीसँग अन्तरजातीय विवाह गरेपछि उनीमाथि युवती पक्षले उमेर नपुगेको आधार देखाउँदै बालविवाह र बलात्कारसम्बन्धी मुद्दा दर्ता गरायो। त्यसपछि प्रहरीले उनलाई ललितपुरबाट पक्राउ गरी खुर्कोट प्रहरी चौकी पुऱ्यायो। जहाँ हिरासतमै उनको मृत्यु भयो। प्रहरीले घटनालाई आत्महत्या भने पनि परिवार, स्थानीयवासी र अधिकारकर्मीहरूले प्रहरी यातना वा योजनाबद्ध हत्याको आशङ्का व्यक्त गर्दै निष्पक्ष छानबिनको माग गरिरहेका छन्। घटनापछि व्यापक विरोध र प्रश्न उठे पनि अहिलेसम्म न उच्चस्तरीय छानबिन समिति गठन भएको छ, न अनुसन्धान प्रक्रियाले स्पष्ट दिशा लिएको देखिन्छ। यसले राज्य संयन्त्रको संवेदनशीलता, प्रहरी प्रशासनको जवाफदेहिता र न्याय प्रणालीप्रतिको विश्वासमाथि गम्भीर प्रश्न खडा गरेको छ। श्रीकृष्ण विकको मृत्यु केवल एक व्यक्तिको मृत्यु होइन, यसले सिङ्गो प्रेम र अन्तरजातीय विवाहप्रति समाजमा रहेको विभेद्कारी दृष्टिकोण, दलित समुदायमाथिको संरचनात्मक हिंसा र कानुनी प्रक्रियाको सम्भावित दुरुपयोगलाई उजागर गरेको छ। नेपालमा पछिल्ला वर्षहरूमा अन्तरजातीय प्रेम र विवाह, विशेषगरी दलित-गैरदलित सम्बन्ध-सामाजिक तनाव र कानुनी विवादको विषय बन्दै गएको छ। जात नमिलेपछि सम्बन्धलाई बलात्कारको मुद्दामा रूपान्तरण गर्ने, उमेर नपुगेको आधारमा बालविवाहको अभियोग लगाउने र सहमतिमा भएको सम्बन्धलाई समेत अपराधीकरण गर्ने प्रवृत्ति बढ्दो छ। परिवार र समाजले सम्बन्ध स्वीकार नगर्दा कानुनी आरोपलाई सम्बन्ध तोड्ने औजारका रूपमा प्रयोग गरिएका अनेक उदाहरण छन्। रुकुम पश्चिम सोती हत्या घटनामा नवराज विकसहित छ जना युवाको हत्या अन्तरजातीय प्रेमकै कारण थियो। सर्लाहीका सत्येन्द्र राम र नेहा रौनियारको घटनामा उमेर पुगेपछि गरिएको प्रेमविवाहलाई समेत परिवार र प्रशासनिक प्रभाव प्रयोग गरेर अपराधीकरण गरियो। युवतीको उमेर कम देखाउने फर्जी जन्मदर्ता तयार गरी अपहरण, बलात्कार र बालविवाहका मुद्दा दर्ता गरिएपछि सत्येन्द्रलाई भारतको मुम्बईबाट पक्राउ गरी नेपाल ल्याइएको थियो।

यस्तै, सप्तरीको मनोज राम र बबिता इसरको घटनामा पनि जातीय पृष्ठभूमि र उमेरलाई आधार बनाएर सम्बन्ध तोड्ने प्रयास भएको थियो। सप्तरीकै ज्योति पासवान बाहुन युवकसँग प्रेमविवाह गर्दा जातकै कारण परिवारले नस्वीकार्दा आत्महत्या गरिन। सिरहाकी रिङ्कु सदा, रौतहटका विजयराम महरा, धनुषाका शम्भु सदा र पल्टु रविदास जस्ता घटनाहरू जातीय विभेद, सामाजिक पूर्वाग्रह र प्रशासनिक कमजोरीको कठोर वास्तविकता उजागर गरेका छन्। मधेसका सिरहा, सप्तरी, धनुषा र रौतहटलगायत जिल्लामा दलित युवकले कथित गैरदलित युवतीसँग भागी विवाह गर्दा अपहरण, बलात्कार, बालविवाह र ज्यान मार्ने उद्योगजस्ता मुद्दा दर्ता गराउने प्रवृत्ति बढेको छ। धेरै घटनामा युवतीको सहमतिपूर्ण सम्बन्धलाई समेत परिवार र समाजको जातीय दबाबका कारण अपराधीकरण गरिएको छ। यसरी दलित युवाले प्रेम गरेकै कारण किन बारम्बार हिंसा, पक्राउ र मृत्युको सामना गर्नुपरेको छ ?

पछिल्ला वर्षहरूमा हिरासतभित्र मृत्यु भएका धेरै व्यक्तिहरू आदिवासी जनजाति, दलित तथा अन्य सीमान्तकृत समुदायकै छन्। इन्सेकको प्रतिवेदन अनुसार एक वर्षमा ८८ जनाको प्रहरी हिरासतमा मृत्यु हुने गरेको छ। यसमा ५२ प्रतिशत दलित सिमान्तकृत समुदायकै हुन्छन्, जसमध्ये प्रहरी प्रतिवेदनले ५६ प्रतिशत आत्महत्या भनिएको छ। यसरी धेरै घटनालाई आत्महत्या भन्दै निष्कर्ष निकाल्ने प्रवृत्तिले राज्यप्रतिको अविश्वास झन् गहिरो बनाएको छ। दलित महिला सङ्घका अनुसार अन्तरजातीय विवाह गरेका ३१.७ प्रतिशत जोडीले विभिन्न कानुनी तथा सामाजिक प्रताडना भोग्नुपरेको छ। विशेषगरी दलित पुरुष-गैरदलित महिला सम्बन्धमा अपहरण, बलात्कार र बालविवाहका उजुरी दर्ता गरिने प्रवृत्ति बढी देखिएको उल्लेख छ। अन्तरजातीय प्रेमलाई अझै पनि नेपाली समाजका धेरै हिस्साले व्यक्तिगत अधिकारका रूपमा स्वीकार गर्न सकेका छैनन्। दलित युवाले गैरदलित युवतीसँग प्रेम गर्दा कानुनी मुद्दा, सामाजिक आक्रमण र हिरासतको जोखिम झेल्नुपर्छ भने दलित युवतीहरूले बहिष्कार, अपमान र मानसिक हिंसा सहनुपरेको छ। राज्यले एकातिर अन्तरजातीय विवाहलाई प्रोत्साहन गर्ने नीति ल्याउँछ, अर्कोतर्फ त्यही कारण हिंसामा परेकाहरूलाई न्याय दिन भने असफल देखिन्छ।

नेपालको संविधानले समानता, स्वतन्त्रता र विभेदविरुद्धको अधिकार सुनिश्चित गरेको छ। कानुनले अन्तरजातीय विवाहलाई वैध मानेको छ। तर व्यवहारमा समाज अझै पनि जात, वर्ग, पितृसत्ता र परिवारको इज्जत भन्ने पुरानो मानसिकताबाट मुक्त हुन सकेको छैन। महिलाको स्वतन्त्र निर्णयलाई परिवारको नियन्त्रणभन्दा बाहिर स्वीकार गर्न नसक्ने सोचले प्रेम सम्बन्धलाई सामाजिक अपराधजस्तो बनाइदिएको छ। नेपालमा विवाहका लागि महिला र पुरुष दुवैको न्यूनतम उमेर २० वर्ष तोकिएको छ। बालविवाह रोक्न यो कानुनी व्यवस्था आवश्यक भए पनि कतिपय अवस्थामा यही कानुन प्रेम सम्बन्ध तोड्ने औजारका रूपमा प्रयोग भइरहेको छ। विशेषगरी अन्तरजातीय सम्बन्धमा युवतीका परिवारले नाबालिगको आधार देखाएर युवकविरुद्ध बलात्कार वा बालविवाहको उजुरी दिने क्रम बढेको छ। सहमतिमा भएको सम्बन्धलाई सामाजिक




दबाबका कारण जबर्जस्ती करणीको रूपमा व्याख्या गरिँदा कानुनको मूल उद्देश्य नै कमजोर बन्दै गएको छ।

युनिसेफ र नेपाल स्वास्थ्य अनुसन्धान परिषद्को २०२४ को अध्ययनअनुसार नेपालमा करिब ५० लाख महिलाले बालविवाहको अनुभव गरिसकेका छन् भने १३ लाखभन्दा बढी बालिका १५ वर्षअघि नै विवाहमा बाँधिएका छन्। नेपाल विश्वमै बालविवाहको उच्च दर भएका देशमध्ये पर्छ। अध्ययनहरूले ३३ प्रतिशत बालिका र ९ प्रतिशत बालक १८ वर्ष नपुग्दै विवाह गर्ने गरेको देखाएका छन्। कोभिड महामारीपछि बालविवाहको दर अझ बढेको तथ्याङ्क पनि सार्वजनिक भएका छन्। तर विडम्बना के छ भने वास्तविक बालविवाहका घटनामा राज्य संयन्त्र कमजोर देखिन्छ। जबकि अन्तरजातीय सम्बन्धका घटनामा कानुनको प्रयोग अस्वाभाविक रूपमा तीव्र हुने गरेको आरोप बढ्दो छ। अर्कोतर्फ, नेपालमा यौन हिंसाका वास्तविक घटना पनि गम्भीर सामाजिक सङ्कटका रूपमा रहेका छन्। आर्थिक वर्ष २०७५/७६ देखि पाँच वर्षको अवधिमा ११ हजार सात सयभन्दा बढी बलात्कारका घटना दर्ता भएका थिए। औसतमा दैनिक सातभन्दा बढी महिला बलात्कारको सिकार भएका छन्। १० वर्षमुनिका सयौं बालिकासमेत पीडित रहेको तथ्यांकले अवस्था झन् भयावह देखाउँछ। त्यसैले वास्तविक बलात्कार र जबर्जस्ती करणीका घटनालाई कमजोर बनाउने गरी संवेदनशील कानुनको दुरुपयोग हुनु झन् खतरनाक पक्ष हो।

नेपालको ग्रामीण समाजमा अझै पनि जातीय शुद्धताको सोच बलियो छ। दलित युवकले कथित उच्च जातकी युवतीसँग विवाह गर्दा परिवारको सामाजिक प्रतिष्ठा गुम्ने भयले हिंसा, धम्की र झुटा मुद्दासम्मको सहारा लिने प्रवृत्ति देखिन्छ। कतिपय घटनामा युवतीलाई घरमै नजरबन्द गर्ने, युवकलाई कुटपिट गर्ने, गाउँनिकाला गर्ने वा प्रहरी प्रशासन प्रयोग गरेर सम्बन्ध छुट्याउने प्रयास गरिन्छ। अझ गम्भीर पक्ष के छ भने यस्ता घटनाको छानबिन गर्ने संयन्त्रहरूमा पनि प्रभावशाली पक्षकै दबाब देखिने गरेको आरोप बारम्बार उठ्ने गरेको छ। यद्यपि, वास्तविक बालविवाह र जबर्जस्ती करणीका घटनालाई कम आँक्न मिल्दैन। गरिबी, अशिक्षा, लैंगिक विभेद, दाइजो प्रथा र सामाजिक असुरक्षाले बालविवाहलाई अझै बढावा दिइरहेका छन्। किशोरी गर्भावस्था पनि ठूलो चुनौती बनेको छ। अध्ययनअनुसार कर्णाली प्रदेशमा किशोरी गर्भावस्था २१ प्रतिशतसम्म पुगेको छ। त्यसैले समाधान कानुनको दुरुपयोगमा होइन्, न्यायपूर्ण कार्यान्वयन र सामाजिक चेतनाको विकासमा खोजिनुपर्छ।

सहमतिमा रहेका वयस्कबीचको सम्बन्धलाई जातका आधारमा अपराधीकरण गर्नु मानव अधिकारविरुद्धको अभ्यास हो। कानुनले वास्तविक हिंसा र जबर्जस्तीलाई दण्डित गर्नुपर्छ, प्रेमलाई होइन। प्रहरी प्रशासनले सामाजिक दबाबभन्दा प्रमाण, सहमति र संवैधानिक अधिकारका आधारमा अनुसन्धान गर्ने संस्कार विकास गर्न आवश्यक छ। राज्यले अन्तरजातीय विवाहलाई केवल प्रोत्साहन कार्यक्रमको रूपमा होइन, सामाजिक न्याय र समानताको प्रश्नका रूपमा हेर्नुपर्छ। आज नेपालमा प्रश्न केवल प्रेमको होइन, नागरिक स्वतन्त्रता, जात व्यवस्था र कानुनी न्यायको पनि हो। यदि एक जना युवाले आफ्नो जीवनसाथी रोज्ने अधिकार प्रयोग गर्दा जातका कारण बलात्कार वा बालविवाहको अभियोग भोग्नुपर्छ भने त्यो लोकतान्त्रिक समाजको गम्भीर असफलता हो। जातीय विभेदको अन्त्य संविधान लेखेर मात्र हुँदैन्, समाजले प्रेमलाई अपराध होइन, अधिकारका रूपमा स्वीकारेपछि मात्रै सम्भव हुन्छ। र, यसलाई राज्यले एउटा अभियानकै रुपमा अगाडि बढाउनुपर्छ। जसले मात्र विभेद रहित समाजिक एकरुपता सहितको मानवीय समाजको स्थापना गर्न सकिन्छ। जो आजको युगको आवश्यकता हो।

# सहिदका सपनामाथि सिंहदरबारको सौदा : देश आईसीयूमा, नेता कुर्सीको खेलमा !



प्रतिमा अधिकारी

जेठ १५ गते। भित्तोमा झुण्डिएको क्यालेन्डरले फेरि एउटा गणतन्त्र दिवसको गन्ती थपेको छ। सहरका चिल्ला सडकमा सरकारी गाडीहरू झण्डा फर्फराउँदै दौडिरहेका छन्। सरकारी हलहरूमा 'गणतन्त्रका उपलब्धि' भन्दै मन्त्रीहरूका लामा र रसिला भाषण गुञ्जिरहेका छन्। तर, यही उत्सवको पृष्ठभूमिमा देशको अर्थतन्त्र आईसीयूमा छ, दैनिक २ हजारभन्दा बढी (वार्षिक ६ लाख ७० हजारभन्दा बढी) नेपाली युवाहरू त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको 'डिपार्चर गेट' मा लामबद्ध भएर देश छोडिरहेका छन्। क्रान्तिका घाइतेहरू वीर अस्पतालको शय्यामा औषधि खर्च नपाएर छट्पटाइरहेका छन्। आज सोध्नै पर्ने बेला भएको छ- हामीले ल्याएको गणतन्त्र कसका लागि आयो ? नेताका लागि कि जनताका लागि ?

पक्कै पनि, २४० वर्ष लामो निरंकुश शाहवंशीय राजतन्त्रको अन्त्य गरेर संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना हुनु आफैँमा ऐतिहासिक र ठूलो उपलब्धि हो। हिजो एउटा कुलमा जन्मेकै आधारमा देशको सर्वोच्च पद (राष्ट्राध्यक्ष) कुलीन वर्गको छोराहरूको हातमा हुन्थ्यो तर, रैतीको छोराछोरीले देशको प्रतिनिधित्व गर्ने, सरकार चलाउने अधिकार पाउँदैनथे।

आज एउटा गरिब, दलित वा उत्पीडित वर्गका छोराछोरी पनि देशको राष्ट्रपति बन्न सक्ने मार्ग खुलेको छ। सिंहदरबारको अधिकार गाउँ-गाउँमा पुगेको छ। नागरिक अधिकार, प्रेस स्वतन्त्रता, र समावेशी प्रतिनिधित्वका हिसाबले नेपालले ठूलो फड्को मारेको छ।

हिजो राज्यको मूल प्रवाहबाट किनारा पारिएका महिला, जनजाति, मधेशी र दलित समुदायको उपस्थिति आज नीति निर्माणको तहमा देखिनु गणतन्त्रकै सुन्दर उपहार हो। तर, यो व्यवस्थाको जग सजिलै ठडिएको होइन। यसको पछाडि नेपाली जनताको रगत, पसिना र झन्डै सात दशक लामो अविराम संघर्षको इतिहास लुकेको छ। इतिहासका पाना पल्टाएर हेर्ने हो भने नेपाली नागरिकले स्वतन्त्रता र समानताका लागि अनेकन बलिदानिपूर्ण संघर्षहरू झेलेर, पार गरेर आएका छन्। गणतन्त्र प्राप्तिका लागि इतिहासदेखि वर्तमानसम्म नेपाली जनताहरूको विभिन्न ऐतिहासिक मोडहरू पार गरेर आजको दिनसम्म पुग्न सफल भएको हो।

फागुन ७, २००७ :- 'राणाशासनको अन्त्य'

जनता र राजाको संयुक्त प्रयासमा १०४ वर्ष लामो निरंकुश राणाशासनको अन्त्य भयो र प्रजातन्त्रको उदय भयो। तर, जनताले चाहेको संविधानसभाको निर्वाचन भने तत्कालीन राजा त्रिभुवनले टारेरै राखे।

पुस १, २०१७ :- 'शाही 'कू' र पञ्चायतको सुरुवात'

जननिर्वाचित प्रथम प्रधानमन्त्री बीपी कोइरालालाई थुनेर राजा महेन्द्रले बहुदलीय प्रजातन्त्रको घाँटी निमोठे र ३० वर्षे निर्दलीय पञ्चायती तानाशाही व्यवस्था लादे।

चैत २६, २०४६ :- जनआन्दोलन-१ र संवैधानिक राजतन्त्र

लामो संघर्षपछि पञ्चायत ढल्यो र राजा वीरेन्द्रको समयमा बहुदलीय प्रजातन्त्र तथा संवैधानिक राजतन्त्रको पुनर्स्थापना भयो।

फागुन १, २०५२ :- माओवादी जनयुद्धको घोषणा

'जनवादी गणतन्त्र' स्थापनाको मूल नारासहित तत्कालीन नेकपा (माओवादी) ले १० वर्षे सशस्त्र युद्धको घोषणा गऱ्यो, र यो २०६२ सालसम्म निरन्तर चलिरहयो, जसले नेपाली राजनीतिको जग नै हल्लाइदियो।

जेठ १९, २०५८ :- 'दरबार हत्याकाण्ड'

राजा वीरेन्द्रको वंशनाश हुने गरी भएको नारायणहिटी दरबार हत्याकाण्डले नेपाली राजतन्त्रको साख र परम्परागत आस्थालाई सदाका लागि धराशयी बनायो। ज्ञानेन्द्र शाह नयाँ राजा बने।

Uniglobe KamaladiBernhardt College +२

माघ १९, २०६१ :- ज्ञानेन्द्रको शाहको 'कू'

राजा ज्ञानेन्द्रले जननिर्वाचित सरकार विघटन गरी सत्ता आफ्नो हातमा लिए। यो नै राजतन्त्रको अन्तिम प्रत्युत्पादक गल्ती साबित भयो, जसले संसद्वादी दल र विद्रोही माओवादीलाई एक ठाउँमा ल्यायो।

मंसिर ,७ ,२०६२ :- '१२ बुँदे समझदारी'

नयाँ दिल्लीमा सात राजनीतिक दल र विद्रोही माओवादीबीच ऐतिहासिक १२ बुँदे समझदारी भयो, जसले निरंकुश राजतन्त्र विरुद्ध संयुक्त आन्दोलनको खाका कोऱ्यो।

चैत २४,२०६२ - वैशाख ११, २०६३ सम्म :- '१९ दिने ऐतिहासिक जनआन्दोलन-२'

यो समय नेपाली राजनीत ठूलो परिवर्तनको संघारमा थियो। गणतन्त्र, समानता, धर्मनिरपेक्षता, स्वतन्त्रता, नयाँ संविधानको मागसहित नेपाली जनता सडकमा ओर्लिए। जन महासागरको राप, ताप सहन नसकी राजा ज्ञानेन्द्रले आत्मसमर्पण गरे, संसद पुनर्स्थापना भयो र जनयुद्धको अन्त्य गर्दै ५ मंसिर २०६३ मा विस्तृत शान्ति सम्झौता भयो।



जेठ १५, २०६५ :- 'नेपाल गणतन्त्र घोषणा'

ऐतिहासिक संविधानसभाको पहिलो बैठकले भारी बहुमतका साथ २४० वर्ष पुरानो शाहवंशीय राजतन्त्र समाप्त भएको घोषणा गऱ्यो र नेपाल 'संघीय लोकतान्त्रिक गणतन्त्र' बन्यो। तर, गणतन्त्र स्थापनाको १९औँ वर्षसम्म आइपुदा, यो गौरवशाली इतिहासको सुन्दर जगमा उभिएको व्यवस्थाको महललाई हाम्रा शासकहरूले आफ्नै स्वार्थको दलदलमा डुबाएका छन्। व्यवस्था त फेरियो, तर शासकहरूको सोच र प्रवृत्ति फेरिएन। हिजो 'नारायणहिटी'मा बस्ने राजाको रवाफ र आज 'बालुवाटार'मा बस्ने नयाँ राजाहरूको तामझाममा कुनै फरक देखिएन। उल्टो, आजको गणतन्त्र केवल 'दलनतन्त्र' र 'लुटतन्त्र' जस्तो बन्न पुगेको छ।

सबैभन्दा ठूलो झापड त यो व्यवस्था ल्याउन आफ्नो छातीमा गोली थाप्ने सहिद, बेपत्ता र घाइतेहरूलाई लागेको छ। तत्कालीन राज्य पक्ष र विद्रोही पक्षबीच भएको १० वर्षे सशस्त्र द्वन्द्वमा १७ हजारभन्दा बढी नेपालीले ज्यान गुमाए, १ हजार ३ सयभन्दा बढी नागरिक अझै बेपत्ता छन् भने हजारौँको संख्यामा घाइते र अपांग भएका छन्। ती हजारौँ सहिदका सपनाहरू आज सिंहदरबारको कुनामा धुलो जमेर बसेका छन्।

आफ्ना परिवारका सदस्य बेपत्ता पारिएका आमाहरूको आँसु अझै ओभानो हुन सकेको छैन। क्रान्तिका घाइते र अपांगहरू आज पनि शरीरमा गोलीका छर्राहरू बोकेर बैसाखीको सहारामा हिँडिरगेका छन्, तर उनीहरूको घाउमा मल्हम लगाउनुपर्ने राज्य कुर्सीको लुछाचुँडीमा व्यस्त छ। देसको आमूल परिवर्तन र नयाँ नेपाल निर्माणको लागि भन्दै राजनीतिक युद्ध लडियो, तर शान्ति प्रक्रियाका बाँकी काम र सङ्क्रमणकालीन न्यायको सवाललाई सधैँ ओझेलमा पारियो। के न्याय विनाको व्यवस्थालाई नै गणतन्त्र मान्ने ?

आज देशको राजनीति, सामाजिक र आर्थिक स्थिति पुरै अन्योलग्रस्त छ। देशको अर्थतन्त्र रेमिट्यान्सको जगमा टिकेको छ, तर त्यही रेमिट्यान्स पठाउने युवाहरू बाकसमा फर्कंदा राज्य मौन बस्छ। उद्योगधन्दा बन्द छन्, स्वदेशमा रोजगारी छैन, महँगीले आकाश छोएको छ र भ्रष्टाचार संस्थागत भइसकेको छ। वर्षौँदेखि पुराना राजनीतिक दलहरू देशको विकास कसरी गर्ने भन्नेमा होइन, कुन समीकरण बनाएर कसरी सत्तामा टिकिरहने भन्ने धमिलो खेलमा व्यस्त रहे।

यही बेथिति, भ्रष्टाचार र बेरोजगारीविरुद्ध नेपाली इतिहासमै पहिलोपटक 'जेन-जी' अर्थात् नयाँ पुस्ता सडकमा ओर्लियो। पुराना नेताहरूको सिन्डिकेट, नातावाद-कृपावाद र राज्यको अकर्मण्यताबाट आजित भएका युवाहरूले सामाजिक सञ्जाल र सडकबाट विद्रोहको बिगुल फुके। यो आन्दोलनले देशमा ठूलो राजनीतिक उथलपुथल ल्याउँदै नयाँ, शिक्षित र वैकल्पिक भनिएको नेतृत्वलाई सत्ताको बागडोर सुम्पिन बाध्य पाऱ्यो। तर, विडम्बना ! नयाँ भनिएका ती पात्रहरू र नयाँ सांसदहरू सत्ताको कुर्सीमा पुग्नेबित्तिकै पुरानै प्रवृत्तिको कार्बन कपी साबित हुन थालेका छन्।

हिजो सुशासनको गफ छाँट्ने नयाँ सांसदहरू नै आज विभिन्न आर्थिक घोटाला, सहकारी ठगी, र फौजदारी अपराधका घटनाहरूसँग जोडिएका समाचारहरू सार्वजनिक भइरहेका छन्। हिजो परिवर्तनको नारा बोकेकाहरू आज आफैँ कानुनको कठघरामा उभिनुपर्ने स्थिति आएको छ। झन् दुःखको कुरा त के छ भने, यो नयाँ सरकारले पनि गरिब, सुकुम्बासी र सीमान्तकृत वर्गको मर्म र पीडालाई बुझ्न सकेको छैन। डोजर आतंक फैलाएर सुकुम्बासीका झुपडीहरू भत्काउने तर उनीहरूको उचित व्यवस्थापनमा आँखा चिम्लिने क्रूरता आज पनि जारी छ।

पुराना दलहरू जस्तै यो सरकारले पनि राज्यका महत्त्वपूर्ण निकाय, संस्थान र सार्वजनिक ओहोदामा देशका दक्ष र योग्य विज्ञहरूलाई होइन, आफ्ना नातेदार, आसेपासे र नातागोतालाई मात्र भर्ती गर्ने लाजमर्दो शृंखला दोहोऱ्याइरहेको छ।

यति मात्र होइन, देशको मेरुदण्ड मानिएका शिक्षा, स्वास्थ्य र अर्थनीति जस्ता संवेदनशील क्षेत्रमा सरकारले दिनहुँजसो गरिरहेका अपरिपक्व, हचुवा र अप्रभावकारी निर्णयहरूले देशलाई अझ ठूलो आर्थिक र सामाजिक भड्खालोमा हाल्ने खतरा बढाएको छ। व्यापारीको स्वार्थमा नीति फेरिने, सरकारी विद्यालय र अस्पताल धराशयी बन्दै जाने तर बिचौलियाहरूको बिगबिगी बढ्ने यो खेलले आम जनतामा एउटा गम्भीर शंका उब्जाइदिएको छ। के हाम्रा तमाम आन्दोलनका मर्म, रगत र उपलब्धिहरू यसैगरी कौडीको भाउमा मरेर जाने हुन् ? के नयाँ भनिएकाहरू पनि केवल सत्ता र भत्ताकै भोका रहेछन् ?

'जेन-जी' आन्दोलनको जगमा र युवाहरूको आक्रोश बोकेर बनेको अबको सरकारसँग आम नागरिकको जुन आशा थियो, त्यो अब तीव्र निराशा र शंकामा बदलिन थालेको छ। अबको सरकारले केवल 'गणतन्त्र दिवस'को औपचारिकता र झन्डा हल्लाउने तामझाम निभाएर पुग्दैन। अबको नेतृत्वले द्वन्द्वपीडित, घाइते र बेपत्ता परिवारलाई राजनीतिक दाउपेचभन्दा माथि उठेर पूर्ण र तार्किक न्याय दिनै पर्छ।

दैनिक हजारौँको संख्यामा देश छोड्न बाध्य युवाहरूलाई स्वदेशमै सम्मानजनक रोजगारी, उद्योग, आधुनिक कृषि र प्रविधिमा नवीन अवसर सिर्जना गरी प्रतिभा पलायन रोक्नु अबको सरकारको पहिलो र मुख्य परीक्षा हुनेछ। सुशासनको ग्यारेन्टी, फाइल अड्काउने कर्मचारीतन्त्रको अन्त्य, सेवा प्रवाहमा शतप्रतिशत डिजिटल क्रान्ति र भ्रष्टाचारीहरू (चाहे ती जुनसुकै दलका ठूला ओहोदाका र नयाँ अनुहार किन नहोउन्) लाई कानुनको कठघरामा उभ्याउनु नै यो सरकारको मुख्य दायित्व हो।

# ‘राष्ट्र निर्माणमा दलित समुदायको योगदान प्रशंसनीय छ’



काठमाण्डु । पूर्वराष्ट्रपति विद्यादेवी भण्डारीले दलित समुदायले नेपालको एकीकरण अभियानदेखि राष्ट्र निर्माणका विभिन्न कालखण्डमा पुऱ्याउँदै आएको योगदान प्रशंसनीय रहेको बताउनुभएको छ ।

काठमाण्डुमा सोमबार आयोजित राष्ट्रिय दलित पत्रकार सङ्घ नेपालको दोस्रो राष्ट्रिय महाधिवेशनमा उहाँले नेपाल एकीकरणमा पृथ्वीनारायण शाहलाई सल्लाह दिने बिसे नगर्चीको योगदानको चर्चा गर्नुभयो । उहाँले दलित समुदायको दूरदर्शिता, समर्पण भावले राष्ट्रप्रति योगदान पुऱ्याउँदै आएका प्रस्ट पार्नुभयो ।

पूर्वराष्ट्रपति भण्डारीले भन्नुभयो, “नेपालको इतिहासमा सार्वजनिक सूचना प्रवाहको जग बसाल्ने कार्यमा समेत यो समुदायले सिर्जनशील योगदान पुऱ्याएको छ, यो अतुलनीय छ ।” उहाँका अनुसार कटुवाल प्रथादेखि सारङ्गीको धुन र गीतका माध्यबाट गाउँ बस्तीमा सूचना तथा सन्देश फैल्याउने कामको नेतृत्व यही समुदायले गरेको छ ।

पूर्वराष्ट्रपति भण्डारीले सञ्चार क्षेत्रमा यति ठूलो योगदान पुऱ्याएको दलित समुदाय पत्रकारिताको क्षेत्रमा मुस्किलले पाँच प्रतिशत मात्रै हुनु चिन्ताजनक विषय रहेको बताउनुभयो। उहाँले सञ्चारमाध्यमलाइ समाजको स्वरुप जस्तै पूर्णरूपमा समावेशी बनाउन आग्रह गर्नुभयो।

लामो राजनीतिक सङ्घर्ष र बलिदानबाट प्राप्त संविधान शताब्दियौँदेखि उत्पीडनमा पारिएका दलित, महिला, सीमान्तकृत समुदायको आत्मसम्मान अधिकारको सशक्त आधारका रूपमा रहेको पूर्वराष्ट्रपति भण्डारीले बताउनुभयो । समाजमा न्याय, समानता र मानवीय गरिमा स्थापित गर्ने यो अभियानमा आफ्नो सधैँ ऐक्यबद्धता रहने उहाँले प्रस्ट पार्नुभयो।

समाजको रुपान्तरणमा पत्रकारिता शक्तिशाली हतियारका रूपमा रहेको उल्लेख गर्दै पूर्वराष्ट्रपति भण्डारीले सरकारले दलित पत्रकारको क्षमता अभिवृद्धि, खोज पत्रकारितामा प्रोत्साहन, भौतिक तथा मानसिक सुरक्षाको सुनिश्चत गर्न विशेष कार्यक्रम ल्याउन जरुरी रहेकामा जोड दिनुभयो। रासस

# प्रधानमन्त्रीको अभिव्यक्तिविरुद्ध खेद प्रस्तावको माग

**टुडे समाचारदाता**

काठमाण्डु । प्रधानमन्त्री बालेन्द्र साहले प्रतिनिधिसभामा बोलेको ‘नेपालले पनि भारतको भूमि मिचेको’ अभिव्यक्तिलाई लिएर बागमती प्रदेशसभामा चर्को विरोध भएको छ ।

बागमती प्रदेशसभामा सोमबार बसेको बैठकमा विशेष समयमा बोल्दै सांसदहरूले प्रधानमन्त्री शाहको अभिव्यक्तिप्रति खेद प्रस्तावको माग उठाएका छन् । सांसदहरुले प्रधानमन्त्रीको अभिव्यक्तिले राष्ट्रिय स्वाधीनतामाथि खलल पुगेको, विश्वसामु नेपालको शीर झुकेको भन्दै संसद्बाट देश र जनतासँग क्षमायाचना गर्न अनुरोध गरेका छन् ।

नेकपा एमाले संसदीय दलका नेता पूर्वमन्त्री जगन्नाथ थपलियाले विशेष समयमा बोल्दै भारतले पनि स्वीकारेको नेपालको जमिन र कहिल्यै कसैले नबोलेको विषयमा बोलेर प्रधानमन्त्रीले इतिहासमा कालो धब्बा पोतेको बताए । विश्वसामु भारतको भूमि मिच्ने नेपालीको रूपमा दर्ज गराउने कार्य प्रधानमन्त्रीबाट भएकोले संसदमार्फत जनतासँग माफ माग्न अनुरोध गरे ।

बागमती प्रदेशसभाबाट प्रधानमन्त्रीको अभिव्यक्तिप्रति खेद प्रकट गर्नुपर्ने थपलियाले माग राखेका छन् । प्रधानमन्त्री शाहको भूमिकाप्रति आशंका पैदा भएको नेता थपलियाले जनाएको छ ।

‘मेयर हुँदा विशाल नेपालको नक्सा आफ्नो कार्यकक्षमा राखेको हैन ? त्यो नक्सा राखेर नागरिकको भावना भड्काउने काम गरेको र आज किन नेपालले भारतको भूमि मिचेको भन्नुहुन्छ ?,’ नेकपाका सांसद गंगानारायण श्रेष्ठले प्रश्न गरे ।



परराष्ट्र मन्त्रालयको प्रष्टोक्तिमा पनि श्रेष्ठले प्रश्न उठाउँदै नेपालले एक ठाउँ, दुई ठाउँ नभई धेरै ठाउँमा भारतको भूमि मिचिएको भनेर प्रधानमन्त्रीले अभिव्यक्ति दिएकोमा आपत्ति जनाए । सीमा विवादको विषयमा प्रधानमन्त्रीको अभिव्यक्ति अक्षम्य, देशद्रोही र राष्ट्रघाती भएको श्रेष्ठले आरोप लगाए ।

नेकपाकै सांसद सरल सहयात्री पौडेलले काठमाडौं महानगरको मेयर हुँदा कार्यकक्षमा ग्रेटर नेपालको नक्सा राखेकोमा अप्रत्यक्ष रूपमा भारतसँग माफी मागेर आत्मसमर्पण गर्न खोजेको हो ? भन्दै प्रश्न गरेका छन् ।

राप्रपा संसदीय दलका नेता तथा पूर्वमन्त्री उद्धव थापाले देशको हरेक परिवर्तन पछाडि जनताले धेरै ठूलो आशा गरी परिवर्तन हुँदै गएको तर जनताले निराशा मात्रै पाएको बताए । आजसम्म कसैले प्रमाणित गर्न नसकेको विषयमा प्रधानमन्त्रीले संसद्मा नेपालले भारतको भूमि मिचेको अभिव्यक्तिलाई लिएर आपत्ति जनाए ।

सरकारले १०० दिन नपुग्दै जनताको मुटुमाथि बाँण हान्ने काम गरेको भन्दै खेद प्रकट गरे । ‘लिपुलेक, लिम्पियाधुराको विषयमा बोल्न छोडेर प्रधानमन्त्रीले नेपालले भारतको भूमि मिचेको अभिव्यक्ति दिनु खेदजनक छ,’ उनले भने ।

नेपाली कांग्रेसका सांसद एवं पूर्वमन्त्री पुकार महर्जनले प्रधानमन्त्रीले भारतले मात्र नभई नेपालले पनि भारतको भूमि मिचेको भनेर दिएको अभिव्यक्तिको भर्त्सना गरे । प्रधानमन्त्रीको अभिव्यक्तिले राष्ट्रियता, भौगोलिक अखण्डता र राष्ट्रिय स्वाधितनामाथि खलल पुग्न सक्ने उनले बताए ।

इतिहासमा पहिलो पटक राष्ट्रिय स्वाधीनतामाथि खतरा पुगेको महसुस भएको सांसद महर्जनको भनाइ छ । प्रधानमन्त्रीलाई बोली फिर्ता लिन महर्जनले अनुरोध गरे । प्रदेश सांसद तथा पूर्वमन्त्री कृष्णप्रसाद सिलवालले सारा नेपालीको शीर निहुरिने गरी नेपालले भारतको भूमि ठाउँठाउँमा मिचिएको भन्ने प्रधानमन्त्रीले दिएको अभिव्यक्तिप्रति प्रदेशसभाबाट खेद प्रस्ताव पारित गर्नुपर्ने माग राखे ।

एमाले सांसद उर्मिला सुनुवारले प्रधानमन्त्रीको अभिव्यक्ति कानुनी र कूटनीतिक हिसाबले राष्ट्रघाती र आत्मघाती भएको भन्दै विरोध गरिन् ।

## प्रधानमन्त्रीको अभिव्यक्तिविरूद्ध देशभर आन्दोलन गर्ने घोषणा



**टुडे समाचारदाता**

काठमाण्डु । प्रधानमन्त्री बालेन्द्र (बालेन) साहको अभिव्यक्तिविरुद्ध नेपाली कम्युनिस्ट पार्टी (नेकपा) का जनवर्गीय संगठन समन्वय मोर्चाले देशभर आन्दोलकका कार्यक्रम घोषणा गरेको छ ।

सोमबार बसेको मोर्चाको बैठकले संघर्षका कार्यक्रम घोषणा गरेको मोर्चाका प्रमुख राजेन्द्र पाण्डेले जानकारी दिए ।

प्रतिनिधि सभाको आइतबारको बैठकमा प्रधानमन्त्री साहले ‘नेपालले पनि भारतको भूमि मिचेको’ भन्ने अभिव्यक्ति दिएका थिए । मोर्चाले उक्त अभिव्यक्तिको घोर निन्दा र भर्त्सना गर्दै जनतासँग माफी माग्नुपर्ने बताएको छ ।

मोर्चासँग सम्बन्धित पार्टीका जनवर्गीय संगठनहरूले प्रधानमन्त्रीको उक्त ’आत्मसमर्पणवादको विरोध गरौँ, राष्ट्रिय अखण्डताको रक्षा गरौँ’ भन्ने नाराका साथ आन्दोलनका कार्यक्रम घोषणा गरेको हो ।

जसअनुसार सबै सङ्गठनहरूले छुट्टाछुट्टै विज्ञप्ति जारी गर्ने, विरोधपत्र बुझाउने, विद्यार्थीहरूको संयुक्त पहलमा विरोध प्रदर्शन गर्ने, मसाल जुलुस निकाल्ने लगायतका २१ गतेसम्मका लागि संघर्षका कार्यक्रम घोषणा गरिएको मोर्चाका प्रमुख राजेन्द्र पाण्डेले जारी गरेको विज्ञप्तिमा उल्लेख गरिएको छ ।

## ‘संसद् नियमावली पारित गर्न भएको जबरजस्ती अदालतको विषय बन्नुपर्छ’



**टुडे समाचारदाता**

काठमाण्डु । नेपाली कांग्रेसका सभापति गगन थापाले प्रतिनिधिसभा नियमावली पारित गर्ने क्रममा आइतबार संसद्मा सत्तापक्षले गरेको व्यवहारले संसदीय इतिहासमा कालो दिन भएको बताएका छन् ।

आइतबार संसद् सञ्चालनको नियमावली बहुमतबाट पारित गरिएको थियो । विपक्षले भने छलफल गरेर पारित गर्नुपर्ने अडान राखेका थिए । सोही प्रसंगलाई उल्लेख गर्दै सभापति थापाले रूपन्देहीमा त्यसबारे टिप्पणी गरे ।

‘संसद्को नियमावली भनेको संसद् सञ्चालन गर्ने एउटा सानो कानुन हो । संसद् सञ्चालन गर्न बनाएको कानुनमा जबरजस्ती गरेर, संविधान र कानुनमा जे लेखिएको भएपनि संसद्मा आउने व्यक्तिसँग नेपालमा कोहीसँग पनि नभएको विशेष अधिकार हुन्छ,’ सभापति थापाले भने, ‘र, त्यो विशेष अधिकार के हो भने व्याख्याता सभामुख हुनुहुन्छ है भनेर अमुक व्यक्ति र पात्रका लागि हिजो संसद्को शक्तिको चरम दुरुपयोग भयो ।’

शक्तिको चरम दुरुपयोग हुँदै गर्दा कांग्रेसले प्रतिरोध गरेको सभापति थापाले बताए । संख्याको अहंकारमा सरकारले आफ्नो जिम्मेवारी विर्सिएको बेला ठीक ठाउँमा ल्याउने प्रतिपक्षको कर्तव्य भएको बताए ।रासस

# विश्व शान्तिमा नेपाली सेनाको योगदान महत्वपूर्ण : प्रधान सेनापति

काठमाण्डु । प्रधान सेनापति अशोकराज सिग्देलले संयुक्त राष्ट्रसंघको बडापत्रमा आधारित भइ राष्ट्रसंघीय शान्ति मिसनका माध्यमबाट विश्वका विभिन्न देशमा नेपाली सेनाले पुऱ्याउँदै आएको योगदान विश्व शान्तिका लागि महत्वपूर्ण रहेको बताउनुभएको छ ।

संयुक्त राष्ट्रसंघीय शान्ति सैनिकको अन्तरराष्ट्रिय दिवसका अवसरमा काभ्रेको पाँचखालस्थित वीरेन्द्र शान्ति कार्य तालिम केन्द्रमा आज आयोजित कार्यक्रममा उहाँले नेपाली सेनाले विश्वमा शान्ति स्थापनार्थ पुऱ्याएको ऐतिहासिक योगदानको स्मरण गर्नुभयो ।

नेपाली सेनाको मुख्य लक्ष शान्ति स्थापना गर्नु हो भन्दै प्रधान सेनापति सिग्देलले यही उद्देश्यमा अटल रहेर नेपाली सेनाले काम गरिरहेको स्पष्ट गर्नुभयो । कामप्रतिको प्रतिबद्धता, व्यावसायिकता र इमान्दारिता नेपाली सेनाको पहिचान रहेको उल्लेख गर्दै उहाँले नेपाली सेनाले विश्वस्तरमा आर्जन गरेको प्रतिष्ठा नेपाल र नेपालीका लागि गौरवको विषय हो भन्नुभयो ।

विभिन्न मिसनमा कार्यरत शान्ति सैनिकहरुलाई सम्बोधन गर्दै प्रधान सेनापति सिग्देलले भन्नुभयो, “हाल विभिन्न मिसनमा खटिएका



तथा निकट भविष्यमा खटिन लागेका सबै शान्ति सैनिकहरू, तपाईंहरूको सेवाले द्वन्द्वका कारण जोखिममा परेका विश्वका लाखौँ नागरिकको आशा र भरोसा बोकेको हुन्छ । तपाईँहरूको व्यावसायिकता, करुणा, इमानदारिता र त्यागले नेपालको वास्तविक भावनाको प्रतिबिम्बित गर्दछ । यही तथ्यलाई आत्मसात् गरेर आफ्नो शान्ति स्थापना कार्यमा लाग्नुहोला ।”

नेपाल सदैव विश्व शान्तिप्रति समर्पित रहँदै आएको बताउँदै प्रधान सेनापतिले शान्ति स्थापना कार्यका बहुआयामिक चुनौतीहरूको सामना गर्दै नेपाली शान्ति सैनिक जटिल र परिवर्तनशील परिस्थितिमा पनि अनुशासन, कर्तव्यवोध र पेशाप्रतिको समर्पणभावका पक्षमा अटल रहेकामा गौरव गर्नुभयो ।

विश्व शान्ति स्थापनाका लागि नेपाली सेनालाई आवश्यक सहयोग र विश्वास प्रदान गरेकामा संयुक्त राष्ट्रसङ्घ, विश्व समुदाय, रक्षा तथा परराष्ट्र मन्त्रालयसहित सम्बद्ध सबैप्रति उहाँले धन्यवाद व्यक्त गर्नुभयो ।

सो अवसरमा प्रधान सेनापति सिग्देलले मिसन इलाकामा मृत्यु भएका दुई जना सैनिकका परिवारलाई सम्मानपत्र र शान्ति स्थापनार्थ खटिइ उत्कृष्ट कार्य गर्ने पाँच जना सैनिकलाई कदरपत्र प्रदान गर्नुभयो ।

उक्त कार्यक्रममा उपरथी अनुपजङ्ग थापाले नेपाली सेनाले विविधताबीच एकता र सहकार्यमा आधारित शक्ति आर्जनका माध्यमबाट विश्वमा नै शान्ति सेनाको ख्याति आर्जन गरेको स्पष्ट गर्दै संयुक्त राष्ट्रसङ्घको आह्वानमा सन् १९५८ बाट शान्ति सैनिक खटाउँदै आएको नेपाल शान्ति सैनिक पठाउने राष्ट्रहरूको सूचीमा पहिलो स्थानमा रहेको जानकारी दिनुभयो ।

उहाँले विश्व शान्ति स्थापनाका पक्षमा नेपाली सेनाको भूमिका, योगदान र उपलब्धिका बारेमा पनि चर्चा गर्नुभएको थियो। संयुक्त राष्ट्रसङ्घीय मिसनअन्तर्गत हाल विश्वका विभिन्न नौ वटा मिसनमा नेपाली सेनाका चार हजार १७९ जना शान्ति सैनिक कार्यरत रहेका छन् । विश्व शान्ति स्थापनाका सिलसिलामा हालसम्म विश्वका विभिन्न मिसनमा गरी ४४ जना सैनिकले ज्यान गुमाएका जानकारी पनि सो अवसरमा दिइएको थियो ।

त्यस अवसरमा पाँचखालस्थित वीरेन्द्र शान्ति कार्य तालिम केन्द्रको भूमिकाका बारेमा जानकारी गराइएको थियो। सन् १९८६ मा स्थापना भएको यस केन्द्रले संयुक्त राष्ट्रसङ्घीय शान्ति मिसनमा जाने सैनिकलाई आवश्यक पूर्वतयारी, यससम्बन्धी आवश्यक अभ्यास तथा तालिम प्रदान गर्ने गर्दछ। रासस

# ‘बहुमतको मूर्ख बल र स्टन्टशैलीले राज्यलाई ठुलो क्षति भयो’

**टुडे समाचारदाता**

काठमाण्डु । नेपाल कम्युनिष्ट पार्टी(नेकपा) का प्रमुख सचेतक युवराज दुलालले प्रधानमन्त्री बालेन्द्र साहले संसद्मा दिएको सीमा सम्बन्धी अभिव्यक्ति राष्ट्रहितविपरीत, तथ्यहीन र आत्मसमर्पणवादी भएको आरोप लगाएका छन् । प्रतिनिधि सभाको सोमबार बसेको बैठकमा विशेष समय लिएर बोल्दै उनले प्रधानमन्त्रीको उक्त भनाइप्रति गम्भीर आपत्ति जनाएका छन् ।

प्रधानमन्त्री संसद्प्रति जवाफदेही हुनुपर्ने माग अनुसार उपस्थित भएर प्रश्नको उत्तर दिनु सकारात्मक भए पनि सीमा विवादबारे व्यक्त धारणा अक्षम्य रहेको उनले बताए । प्रमुख सचेतक दुलालले प्रधानमन्त्रीको अभिव्यक्तिमा नेपालको अतिक्रमित भूमि फिर्ता गर्न आवश्यक राष्ट्रिय अडान, कूटनीतिक परिपक्वता र दृढ इच्छाशक्ति नदेखिएको दाबी गरे ।

सीमावर्ती क्षेत्रमा नेपाली नागरिकले खेतीपाती गरेको विषयलाई भारतीय सेनाले नेपाली भूमिमा परेड खेलेर भूमि कब्जा गरेको अवस्थासँग तुलना गर्नु गम्भीर राष्ट्रिय आत्मसमर्पणवादी सोच भएको टिप्पणी उनले गरे । लिपुलेक, लिम्पियाधुरा र कालापानीसहित करिब ६० हजार हेक्टर नेपाली भूमि भारतद्वारा अतिक्रमण गरिएको नेपालको आधिकारिक दाबी जीवन्त



रहेको स्मरण गराउँदै उनले उक्त ऐतिहासिक तथ्यलाई दशगजामा हुने सीमापार खेतीपातीसँग तुलना गर्न नमिल्ने जिकिर गरे ।

प्रधानमन्त्रीको अभिव्यक्तिको बचाउ गर्दै परराष्ट्र मन्त्रालयले जारी गरेको स्पष्टीकरणलाई समेत उनले झुट र तथ्य तोडमोड गर्ने प्रयासको रूपमा अर्थ्याए। सत्तारूढ दलका सभापतिको भारत भ्रमणको पूर्वसन्ध्यामा प्रधानमन्त्रीको यस्तो अभिव्यक्ति आउनुले गम्भीर शंका उत्पन्न गरेको उनको तर्क छ । संसद्को रोस्टमबाट आक्रोश व्यक्त गर्दै दुलालले भने, ‘बहुमतले दिएको मूर्ख बल, अनुभवको अभाव र कूटनीतिक भाषाको महत्वको अनविज्ञता र स्टन्टशैलीको पराकाष्ठाले हिजो राज्यले ठुलो क्षति व्यहोर्नुपऱ्यो ।’

उनले राष्ट्रको प्रमुख पद जोशको मात्र नभई होस, अनुभव, ज्ञान र जिम्मेवारीबोधको पद भएको भन्दै ’नयाँ’ भन्ने मित्रहरूले यसबाट गम्भीर शिक्षा पाउनुपर्ने बताए । प्रधानमन्त्रीले तत्कालीन ब्रिटिस (युके) सरकारको प्रसंग निकाल्नु आत्मसमर्पणवादको अर्को पराकाष्ठा भएको टिप्पणी गर्दै उनले थपे, ‘अझै आश्चर्यको कुरा त सरकारवादी दलका सभापतिको भारत भ्रमणको पूर्वसन्ध्यामा प्रधानमन्त्री दौडिएर आएर यो अभिव्यक्ति दिनु भारत भ्रमणको अवसरमा भारतलाई दिएको उपहार त होइन ? गम्भीर संसय पैदा भएको छ ।’

उनले भारत आफैँले पनि नेपालले आफ्नो सिमाना मिचेको दाबी नगरेको र नेपाली सेना कुनै भारतीय भूमि कब्जा गरेर नबसेको अवस्थामा प्रधानमन्त्रीले नेपालले पनि भारतको भूमि मिचेको छ भन्नु घोर अज्ञानता भएको बताए । पुर्खाहरूले शिरको बलि चढाएर बचाएको देशको एक एक इन्च अतिक्रमित भूमि फिर्ता गर्ने सवालमा प्रधानमन्त्रीको जवाफ राष्ट्रघाती र आत्मसमर्पणवादी भएको बताए । उनले प्रधानमन्त्री साहले संसद्मा दिएको उक्त गलत अभिव्यक्ति फिर्ता नलिएसम्म सदन अगाडि बढ्न नदिने र बैठक चल्न नदिने दृढता व्यक्त गरे ।

# रास्वपा महाधिवेशन: सभापति लामिछानेको नेतृत्वमा महाधिवेशन मूल आयोजक समिति गठन

काठमाण्डु । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले आगामी असार ७ देखि ९ गतेसम्म चितवनमा हुन लागेको महाधिवेशनको तयारीलाई तीव्रगति दिएको छ ।

रास्वपाले पहिलो ऐतिहासिक महाधिवेशनलाई सम्पन्न गर्नका लागि पार्टी सभापति रवि लामिछानेको नेतृत्वमा मूल आयोजक समिति गठन गरेको हो ।

महाधिवेशनलाई भव्य र व्यवस्थित रूपमा सम्पन्न गर्नका लागि पार्टी सभापति लामिछानेको अध्यक्षतामा ‘महाधिवेशन मूल आयोजक समिति’ गठन गरिएको पार्टीका प्रवक्ता कविन्द्र बुर्लाकोटीले जानकारी दिनुभयो ।

उक्त समितिमा पार्टी उपसभापति एवम् अर्थमन्त्री डा स्वर्णिम वाग्ले, महामन्त्रीद्वय कविन्द्र बुर्लाकोटी र भूपदेव शाह, सहमहामन्त्री विपिनकुमार आचार्य, कोषाध्यक्ष लिमा अधिकारी, सहकोषाध्यक्ष बसुमाया तामाङ, प्रवक्ता मनिष झा, सचिवालय सदस्य विराजभक्त श्रेष्ठ र दीपकराज बोहरा रहनुभएको छ ।

यसैगरी, समितिमा गणेश पराजुली कानुनमन्त्री सोविता गौतम, परराष्ट्रमन्त्री शिशिर खनाल, हरि ढकाल, सरिता ज्ञवली र सागर ढकाल हुनुहुन्छ । समितिको पूर्णताका लागि पार्टीका सबै केन्द्रीय सदस्य र सातै प्रदेशका प्रदेश सभापतिलाई पनि मूल आयोजक समितिमा समेटिएको महामन्त्री बुर्लाकोटीले बताउनुभयो । रासस


## भाखा नाघेको कर्जा बुझाउने बारे कृषि विकास बैंक लि शाखा कार्यालय सबैलाको २१ दिने सुचना

सूचना प्रकाशित मिति : २०८३/०२/१९

यस बैंकको तपसिलका कार्यालयहरुबाट तपसिल बमोजिमका व्यक्ति/फर्म/कम्पनीहरुले निम्न उद्देश्यका लागि विभिन्न मितिमा कर्जा लिई हालसम्म कर्जा नबुझाई भाखा नाघी निम्न लेखिए बमोजिम अनुसारको रकम बुझाउने सम्बन्धमा सम्बन्धित कार्यालयले वारम्वार ताकेता गर्दा पनि आलटाल गरी बुझाउनु पर्ने कर्जाको साँवा, ब्याज तथा बैंकले पाउनुपर्ने अन्य रकम समेत नबुझाएको हुँदा यो सुचना प्रकाशित भएको मितिले २१ दिनभित्र सम्बन्धित कार्यालयमा बुझाउनका लागि यो सुचना प्रकाशन गरिएको छ । उल्लेखित मिति भित्र पनि रकम दाखिला हुन नआएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, कृषि विकास बैंक लि. को कर्जा असुली कार्यविधि तथा प्रचलित ऐन नियम बमोजिम कर्जा लिदा लेखिदिएको धितो लिलाम बिक्री वा अन्य व्यवस्था गरी बैंकको सम्पुर्ण लेना रकम असुल उपर गरिने व्यहोरा समेत जानकारी गराउदछौं । साथै तपसिल बमोजिमका व्यक्ति/फर्म/कम्पनीहरुलाई बैंकबाट कर्जा लिन मन्जुरीनामा दिने व्यक्तिहरुलाई समेत यसै सुचनाद्वारा कर्जा बुझाउन जानकारी गराइएको छ ।

| क्र. स. | कर्जा ग्राहकको नाम | ठेगाना | पिता/पतिको नाम | बाजे/ससुरा | मिसिल न. | कर्जाको उदेश्य | सांवा रकम बांकी | २०८२।१२।०१ सम्मको ब्याज | जम्मा तिर्नुपर्ने रकम | ग्रहक नं | मोवाईल न. |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | सूनिल विज भण्डार/प्रो सरोज कुमार साह | धनुषाधाम ०३ | चन्देश्वर साह तेली | गजधर साह | २३७०३ | व्यापार | ८०६१२३ | २४५५१ | ८३०६७४ | ९८७४१९ | ९८०९६२५७१६ |
| २ | जय किशान मत्सय पशूपक्षीं तथा कृषि फर्म /प्रो हरिशंकर राय | सवैला ०९ | रामशरण राय | चौधरी राय | २४२७४ | सहुलियत कर्जा | ५९८४१३९ | १३७९६८ | ६१२२१०७ | १९८४१७७ | ९८१२०२३६०२ |
| ३ | सोमिन्द्र यादव | भुतही पटेर्वा ०१ | शितल यादव | मकुन यादव | २४४६९ | सरल कृषि कर्जा | १२००००० | ४९१०२ | १२४९१०२ | १५८९०५८ | ९८०७६६९५१८ |
| ४ | धनराज जेनरल स्टोर्स/प्रो रामभगत राय | धनुषाधाम ०२ | बासूदेव राय अमात | महादेव राय अमात | २४१४३ | व्यापार | ७१५००० | ४६७०९ | ७६१७०९ | १८३१५२१ | ९८२८०१४७१० |
| ५ | पुरुषोतम दास यादव | कजरा रमौल ०७ | मकसुदन यादव | रामसोभित यादव | २३९५० | सरल कृषि कर्जा | ९९५००० | ३०६०२ | १०२५६०२ | ९८७५५४ | ९८०९३०६६८२ |
| ६ | विजय कोल्ड स्टोर/प्रो विजय कुमार नायक | सवैला ०२ | श्री कृष्ण चन्द्र नायक | अवधी नायक | २३९७७ | व्यापार | ९३९४१७ | ५३८०२ | ९९३२१९ | १५६४०३३ | ९८१७६६९४४४ |
| ७ | क्षितिज कोल्ड स्टोर/प्रो मोहित कुमार साह | पचेर्वा ०५ | रामवृक्ष साह | शिवनन्दन साह | २४०५० | व्यापार | १७९९९९६ | ५५१८७ | १८५५१८३ | १७७१४२९ | ९८२२०५२४२० |
| ८ | विनित किराना स्टोर्स/प्रो जगदिश महासेठ | वरमझिया ०८ | वैजनाथ महासेठ | उचित महासेठ | २३२६९ | व्यापार | १९७६२७३ | ६०५९२ | २०३६८६५ | ९८७३०१ | ९८१७८२२४३७ |
| ९ | रामविलास यादव | सवैला ०४ | कूसिया यादव | मखन यादव | २४०८४ | सरल कृषि कर्जा | ७००००० | ११४१० | ७११४१० | १८२६३५९ | |

कृषि विकास बैंक लि.
मधेश प्रदेश कार्यालय, जनकपुर

# सम्झौताका लागि लेबनानमा पनि युद्धविराम प्रमुख शर्तः इरान

रासस/एएफपी । मध्यपूर्व युद्ध अन्त्यका लागि संयुक्त राज्य अमेरिकासँग कुनै पनि सम्झौताका लागि लेबनानमा युद्धविराम एक प्रमुख शर्त भएको इरानको विदेश मन्त्रालयले सोमबार जनाएको छ।

"हामी युद्ध अन्त्य गर्ने कुनै पनि सम्झौताका लागि लेबनानमा युद्धविराम अनिवार्य शर्त भएको कुरामा जोड दिन्छौं," लेबनानमा इजरायलले आक्रमण विस्तार गरेपछि प्रतिक्रिया दिँदै इरानी विदेश मन्त्रालयका प्रवक्ता इस्माईल बघाईले भन्नुभयो।

इजरायली प्रधानमन्त्री बेन्जामिन नेतान्याहूले लेबनानमा इरान समर्थक हेजबुल्लाह समूहलाई लक्षित गरी गहिरो धक्का दिने वाचा गर्नुभएको छ।

इजरायलले मध्ययुगीन ब्यूफोर्ट महल नियन्त्रणमा लिएपछि सोमबार आपतकालीन बैठक बोलाउने तयारी संयुक्त राष्ट्रसङ्घ सुरक्षा परिषद्ले गरेको छ।

बघाईले इरानले लेबनान र यहुदी शासनको गैरकानुनी आक्रमणविरुद्ध प्रतिरोधका लागि सबै कदम चाल्ने बताउनुभएको छ।

उहाँको टिप्पणी यस्तो समयमा आएको छ जब तेहरान र वाशिङ्गटनले युद्ध अन्त्य



गर्ने उद्देश्यका लागि फ्रेमवर्क सम्झौतालाई अन्तिम रूप दिने प्रयासमा सन्देशहरू आदानप्रदान गरिरहेका छन् । इरानमा फेब्रुअरीको अन्त्यमा सुरू भएको अमेरिका-इजरायल आक्रमणपछि इरानले देखाएको प्रतिक्रियाले मध्यपूर्वलाई तनावग्रस्त अवस्थामा धकेलेको छ।

इरान, संयुक्त राज्य अमेरिका र इजरायलबीच अप्रिल ८ देखि युद्धविराम जारी छ, तर तेहरानले लेबनानलाई युद्धविरामको दायरामा राख्नुपर्छ भन्ने अडानका बाबजुद लेबनानमा सैन्य टकराव जारी छ।

इरानको दक्षिणी बन्दरगाह शहरमा रहेको टेलिकम्युनिकेसन टावरमा अमेरिकाले आक्रमण गरेपछि सोमबार बघाईले अमेरिकाले युद्धविराम उल्लङ्घन गरेको आरोप लगाउनुभएको थियो।

इरानको रिभोलुसनरी गाड्र्सले आक्रमण भएको अमेरिकी आधार शिविरलाई निशाना बनाएको जनाएको छ।

बकाईले भन्नुभयो, "इरानले इरानको राष्ट्रिय सुरक्षाका लागि आवश्यक पर्ने सबै कदम चाल्नेछ।"

उहाँले भन्नुभयो, "इरानले वाशिङ्गटनसँगको आफ्नो आदानप्रदानमा सहुलियत खोजिरहेको छैन, बरु अमेरिकी प्रतिबन्धहरू अन्तर्गत विदेशमा रोक्का गरिएको सम्पत्तिको रिहाईसहित आफ्नो अधिकार पूरा गर्न खोजिरहेको छ।

उहाँले भन्नुभयो, "वाशिङ्गटनका लागि एक प्रमुख शर्त इरानको परमाणु कार्यक्रमसँग सम्बन्धित विवरणहरू अझै सम्झौताका लागि आदानप्रदानको हिस्सा भएका छैनन्।"

"आणविक कार्यक्रमको फाइलको विवरणबारे कुनै वार्ता भएको छैन। यस चरणमा, हाम्रो प्राथमिकता युद्ध अन्त्य गर्नु हो," बघाईले भन्नुभयो।

"अमेरिकासँग सन्देशको आदानप्रदान जारी रहेको तर 'हामी अझै अन्तिम निष्कर्षमा पुग्न सकेका छैनौं'," उहाँले भन्नुभयो।

उहाँले भन्नुभयो, "उपयुक्त समयमा हस्ताक्षरको व्यवस्थाबारे निर्णय गर्छौं।"

# ब्राजिल र अमेरिकाको जित



**टुडे समाचारदाता**

एजेन्सी । फिफा विश्वकप २०२६ नजिकिँदै जाँदा सहभागी ४८ राष्ट्रले अन्तिम तयारीलाई तीव्रता दिएको छ।

मैत्रीपूर्ण खेलमार्फत टोलीहरूले आफ्नो खेल रणनीति परीक्षण गर्नुका साथै अन्तिम टोली छनोटको तयारी गरिरहेका छन्।

आइतबार भएको मैत्रीपूर्ण खेलमा ब्राजिल, अमेरिका र जर्मनी विजयी भएका छन्। मुख्य प्रशिक्षक कार्लो एन्सेलोट्टीको नेतृत्वमा रहेको ब्राजिलले रियो दि जेनेरियोमा पानामामाथि शानदार ६-२ को जित दर्ता गराइसकेको छ।

दोस्रो मिनेटमा भिनिसियस जुनियरले लामो दूरीको उत्कृष्ट प्रहारमार्फत खेलको सुरुआती गोल गरे। तर १४ औं मिनेटमा अमिर मुरिलोको फ्रिकिक माथेउस कुन्हाको शरीरमा लागेर गोलमा परिणत भएपछि पानामाले बराबरी गरेको थियो।

३९ औं मिनेटमा कासेमिरोले गोल गरेपछि ब्राजिलले पुनः अग्रता लियो। त्यसपछि ५३औं मिनेटमा रायानले ब्राजिलका लागि आफ्नो पहिलो अन्तर्राष्ट्रिय गोल गरेको थियो।

लुकास पाकेटा, इगोर थियागो र डानिलोले थप गोल गर्दै जितलाई फराकिलो बनाए । खेलको अन्त्यतिर कार्लोस हार्भीले उत्कृष्ट प्रहारमार्फत पानामाका लागि दोस्रो गोल फर्काए।

त्यस्तै सह-आयोजक अमेरिकाले चार्लोटमा भएको रोमाञ्चक खेलमा सेनेगललाई ३-२ ले पराजित गरेको थियो।

सेर्जिनो डेस्टले सातौं मिनेटमा र कप्तान क्रिस्टियन पुलिसिकले २० औं मिनेटमा गोल गरेपछि अमेरिका सुरुआती चरणमै २-० ले अगाडि रह्यो।

तर पहिलो हाफको अन्त्यतिर र दोस्रो हाफको सुरुआतमा साडियो मानेले लगातार २ गोल गर्दै खेललाई बराबरीमा ल्याए।

पहिलो गोलमा मानेले तीव्र प्रतिआक्रमणलाई सफलतापूर्वक गोलमा परिणत गरे भने दोस्रो गोल अमेरिकाको रक्षापङ्क्तिको गल्तीको फाइदा उठाउँदै गरेका हुन्।

तर प्रशिक्षक माउरिसियो पोचेट्टिनोको टोलीले हार मानेन। ६३ औं मिनेटमा टिम वेहको लो क्रसमा फोलारिन बालोगुनले सहज गोल गर्दै अमेरिकालाई ३-२ को जित दिलाए।

अर्को खेलमा जर्मनीले आफ्नो विश्वकपअघिको अन्तिम घरेलु मैत्रीपूर्ण खेलमा फिनल्यान्डलाई ४-० ले पराजित गर्दै प्रभावशाली प्रदर्शन गर्‍यो।

डेनिज उन्डाभले दुई गोल गर्नुका साथै एक असिस्ट दिए। फ्लोरियन भिट्र्स र जमाल मुसियालाले गोल थपेको थियो।

# क्षेत्रीय शान्तिका लागि हिजबुल्लाहले आक्रमण रोक्नुपर्ने अमेरिकी अडान



रासस/एएफपी । अमेरिकी विदेशमन्त्री मार्को रुबियोले लेबनानका राष्ट्रपति जोसेफ आउन र इजरायली प्रधानमन्त्री बेन्जामिन नेतान्याहूसँग हाल जारी कूटनीतिक प्रयासबारे छलफल गर्नुभएको छ। एक वरिष्ठ अमेरिकी अधिकारीका अनुसार, अमेरिकाले यस क्षेत्रको तनाव घटाउन र नागरिकहरूको सुरक्षा सुनिश्चित गर्न उद्देश्यसहित एक चरणबद्ध प्रस्ताव अघि सारेको छ।

ती अधिकारीले नाम सार्वजनिक नगर्ने सर्तमा एएफपीसँग कुरा गर्दै बताउनुभयो कि प्रस्तावअनुसार, हिजबुल्लाहले सबै प्रकारका आक्रमणहरू पहिले रोक्नुपर्नेछ। त्यसपछि मात्र इजरायलले बेरुततर्फ कुनै पनि प्रकारको सैन्य तनाव वा विस्तार नगर्ने प्रतिबद्धता जनाउनेछ।

इजरायली प्रधानमन्त्री बेन्जामिन नेतान्याहुले आइतबार लेबनानभित्र इजरायली सेनाको गतिविधि विस्तार गर्ने चेतावनी दिनुभएको छ, जसले क्षेत्रीय स्थिति थप संवेदनशील बनाएको छ। यता फ्रान्सले अवस्थालाई ध्यानमा राख्दै संयुक्त राष्ट्र सुरक्षा परिषदको आपतकालीन बैठक सोमबारका लागि आह्वान गरेको छ।

अमेरिकी अधिकारीका अनुसार लेबनानका राष्ट्रपति जोसेफ आउनले अमेरिकी प्रस्तावलाई अगाडि बढाउने प्रयास गर्नुभएको भए पनि संसद सभामुख नबीह बेरीको प्रतिक्रिया अपेक्षाअनुसार सकारात्मक नभएको बताइएको छ। बेरीलाई इरान समर्थित हिजबुल्लाहसँग निकट मानिन्छ।

हिजबुल्लाहले भने आफ्नो तर्फबाट इजरायलले पहिले आक्रमण रोक्नुपर्ने अडान दोहोऱ्याउँदै आएको छ।

अमेरिकी अधिकारीले भन्नुभयो, "हिजबुल्लाहले इरानको मार्गनिर्देशन पछ्याइरहेको देखिन्छ, र यसले लेबनानी जनताको दीर्घकालीन हितलाई प्राथमिकतामा राखेको देखिँदैन।"

उहाँका अनुसार, हालको अवस्थामा सबैभन्दा छिटो र प्रभावकारी उपाय भनेको हिजबुल्लाहले तुरुन्तै आक्रमण रोक्नु हो, जसले दुवै पक्षका नागरिकको सुरक्षा सुनिश्चित गर्न र तनाव कम गर्न मद्दत गर्नेछ।

यसैबीच, इजरायल र लेबनानबीच जुन २ र ३ तारिखमा वाशिङ्टनमा अर्को चरणको वार्ता हुने तय भएको छ। यी दुई देशबीच औपचारिक कूटनीतिक सम्बन्ध नभए पनि अमेरिकाको मध्यस्थतामा संवाद अघि बढिरहेको छ।

लेबनानको स्वास्थ्य मन्त्रालयका अनुसार, मार्च महिनादेखि हालसम्म इजरायली आक्रमणमा तीन हजार ४१२ भन्दा बढी मानिसको मृत्यु भएको छ भने १० लाखभन्दा बढी मानिस विस्थापित भएका छन्।

# इयूबारे जनमत सङ्ग्रहका लागि रुसको दबाब अर्मेनियाद्वारा अस्वीकार

रासस/एएफपी । अर्मेनियाका प्रधानमन्त्री निकोल पाशिन्यानले सोमबार रुसी नेता भ्लादिमिर पुटिनले येरेभानलाई ईयूमा सामेल हुने वा नहुने भन्ने बिषयमा जनमत संग्रह गर्न आग्रह गरेको आह्वानलाई अस्वीकारगर्नुभएको छ।

छिमेकी अजरबैजानसँगको विवादमा मस्कोले आफ्नो रक्षा नगरेकोमा निराश हुँदै हालैका वर्षहरूमा अर्मेनियाले अन्य सहयोगीहरूको खोजी गरेको छ। उसको रवैयाले क्रेमलिनलाई आक्रोशित बनाएको छ।

पुटिनले गत हप्ता युरोपेली सङ्घसँग अर्मेनियाको मेलमिलापको आलोचना गर्नुभएको थियो र 'जतिसक्दो चाँडो' जनमत सङ्ग्रहको लागि आह्वान गर्नुभएको थियो । उहाँ युरोपेली सङ्घ र मस्को नेतृत्वको युरेसियन इकोनोमिक युनियन (इइयू) दुवैको सदस्यता कायम गर्र्न असम्भव रहेको बताउनुभएको थियो।

पाशिन्यानले फेसबुकमा एक भिडियो सम्बोधनमा भन्नुभयो, "जनमत सङ्ग्रह गर्नु अतार्किक हो। दुई समूहबीचको छनौट अपरिहार्य नहुँदासम्म अर्मेनियाले आधिकारिक रूपमा सदस्यताको लागि इयूमा आवेदन गर्दैन वा उम्मेदवारको स्थिति प्राप्त गर्ने सम्भावनाको नजिक



पुग्दैन ।" शनिबार मस्कोले येरेभानको बढ्दो ईयू सम्बन्धबारे 'परामर्श' का लागि अर्मेनियाका लागि आफ्ना राजदूतलाई फिर्ता बोलाएको थियो।

रूसी नेता पुटिनले अघिल्लो दिन चेतावनी दिँदै भन्नुभयो, "युक्रेनी परिदृश्य" किएभले इयूमा सामेल हुने प्रयास गरेसँगै सुरु भएको थियो। अर्मेनियालाई ब्रसेल्सतर्फ नजान राम्रो हुनेछ।"

पाशिन्यानले आर्मेनिया-रुस सम्बन्ध 'परिवर्तनको चरणमा छ' भन्नुभएको छ । "हामी रूससँग नयाँ सम्बन्ध निर्माण गर्दैछौं र मलाई विश्वास छ। हामी सफल हुनेछौं रूससँग हाम्रो सम्बन्ध खुला र इमानदार छ," उहाँले भन्नुभयो।

क्रेमलिनले सोमबार दिएको जानकारी अनुसार पुटिन र पाशिन्यानले हालै फोनमा कुराकानी गरेका थिए, केवल उनीहरूले गत हप्ता कजाकिस्तानमा भएको युरेसियन शिखर सम्मेलनको बारेमा छलफल गरेका थिए, जहाँ पुटिनले चेतावनी दिएका थिए।

मस्कोले पुटिनले पाशिन्यानलाई जन्मदिनको शुभकामना दिएको पनि बताएको छ। अझै पनि औपचारिक रूपमा मस्कोसँग गठबन्धन गरिएको आर्मेनिया ईईयूको सदस्य बनेको छ।

तर अजरबैजानले सन् २०२३ मा तत्कालीन विवादित काराबाख क्षेत्रमा सैन्य कब्जा गरेपछि सम्बन्ध तीव्र रूपमा बिग्रिएको छ, जसले यसको जातीय अर्मेनियाली जनसंख्यालाई पलायन हुन प्रेरित गरेको थियो।

रुसले आर्मेनियाको रक्षा गर्न असफल भएको आरोप पाशिन्यान लगाउनुभएको छ र सन् २०२४ मा मस्कोको नेतृत्वमा रहेको सुरक्षा व्यवस्थामा उसको सहभागिता रोक्नुभएको छ।

# बुद्धशान्ति बर्खा स्मृति हाफ म्याराथन हुने

**टुडे समाचारदाता**

झापा । झापाको बुद्धशान्तिमा खुला हाफ म्याराथन प्रतियोगिता हुने भएको छ। सो प्रतियोगिता साउन १९ गते बुद्धशान्ति गाउँपालिकामा आयोजना हुने भएको छ।

आयोजक बर्खा स्मृति प्रतिष्ठानका अध्यक्ष मदन प्रसाईंका अनुसार एथलेटिक्स खेलाडीलाई प्रोत्सहान गर्ने उद्देश्यले बुद्धशान्तिमै पहिलोपटक हाफ म्याराथन हुन लागेको छ।

प्रतियोगिताको विजेताले ५० हजार रुपैयाँ, दोस्रो हुनेले ४० हजार, तेस्रोले ३० हजार, चौथोले २० हजार, पाँचौंले १० हजार रुपैयाँ र ट्रफी प्राप्त गर्नेछन्। विजयी धावकललाई आयोजकले एक वर्षको लागि जीवन बीमा गरिदिने भएको छ।

हाफ म्याराथन बुद्धशान्ति गाउँपालिकाको प्राङ्गणबाट सुरु भई पुलचोकस्थित हडियाको पुल उत्तर पूर्वबाट बुद्धशान्ति-४ मंगलबारे हुँदै मदन भण्डारी राजमार्गदेखि बुद्धशान्ति-१, नमुना भोटेटार





चोक, होक्से चोक, जयपुरदेखि बुधबारे चोक भएर गाउँपालिकाको प्राङ्गणमा आएर सम्पन्न हुनेछ।

२१ किलोमिटर दूरीको सो प्रतियोगितामा नेपाल र भारतका गरी ४ सय जना धावकलाई सहभागी गराइने आयोजकले लक्ष्य लिएको प्रसाईंले जानकारी दिए। प्रतियोगितामा सहभागी हुन साउन १० गतेभित्र अनलाइन फर्म भर्नुपर्ने आयोजकले जनाएको छ।

यसअघि प्रतिष्ठानले दुई संस्करण अन्तरपालिका जिल्लास्तरीय क्रिकेट प्रतियोगिता आयोजना गरेको थियो।

# केन्यामा इबोला केन्द्रविरुद्ध प्रदर्शन

रासस/एएफपी । अमेरिकी नागरिकहरूका लागि केन्यामा इबोला सङ्क्रमितहरूलाई अलग्गै राखेर उपचार तथा निगरानी गर्ने केन्द्र स्थापना गर्ने योजनाविरुद्ध विरोध चर्किएको छ। केन्याको मध्य क्षेत्रीय सहर नान्युकीमा सयौँ युवाहरूले सोमबार सडकमा उत्रिएर प्रस्तावित केन्द्रको विरोध गरेका छन् भने अदालतले यसअघि नै सुविधा स्थापना र विदेशी बिरामीहरूको आगमन अस्थायी रूपमा रोक्न आदेश दिएको थियो।

प्रदर्शनकारीहरूले इबोलाविरुद्ध नाराबाजी गर्दै लाइकीपिया एयर बेसको मुख्य प्रवेशद्वारसम्म पदयात्रा गरेका थिए । यही सैन्य आधार क्षेत्रमा अमेरिकी नागरिकसहित विदेशी इबोला सङ्क्रमितहरूलाई अलग्गै राखेर उपचार र निगरानी गर्न मिल्ने नयाँ केन्द्र स्थापना गर्ने योजना सार्वजनिक भएपछि स्थानीय असन्तोष बढेको हो।

यो विरोध प्रदर्शन केन्याको उच्च अदालतले सुविधा सञ्चालन र विदेशी बिरामी ल्याउने प्रक्रिया रोक्न अन्तरिम आदेश जारी गरेको दुई दिनपछि भएको हो। अदालतमा केन्याको ल सोसाइटी र एक संवैधानिक निगरानी संस्थाले दायर गरेको मुद्दामाथि सुनुवाइ भइरहेका बेला यो आदेश आएको थियो।

मुद्दा दायर गर्ने संस्थाहरूले केन्याको स्वास्थ्य प्रणाली अझै पर्याप्त रूपमा सक्षम नरहेको तर्क गरेका छन्। उनीहरूको भनाइमा देशको सीमित स्वास्थ्य पूर्वाधारलाई ध्यानमा



राख्दा विदेशी इबोला बिरामीहरूलाई केन्यामा ल्याएर अलग्गै निगरानी र उपचारमा राख्नु जोखिमपूर्ण हुन सक्छ।

अमेरिकी अधिकारीहरूले गत बिहीबार संयुक्त राज्य अमेरिकाले विदेशमा रहँदा इबोलाबाट सङ्क्रमित भएका आफ्ना नागरिकहरूलाई तत्काल अमेरिका फिर्ता पठाउनुको सट्टा केन्यास्थित नयाँ केन्द्रमा राख्ने योजना बनाइरहेको बताएका थिए । प्रशासनिक योजनाबारे जानकारी दिन नाम सार्वजनिक नगर्ने सर्तमा बोल्दै उनीहरूले यो सुविधा लाइकीपिया एयर बेसमा सञ्चालन हुने र शुक्रबारसम्म ५० वटा अलग्गै उपचार र निगरानीका शय्यासहित तयार हुने बताएका थिए।

यद्यपि केन्या सरकारले यो केन्द्र केवल अमेरिकी नागरिकका लागि बनाइएको भन्ने धारणा अस्वीकार गरेको छ । केन्याका स्वास्थ्य मन्त्री एडेन डुअलेले आइतबार उक्त सुविधा 'सबैका लागि' बनाइने र यसलाई केवल अमेरिकी नागरिकहरूसँग जोडेर हेर्न नहुने स्पष्ट पार्नुभएको थियो।

यसैबीच अमेरिकी सरकारले केन्याको इबोला प्रतिकार तथा तयारी कार्यक्रमलाई आर्थिक सहयोग गर्ने प्रस्ताव पनि अघि सारेको छ । अमेरिकी विदेशमन्त्री मार्को रुबियोले जारी गरेको विज्ञप्तिअनुसार वासिङ्टनले केन्याको इबोला तयारी प्रयासका लागि ३५ लाख अमेरिकी डलर सहयोग प्रतिबद्ध गर्न चाहेको छ।

केन्यामा प्रस्तावित इबोला केन्द्रलाई लिएर अहिले सार्वजनिक स्वास्थ्य, राष्ट्रिय सुरक्षा, विदेशी सहयोग र स्वास्थ्य प्रणालीको क्षमता सम्बन्धी बहस तीव्र बनेको छ । स्थानीय स्तरमा विरोध जारी रहेकाले आगामी दिनमा अदालतको निर्णय र सरकारी कदममाथि विशेष चासो केन्द्रित भएको छ।

# चीनद्वारा इन्टरनेट प्रविधिको नयाँ परीक्षण उपग्रह सफल प्रक्षेपण

रासस/एएफपी । चीनले इन्टरनेट तथा सञ्चार प्रविधिको विकासलाई थप सुदृढ बनाउने उद्देश्यसहित नयाँ परीक्षण उपग्रह सफलतापूर्वक अन्तरिक्षमा पठाएको छ। आइतबार बिहान दक्षिणपश्चिमी सिचुआन प्रान्तस्थित उपग्रह प्रक्षेपण केन्द्रबाट उक्त उपग्रह प्रक्षेपण गरिएको हो।

चिनियाँ समयअनुसार बिहान २ बजेर ७ मिनेटमा वाहक रकेटमार्फत प्रक्षेपण गरिएको उपग्रह निर्धारित कक्षामा सफलतापूर्वक स्थापित भएको चिनियाँ अन्तरिक्ष निकायले जनाएको छ। प्रक्षेपण प्रक्रिया पूर्ण रूपमा सफल रहेको र उपग्रहले आफ्नो प्रारम्भिक कार्य सञ्चालन सुरु गरिसकेको बताइएको छ।

अधिकारीहरूका अनुसार यो उपग्रह मुख्य रूपमा प्रत्यक्ष मोबाइल-उपग्रह ब्रडब्यान्ड जडान प्रविधिको परीक्षण तथा प्रमाणीकरणका लागि प्रयोग गरिनेछ। यस प्रविधिमार्फत भविष्यमा सामान्य मोबाइल फोन प्रयोगकर्ताले पृथ्वीका दुर्गम क्षेत्रहरूमा समेत उपग्रहमार्फत प्रत्यक्ष इन्टरनेट तथा सञ्चार सेवा प्राप्त गर्न सक्ने अपेक्षा गरिएको छ।

उपग्रहले अन्तरिक्ष र भू-भागबीच एकीकृत सञ्चार सञ्जाल निर्माणसम्बन्धी विभिन्न प्रविधिको पनि परीक्षण गर्नेछ। यसले भविष्यमा अझ प्रभावकारी, स्थिर तथा फराकिलो पहुँच भएको सञ्चार पूर्वाधार विकास गर्न सहयोग पुग्ने विश्वास गरिएको छ।

विशेषज्ञहरूका अनुसार प्रत्यक्ष मोबाइल-उपग्रह जडान प्रविधि विकास भएसँगै हिमाली क्षेत्र, मरुभूमि, समुद्री क्षेत्र तथा प्राकृतिक विपद्का समयमा समेत सञ्चार सेवा उपलब्ध गराउन सहज हुनेछ। यस्तो प्रविधिले परम्परागत भू-आधारित सञ्चार संरचनामा निर्भरता कम गर्दै आपत्कालीन अवस्थामा भरपर्दो सञ्चार माध्यम उपलब्ध गराउन मद्दत पुऱ्याउनेछ।

यस प्रक्षेपणसँगै चीनको वाहक रकेट शृंखलाले ६४६औं उडान अभियान सफलतापूर्वक सम्पन्न गरेको छ। यो उपलब्धिले चीनको अन्तरिक्ष कार्यक्रम निरन्तर विस्तार भइरहेको र देशले अन्तरिक्ष प्रविधि तथा उपग्रह सञ्चार क्षेत्रमा आफ्नो क्षमता मजबुत बनाउँदै लगेको संकेत गरेको छ।

# तेह्र वर्षमुनिको उपाधि पल्सर सिइसीलाई

कीर्तिपुर। प्रथम सुवर्णशमशेर स्मृति क्रिकेट लिग प्रतियोगिताको उपाधि पल्सर क्रिकेट एक्सिलेन्स सेन्टर (सिइसी) ले हात पारेको छ।

कीर्तिपुरस्थित लेबोरटरी स्कुलमा आज सम्पन्न फाइनलमा पल्सर सिइसीले एन्जल्स स्पोर्टस क्रिकेट एकेडेमीलाई नौ विकेटले हराउँदै उपाधि प्राप्त गरेको हो।

फाइनलमा टस जितेर पहिले ब्याटिङ रोजेको एन्जल्सले निर्धारित १५ ओभरमध्ये ३.१ ओभरमा नै सबै विकेट गुमाएर ३५ रन जोडेको थियो । एन्जल्सको ब्याटिङलाइ चुनौती दिँदै पल्सरका आयुष्मान कटुवालले ३.१ ओभरमा पाँच विकेट लिएका थिए । सहज लक्ष्यका लागि जवाफी ब्याटिङमा उत्रिएको पल्सरले तीन ओभरमा एक विकेट गुमाएर लक्ष्य प्राप्त गरेको थियो।

उपाधि पल्सर सिइसीले कपसहित रु एक लाख प्राप्त गऱ्यो भने उपविजेता एन्जल्सले रनर अप कपसहित रु ५० हजार नगद लिन सफल भएको छ।

प्रतियोगिताका चार खेलमा सर्वाधिक २०६ रन बनाएका पल्सरका सन्दीप साउदले 'प्लेयर अफ दी टुर्नामेन्ट' र उत्कृष्ट 'ब्याटर'को पनि पुरस्कार पाएका छन्।





त्यस्तै, ११ विकेट लिएका टोलीका ज्ञानदीप अर्यालले उत्कृष्ट बलर तथा हिमालयन क्रिकेट एकेडेमीका भावेश खड्काले 'इमर्जिङ प्लेयर अफ दी टुर्नामेन्ट'को पुरस्कार पाएका छन्।

प्रतियोगिताको फाइनलमा पुग्न यसअघि भएको सेमिफाइनल खेलमा पल्सर सिइसीले हिमालयन क्रिकेट एकेडेमी (ए) लाई पाँच विकेटले हराएको थियो।

त्यस्तै अर्को सेमिफाइनलमा एन्जल्स स्पोर्टस क्रिकेट एकेडेमीले डिएभी क्रिकेट एकेडेमीलाई ९४ रनले हराएको थियो।

गत जेठ १० गतेदेखि आइरिस इभेन्टको आयोजनामा कीर्तिपुरस्थित लेबोरटरी स्कुलको मैदानमा भएको उक्त प्रतियोगितामा उपत्यकाका विभिन्न स्थानका १६ वटा क्रिकेट प्रशिक्षण संस्थाका १३ वर्षमुनिका क्रिकेट खेलाडी सहभागी थिए।

आइरिस इभेन्टका अध्यक्ष जनक चन्दका अनुसार सानै उमेरदेखि क्रिकेटको जग बसाउन सबैभन्दा तल्लो उमेर समूहको प्रतियोगिता आयोजना गरिएको हो। रासस

# नेप्से परिसूचक २६ अङ्कले घट्यो

काठमाण्डु । धितोपत्र बजारमा शेयर कारोबार मापक नेप्से परिसूचक आज २६ दशमलव ७२ अङ्कले घटेको छ । नेपाल स्टक एक्सचेञ्जका अनुसार नेप्से परिसूचक २६ दशमलव ७२ अङ्कले ओरालो लागेर दुई हजार ७५५ दशमलव ३७ मा सिमित भएको हो ।

ठूला कम्पनीको कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक चार दशमलव ७८ अङ्कले ओरालो लागेर ४७० दशमलव ७२ मा सिमित भएको छ। बजेट सार्वजनिक भएपछि खुलेको बजार चलायमान बन्नुका साथ सकारात्मक सन्देश प्रवाह गर्ने अपेक्षा गरिए पनि नेप्से आज शून्य दशमलव ९६ प्रतिशतले घटेको हो । तीन सय ४९ कम्पनीको एक करोड ३३ लाख ८३ हजार ८१६ कित्ता शेयर रु पाँच अर्ब ६१ करोड ४३ लाख ७४ हजार ९२८ मूल्यमा किनबेच भएको छ। कारोबारका आधारमा आँखु खोला जलविद्युत् कम्पनी शीर्ष स्थानमा छ । नेपाल पुनरबीमा कम्पनी, हिमालयन रिइन्स्योरेन्स, रिडी पावर कम्पनी र नेशनल हाइड्रोपावर कम्पनी शीर्ष स्थानमा रहेका छन् ।




नेप्सेका अनुसार नेपाल पुनरबीमा कम्पनी, कालिञ्चोक हाइड्रोपावर, सिटिजन बैंकको डिवेञ्चर, सेन्ट्रल फाइनान्स र सिभिल बैंकको डिवेञ्चरका लगानीकर्ताले आज कमाएका छन् । त्यस्तै, बुङ्गल हाइड्रोपावर, क्रेष्ट माइक्रोलाइफ इन्स्योरेन्स, विशाल बजार कम्पनी, एनआइबिएल समृद्धि फण्ड दोस्रो र नेपाल रिपब्लिक मिडियाका लगानीकर्ताले आज सर्वाधिक गुमाएका छन् ।

कूल १३ उपसमूहमध्ये आज दुई उपसमूहको शेयर मूल्य मात्रै वृद्धि भएको छ भने ११ उपसमूहका घटेका छन् । रासस

# आगामी वर्ष १६ खर्ब राजस्व संकलन गर्ने सरकारको लक्ष्य




काठमाण्डु । अर्थमन्त्री स्वर्णिम वाग्लेले आगामी आर्थिक वर्षको बजेट कार्यान्वयन हुँदा ७४ खर्ब ५८ अर्बको कुल ग्राहर्स्थ्य उत्पादन पुग्ने प्रक्षेपण गरिएको बताउनुभएको छ।

नेपाल आर्थिक पत्रकार संघले बजेटपछिको अन्तरक्रिया कार्यक्रमा अर्थमन्त्री वाग्लेले पाँच वर्षको समयावधिलाई दृष्टिगत गरी बजेट ल्याइएको बताउँदै आगामी वर्ष करिब १६ खर्ब राजस्व सङ्कलन गर्ने लक्ष्य राखिएको बताउनुभयो।

उहाँले प्रक्षेपित कुल गार्हस्थ्य उत्पादन ७४ खर्बका आधारमा सात प्रतिशतको आर्थिक वृद्धि कायम गर्न सकिने विचार व्यक्त गर्नुभयो।

कुल गार्हस्थ्य उत्पादनको तुलनामा ऋण ४३ प्रतिशत बढी धेरै नहुने बताउँदै अर्थमन्त्री वाग्लेले आगामी वर्षको बजेटमा पुराना कार्यक्रमको दायित्व रहेको त्यसलाई सरकारले निरन्तरता दिने जानकारी दिनुभयो।

अर्थमन्त्री वाग्लेले विद्युत्मा लगाइएको मूल्य अभिवृद्धि कर (भ्याट)बाट सरकार पछाडि नहट्ने बताउँदै अन्तिम उपभोक्तालाई मारमा नपर्ने गरी विभिन्न विकल्पमा छलफल भइरहेको जानकारी दिनुभयो।

मन्त्री वाग्लेले आयमा आधारित करभन्दा उपभोगमा आधारित कर प्रभावकारी हुने तथा उपलब्धि हासिल गर्न सकिने भएकाले त्यसतर्फ कार्यक्रम अगाडि बढाइएको प्रस्ट पार्नुभयो।

नेपाल राष्ट्र बैङ्कको कार्यकारी निर्देशक गुरु पौडेलले वैदेशिक मुद्रा सञ्चितिको आधार विप्रेषण रहेको बताउँदै यसलाई दिगो बनाउन स्वदेशी वस्तु उत्पादन तथा निर्यातमा जोड दिनुभयो।

नेपाल चेम्बर अफ कमर्सका अध्यक्ष कमलेश अग्रवाल, नेपाल उद्योग परिसङ्घका अध्यक्ष वीरेन्द्र पाण्डे, नेपाल उद्योग वाणिज्य महासङ्घका उपाध्यक्ष नरेशलाल श्रेष्ठ र सङ्घका अध्यक्ष मेनुका कार्कीले बजेटको स्वागत गर्दै त्यसको सफल कार्यान्वयनमा जोड दिनुभयो। रासस

# अनुदानको मल बिक्री गरिँदै

विराटनगर । कोशी प्रदेशमा किसानलाई अनुदानको मल बिक्री गर्न 'रासायनिक मल अनुदान निर्देशिका २०८२' लागू गरिने भएको छ।

पालिका उपाध्यक्ष, कृषि विकास अधिकृत र प्रशासकीय अधिकृतसहितको समितिले निर्णय गरेर रासायनिक मल वितरण गर्न लागिएको कृषि सामग्री कम्पनी लिमिटेडका प्रमुख कमल पोखरेलले बताउनुभयो।

कोशी प्रदेशको १४ जिल्ला र मधेस प्रदेशका सिरहा र सप्तरी जिल्लामा मौज्दातका रुपमा रहेको डिएपी, युरिया, पोटास र कृषि चुन गरी कुल १५ हजार ९२१ मेट्रिक टन बिक्री गर्न लागिएको हो । जसमा डिएपी एक हजार ८२९ मेट्रिक टन, युरिया १० हजार ८४२ मेट्रिक टन, पोटास तीन हजार ९१ मेट्रिक टन र कृषि चुन १५९ मेटिक टन रहेको छ।

वितरण गरिने डिएपी ५० केजी ९एक बोरा० को रु दुई हजार २००, युरिया ५० केजीको रु ७५०, पोटास ५० केजीको एक रु एक हजार ६०० र कृषि चुन ५० केजीको रु ४३० कायम गरि बिक्री गरिने भएको छ। रासस

# चियाबारीको हरियालीमा फर्किँदै ल्वाङको पर्यटन

कास्की । डाँडाभरि फैलिएको हरियो चियाबारी, पृष्ठभूमिमा टल्किरहेका अन्नपूर्ण र माछापुच्छ्रे हिमाल, वरिपरि छरिएका परम्परागत गुरुङ बस्ती र शान्त ग्रामीण परिवेश। यी सबै दृश्य एकै ठाउँमा देख्न पाइन्छ कास्कीको ल्वाङ गाउँमा।

पछिल्ला वर्षहरूमा यही चियाबारी ल्वाङको पहिचान मात्र होइन, पर्यटन विकासको मुख्य आधार बनेको छ।

पोखरा महानगरपालिका-२५ हेम्जाबाट खानेपानी, भेडाबारी र खोलामुख हुँदै ल्वाङ गाउँ पुग्न सकिन्छ। पदयात्रा गर्नेहरूका लागि मर्दी खोलाको किनारैकिनार वनपाखा र भिर हुँदै करिब चार घण्टाको रमणीय यात्रा तय गर्न सकिन्छ।

गाउँको माथिल्लो भागमा फैलिएको करिब एक हजार २०० रोपनी क्षेत्रफलको चियाखेतीले यहाँ पुग्ने जो-कोहीलाई पहिलो नजरमै आकर्षित गर्छ। हरियाली चियाका बोटबीचबाट देखिने हिमाली दृश्य र प्राकृतिक शान्त वातावरणले आगन्तुकलाई लामो समयसम्म त्यहीँ रमाउन बाध्य बनाउँछ।
स्थानीयवासीका अनुसार ल्वाङको चियाबारीले पूर्वी नेपालको इलामको झल्को दिन्छ। तर, यहाँको चियाबारी केही विशेष पनि छ। ल्वाङमा चियाबारीसँगै अन्नपूर्ण र माछापुच्छ्रे हिमालको दृश्य पनि एकैसाथ अवलोकन गर्न सकिन्छ। यही विशेषताले ल्वाङलाई अन्य ग्रामीण पर्यटन गन्तव्यभन्दा फरक पहिचान दिएको छ।



यहाँ उत्पादन हुने चिया विदेशसम्म निर्यात हुँदै आएको छ। चियाखेतीले स्थानीयलाई रोजगारी र आम्दानीको स्रोत प्रदान गरेको छ भने पर्यटकका लागि नयाँ आकर्षण थपेको छ। विशेषगरी युवापुस्ताले सामाजिक सञ्जालमा चियाबारीका तस्बिर र भिडियो सार्वजनिक गर्न थालेपछि ल्वाङको लोकप्रियता अझ बढेको स्थानीयवासी बताउँछन्।

ल्वाङको पर्यटन केवल चियाबारीमा सीमित छैन। गाउँमा पुग्ने पर्यटकले गुरुङ समुदायको संस्कृति, परम्परा र जीवनशैलीलाई नजिकबाट अनुभव गर्न पाउँछन्। परम्परागत घर, स्थानीय वेशभूषा, सांस्कृतिक प्रस्तुति र आत्मीय आतिथ्यले यहाँको बसाइलाई थप स्मरणीय बनाउने गरेको छ।

गाउँमा सञ्चालन भइरहेको घरबास (होमस्टे) कार्यक्रमले पनि पर्यटन प्रवर्द्धनमा महत्वपूर्ण भूमिका खेलेको छ। विसं २०६७ मा सात घरबाट सुरु भएको घरबास सेवा अहिले २६ घरमा विस्तार भइसकेको छ। एकै रातमा करिब ४०० पाहुनालाई बसोबास गराउन सक्ने क्षमता रहेको घरबासमा पर्यटकीय याममा दैनिक ६०० जनासम्म पर्यटक बस्ने गरेको घरबास सञ्चालक सदस्य देवराज गुरुङले बताउनुभयो।

"यहाँ मुख्य रूपमा आन्तरिक पर्यटक आउने गर्छन्। पोखरा, तनहुँ, स्याङ्जा, बागलुङलगायत जिल्लाबाट पर्यटकको आवागमन बढी हुन्छ," उहाँले भन्नुभयो, "कोभिड-१९ पछि विदेशी पर्यटकको संख्या केही घटे पनि पोखराबाट नजिकको दूरीमा रहेकाले जुनसुकै मौसममा घुम्न आउनेको कमी छैन।"

घरबासमा बस्ने पर्यटकलाई स्थानीय जीवनशैलीसँग घुलमिल हुने अवसर प्रदान गरिन्छ। इच्छुक पाहुनालाई करेसाबारीमा लगेर खेतीपाती गर्ने तरिका सिकाइन्छ भने स्थानीय परिकार बनाउने विधि देखाइन्छ। यसले पर्यटकलाई ग्रामीण जीवनको वास्तविक अनुभव दिलाउने गरेको छ।

ल्वाङको भान्सामा पनि स्थानीय उत्पादनलाई प्राथमिकता दिइन्छ। गाउँमै उत्पादन हुने मकै, कोदो, जौ, गहुँ र तरकारीबाट तयार गरिएका परिकार यहाँको विशेषता हुन्। बर्खायाममा निउरो र टुसाका परिकारले विशेष स्वाद थप्छन्।

प्राकृतिक सौन्दर्यका कारण ल्वाङ चलचित्रकर्मीहरूको पनि रोजाइमा परेको छ। नेपाली चलचित्र 'प्रसाद-२' र 'दुई नम्बरी' लगायत चलचित्रको छायाङ्कन यहाँ भइसकेको छ। चलचित्रमार्फत गाउँको सुन्दरता राष्ट्रियस्तरमा थप प्रचार भएको स्थानीयवासीको भनाइ छ।

विदेशी रोजगारीका लागि गाउँ छाडेका केही युवाहरू अहिले फर्किएर पर्यटन व्यवसायमा संलग्न हुन थालेका छन्। घरबास, चियाखेती, कृषि तथा पर्यटनसँग सम्बन्धित अन्य गतिविधिबाट गाउँमै रोजगारीका अवसर सिर्जना हुन थालेपछि युवाहरूमा नयाँ आशा जागेको छ।

स्थानीयवासीका अनुसार स्तरीय सडक, पदमार्ग, खानेपानी, होटल तथा अन्य पर्यटन पूर्वाधारको थप विकास गर्न सके ल्वाङले अन्तरराष्ट्रिय स्तरको ग्रामीण पर्यटन गन्तव्यका रूपमा अझ सशक्त पहिचान बनाउन सक्छ।

हरियाली चियाबारी, हिमालको अनुपम दृश्य, गुरुङ संस्कृतिको जीवन्तता र आत्मीय आतिथ्यको सङ्गमले ल्वाङ गाउँलाई गण्डकी प्रदेशकै महत्वपूर्ण ग्रामीण पर्यटन गन्तव्यका रूपमा स्थापित गराएको छ। प्रकृतिको काखमा बसेर ग्रामीण नेपालको मौलिक स्वाद लिन चाहनेहरूका लागि ल्वाङ आज एक अविस्मरणीय गन्तव्य बनेको छ। रासस

## झापा इनर्जी प्लान्टमा आगलागी, छ करोड बराबरको क्षति

झापा। शिवसताक्षी नगरपालिका-४ फुलचोकस्थित 'झापा इनर्जी प्लान्ट' मा आगलागी हुँदा करिब रु छ करोड बराबरको क्षति भएको प्रहरीले जनाएको छ।

जिल्ला प्रहरी कार्यालय झापाका प्रवक्ता खगेन्द्रबहादुर खड्काका अनुसार आज दिउँसो २:१० बजेको समयमा प्लान्टमा सल्किएको आगोका कारण त्यहाँ रहेका विभिन्न मेसिनरी सामानहरू जलेर नष्ट भएका छन्। सो इनर्जी प्लान्ट शिवसताक्षी नगरपालिका-९ दुधे बस्ने ५० वर्षीय लालप्रसाद साँवाको स्वामित्वमा रहेको छ।

प्रहरी टोली, शिवसताक्षी नगरपालिका र कमल गाउँपालिकाको दमकल तथा स्थानीय बासिन्दाहरूको संयुक्त प्रयासमा आगो पूर्णरूपमा नियन्त्रणमा लिइसकेको उहाँले जानकारी दिनुभयो। आगलागी भएको स्थान इलाका प्रहरी कार्यालय शिवगञ्जबाट करिब पाँच किलोमिटर पश्चिम-दक्षिणमा पर्दछ। आगलागीको कारणबारे थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ। रासस

## हिमालयन बैंक लिमिटेडको
## ऋणीलाई ऋण कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना

**तपसिलमा उल्लेखित ऋणीहरुले यस बैंकबाट लिएको ऋणकर्जाको समय समयमा तिर्नु बुझाउन पर्ने साँवा, व्याज आदि नतिरी नबुझाई ऋणकर्जा सम्बन्धी शर्त बन्देज उल्लंघन गर्नुभएको तथा पटक पटक लिखित एवं मौखिक तरताकेता गर्दा समेत ऋणकर्जा चुक्ता भुक्तान गर्नु नभएकोले यो सुचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिनभित्र धनि बैंकमा सम्पर्क राखी लिएको ऋणकर्जाको सम्पूर्ण साँवा, व्याज दस्तुर आदि चुक्ता भुक्तान गर्नु होला अन्यथा ऐन कानुन तथा ऋणी र बैंकबीच भएको लिखत अनुसार कारवाही गरी कालोसुचीमा राखि बैंकको लेना असुल उपर गरिने छ। साथै धितो तथा व्यक्तिगत जमानी दिनुहुने महानुभावहरुलाई समेतले यसै सुचनाबाट जानकारी लिनुहुन अनुरोध गरेका छौं।**

**तपसिल**

| ऋणीको विवरण | धितोको विवरण |
| --- | --- |
| **शाखा कार्यालयः पिडारीचोक शाखा, धनुषा** | |
| १. वाणिज्य विभाग (जारी गर्ने कार्यालयः घरेलु तथा साना उद्योग कार्यालय, धनुषा) मा प्रा.फ.र.नं. ११३५५/२०९५/२०७४/०७५, कायम भई मिति २०७५/०३/१० मा दर्ता भएको **पंडित एग्रो सेन्टर (ऋणी)**<br><br>**प्रोप्राईटर तथा व्यक्तिगत जमानी दिनेः रघुनाथ पंडित**<br><br>**व्यक्तिगत जमानी दिनेः शिवनाथ पण्डित, रिंकु पंडित, राम लोचन पंडित कुम्हार र विणा देवी पंडित** | **ऋणी पंडित एग्रो सेन्टरको लागि धितो सुरक्षणको विवरणः**<br>१. जनक पंडित कुम्हारको नाति भोला पंडित कुम्हारको छोरा धनुषा जिल्ला जनकपुर उप म.न.पा. वडा नं. १२ बस्ने **राम लोचन पंडित कुम्हारको** नाममा दर्ता कायम रहेको धनुषा जिल्ला जनकपुर न.पा. वडा नं. १२ (हाल परिवर्तित जनकपुरधाम उप.म.न.पा. वडा नं. १२) सिट नं. १४३६१२ स्थित कित्ता नं. १७८ र १४९ को क्षेत्रफल क्रमशः ०-०-८-२ (घर) र ०-०-२-२ (विघा) जग्गा समेत।<br>२. भोला पंडित कुम्हारको बुहारी श्री कृष्ण पंडित कुम्हारको छोरी राम लोचन पंडित कुम्हार पत्नी धनुषा जिल्ला जनकपुर उप म.न.पा. वडा नं. १२ बस्ने **विणा देवी पंडितको** नाममा दर्ता कायम रहेको धनुषा जिल्ला जनकपुर न.पा. वडा नं. १२ (हाल परिवर्तित जनकपुरधाम उप.म.न.पा. वडा नं. १२) सिट नं. १४३६१४ स्थित कित्ता नं. ८३ को क्षेत्रफल ०-७-७-३ (विघा) जग्गा समेत। |
| २. भोला पंडित कुम्हारको नाति राम लोचन पंडित कुम्हारको छोरा धनुषा जिल्ला जनकपुर न.पा. वडा नं. १२ (हाल परिवर्तित जनकपुरधाम उप.म.न.पा. वडा नं. १२) बस्ने **रघुनाथ पंडित (ऋणी)**<br><br>**व्यक्तिगत जमानी दिनेः भोला पंडित कुम्हार, राम लोचन पंडित कुम्हार, शिवनाथ पण्डित, रिंकु पंडित र विणा देवी पंडित** | **ऋणी पंडित एग्रो सेन्टर र रघुनाथ पण्डितको लागि धितो सुरक्षणको विवरणः**<br>भोला पंडित कुम्हारको बुहारी श्री कृष्ण पंडित कुम्हारको छोरी राम लोचन पंडित कुम्हार पत्नी धनुषा जिल्ला जनकपुर उप म.न.पा. वडा नं. १२ बस्ने **विणा देवी पंडितको** नाममा दर्ता कायम रहेको धनुषा जिल्ला जनकपुर न.पा. वडा नं. १२ (हाल परिवर्तित जनकपुरधाम उप.म.न.पा. वडा नं. १२) सिट नं. १४३६१४ स्थित कित्ता नं. १०५ र १३ को क्षेत्रफल क्रमशः ०-१-८-२.७५ र ०-१-१-० (विघा) जग्गा समेत। |
| ३. कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वर, काठमाण्डौंमा दर्ता नं. ३१११९९/७९/०८० कायम भई मिति २०८०/०१/०५ मा दर्ता भएको **बिरयानी घर होटेल एण्ड फेमिली रेस्टुरेन्ट (ऋणी)**<br>**संचालक तथा व्यक्तिगत जमानी दिनेः राम लोचन पंडित कुम्हार**<br>**व्यक्तिगत जमानी दिनेः रघुनाथ पंडित, शिवनाथ पण्डित, रिंकु पंडित र विणा देवी पंडित** | भोला पंडित कुम्हारको बुहारी श्री कृष्ण पंडितको छोरी राम लोचन पंडित कुम्हार पत्नी धनुषा जिल्ला जनकपुर उप म.न.पा. वडा नं. १२ बस्ने **विणा देवी पंडितको** नाममा दर्ता कायम रहेको धनुषा जिल्ला जनकपुर न.पा. वडा नं. १२ (हाल परिवर्तित जनकपुरधाम उप.म.न.पा. वडा नं. १२) सिट नं. १४३६१४ स्थित कित्ता नं. ५२ को क्षेत्रफल ०-०-१८-१ (विघा) जग्गा समेत। |

HBL हिमालयन बैंक लिमिटेड Himalayan Bank Ltd.

**हिमालयन बैंक लि. केन्द्रीय कार्यालय**
**कर्जा असुली विभाग, कमलादी, काठमाडौं**
**फोन नं. ०१-४१६९१५०, पो.ब.नं. २०५९० काठमाडौं**

## धितोमा रहेको चल/अचल सम्पत्ति लिलाम बिक्री सम्बन्धी गोप्य शिलबन्दी बोलपत्र आव्हानको ७ दिने सूचना

प्रकाशित मिति : २०८३/०२/१९ गतेको जनकपुर टुडे राष्ट्रिय दैनिक

यस विकास बैंकको तपसिलमा उल्लेखित शाखा कार्यालयहरुबाट तपसिलमा उल्लेखित ऋणीहरुले लिनु भएको ऋण कर्जा वापत बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, थप ब्याज, आदि नतिरी नबुझाई कर्जाको शर्त बन्देज उल्लंघन गर्नु भएकोले ऋण कर्जा लगायतको बैंकको लेना रकम तिर्न बुझाउनको लागि पटक पटक मौखिक, लिखित एवं विभिन्न मितिमा सार्वजनिक सूचना प्रकाशित गरी कर्जा चुक्ता गर्न अनुरोध गर्दा समेत कर्जा नबुझाई बैंकको अनुरोधलाई वेवास्ता गर्नु भएको हुँदा ऋण कर्जाको धितो सुरक्षणमा रहेको तपसिलमा उल्लिखित चल/अचल सम्पत्ति, जहाँ जे जस्तो अवस्थामा छ, सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा बैंकको नियमानुसार गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गर्नुपर्ने अवस्था आएकोले यो गोप्य शिलबन्दी बोलपत्र आव्हान गरिएको छ। धितोमा रहेको तपसिलको सम्पत्ति सकार गरी लिन इच्छुक व्यक्ति वा संघ संस्थाहरुले बैंकको सम्बन्धित शाखा कार्यालयबाट प्राप्त हुने बोलपत्र फारम रितपूर्वक भरी यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र सम्बन्धित शाखा कार्यालयमा बुझाउन सक्नुहुनेछ। बोलपत्र सम्बन्धी अन्य शर्तहरु बोलपत्र फारममा उल्लेख गरिएको छ। सो शर्तहरु यसै सूचनाको अभिन्न अङ्गको रुपमा लागु हुनेछन्। बोलपत्र दर्ता गर्ने अन्तिम दिन र/वा बोलपत्र खोलिने दिन कुनै सार्वजनिक बिदा परेमा सो लगत्तै बैंक खुलेको दिन बोलपत्र दर्ता गर्न सकिने र/वा बोलपत्र खोलिने छ। उल्लेखित समयावधि भित्रमा कर्जा चुक्ता गर्नु गराउनु हुन ऋणी लगायत सम्बन्धित पक्षहरुलाई अनुरोध गर्दछौं। अन्यथा उल्लेखित धितो सम्पत्ति लिलाम बिक्री गरी वा बैंक आफैले सकार गर्दा समेत साविकमा बैंकबाट भएको मुल्याङ्कन भन्दा कम मूल्यमा लिलाम बिक्री भएमा वा बैंक आफैले सकार गरि लिएमा पछि मेरो सम्पत्तिको उचित मूल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरि लियो भनि कहि कतै कुनै उजुर बाजुर गर्न पाउनु हुने छैन। उक्त सम्पत्ति लिलाम बिक्री गर्दा वा पुनर्मुल्याङ्कन गरी बैंक आफैले सकार गर्दा समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८, अन्य प्रचलित ऐन कानून तथा बैंकको नियमानुसार असुल उपर हुन बाँकी बक्यौता कर्जा रकम असुल उपरका लागि ऋण असुली न्यायाधिकरणमा मुद्दा दायर गरी ऋणी तथा सम्बन्धित पक्षहरुको अन्य चल अचल जायजेथा श्री सम्पत्तिबाट समेत बाँकी लेना रकम असुल उपर गरिने हुँदा यथाशिघ्र सम्बन्धीत कर्जा चुक्ता गरी गराई धितो सम्पत्ति फिर्ता लिन हुन ऋणी, धितो धनी तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा पुनः अनुरोध गरिन्छ।

| बोलपत्र दर्ता गर्ने अन्तिम मिति | बोलपत्र खोलिने मिति/समय |
| --- | --- |
| २०८३/०२/२५ गते/स्थान : शाखा कार्यालय गोलबजार, सिरहा | २०८३/०२/२७ गते, बुधबार दिनको ३ बजे |

**क्र.सं. शाखा कार्यालय : गोलबजार, सिरहा**

**ऋणीको नाम, ठेगाना**

**१. नाम : लामा रिकन्डिशन हाउस**
नेपाल सरकार, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय, लहान, सिरहा
दर्ता नं. १३३९८/२०७७/०७८, दर्ता मिति : २०७७/०९/२२, पान नं. ६०७७४९६३६, दर्ता मिति : २०७७/०९/२२
ठेगाना : सिरहा जिल्ला, गोलबजार न.पा. वडा नं. २, **प्रोप्राईटर : अरुण कुमार लामा**

**जमानतकर्ताको विवरण**

| | |
| --- | --- |
| **१. नाम : अरुण कुमार लामा**<br>ना.प्र.नं. १५१०४४/२०२८७, जि.प्र.का. सिरहा<br>जारी मिति : २०६८/१२/२८<br>बाबुको नाम : श्याम लाल तामाङ<br>बाजेको नाम : हर्क बहादुर तामाङ<br>ठेगाना : सिरहा जिल्ला, लालपुर गा.पा. वडा नं. ५<br>हाल : सिरहा जिल्ला, गोलबजार न.पा. वडा नं. २ | **२. नाम : गंगा मगर**<br>ना.प्र.नं. १५-०१-७२-०२३१०, जि.प्र.का. सिरहा<br>जारी मिति : २०७२/०४/०६<br>पतिको नाम : अरुण कुमार लामा<br>ससुराको नाम : श्याम लाल तामाङ<br>ठेगाना : सिरहा जिल्ला, गोलबजार न.पा. वडा नं. २ |
| **३. नाम : श्याम लाल तामाङ**<br>ना.प्र.नं. १२५५, जि.प्र.का. सिराहा<br>जारी मिति : २०४५/०१/२६<br>बाबुको नाम : हर्क बहादुर तामाङ<br>बाजेको नाम : आईत मान तामाङ<br>ठेगाना : सिरहा जिल्ला, लालपुर गा.पा. वडा नं. ५<br>हाल : सिरहा जिल्ला, गोलबजार न.पा. वडा नं. २ | **४. नाम : जतन माया कुमारी**<br>ना.प्र.नं. ९८८९४१०८, जि.प्र.का. धनुषा<br>जारी मिति : २०४५/०१/०५<br>पतिको नाम : श्याम लाल तामाङ<br>ससुराको नाम : हर्क बहादुर तामाङ<br>ठेगाना : धनुषा जिल्ला, उमाप्रेमपुर वडा नं. २<br>हाल : सिरहा जिल्ला, गोलबजार न.पा. वडा नं. २ |

**धितोको विवरण**

श्याम लाल तामाङको नाममा मालपोत कार्यालय लहान, सिराहामा दर्ता श्रेष्ता कायम रहेको सिरहा जिल्ला, लालपुर वडा नं. १ स्थित कित्ता नं. ३८७ को क्षेत्रफल ०-२-५-० (बिघा) को घरजग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

**ऋणीको नाम, ठेगाना**

**२. नाम : अम्बिका वोइलर पोल्ट्री फार्म**
नेपाल सरकार, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय, लहान, सिरहा
दर्ता नं. १०७९०/०७६/०७७, दर्ता मिति : २०७६/११/११, पान नं. ६१०६२४६३४, दर्ता मिति : २०७६/०१/२५
ठेगाना : सिरहा जिल्ला, मिर्चैया न.पा. वडा नं. ९, **प्रोप्राईटर : समुन्द्री देवी**

**जमानतकर्ताको विवरण**

| | |
| --- | --- |
| **१. नाम : भरत यादव**<br>ना.प्र.नं. १५३२, जि.प्र.का. सिरहा<br>जारी मिति : २०४८/१२/१९<br>बाबुको नाम : राम वहादुर यादव<br>बाजेको नाम : मातवर यादव<br>ठेगाना : सिरहा जिल्ला, लगडीगोठ वडा नं. ८<br>हाल : सिरहा जिल्ला, मिर्चैया न.पा. वडा नं. ९ | **२. नाम : समुन्द्री देवी**<br>ना.प्र.नं. २३३२, जि.प्र.का. सिरहा<br>जारी मिति : २०५६/०५/१३<br>पतिको नाम : भरत यादव<br>ससुराको नाम : राम वहादुर यादव<br>ठेगाना : सिरहा जिल्ला, लगडीगोठ वडा नं. ८<br>हाल : सिरहा जिल्ला, मिर्चैया न.पा. वडा नं. ९ |
| **३. नाम : जीतन कुमार यादव**<br>ना.प्र.नं. १५-०१-६९-०५८९७, जि.प्र.का. सिरहा<br>जारी मिति : २०६९/१२/०५<br>बाबुको नाम : भरत यादव<br>बाजेको नाम : राम वहादुर यादव<br>ठेगाना : सिरहा जिल्ला, लगडीगोठ वडा नं. ८<br>हाल : सिरहा जिल्ला, मिर्चैया न.पा. वडा नं. ९ | **४. नाम : दिपेन यादव**<br>ना.प्र.नं. १५१०६७-१-५४, जि.प्र.का. सिरहा<br>जारी मिति : २०६३/१०/१०<br>बाबुको नाम : भरत यादव<br>बाजेको नाम : राम वहादुर यादव<br>ठेगाना : सिरहा जिल्ला, लगडीगोठ वडा नं. ८<br>हाल : सिरहा जिल्ला, मिर्चैया न.पा. वडा नं. ९ |

**५. नाम : राम उदगार यादव**
ना.प्र.नं. १५-०१-७२-०३१६४, जि.प्र.का. सिरहा, जारी मिति : २०७२/०४/३१
बाबुको नाम : भरत यादव, बाजेको नाम : राम वहादुर यादव
ठेगाना : सिरहा जिल्ला, लगडीगोठ वडा नं. ८, हाल : सिरहा जिल्ला, मिर्चैया न.पा. वडा नं. ९

**धितोको विवरण**

भरत यादवको नाममा मालपोत कार्यालय सिरहामा दर्ता श्रेष्ता कायम रहेको सिरहा जिल्ला, फुलवरिया वडा नं. १ घ स्थित कित्ता नं. ३ को क्षेत्रफल क्रमशः ०-७-१३-० (बि.क.धु.क.) भएको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

**ऋणीको नाम, ठेगाना**

**३. नाम : प्रिन्स सप्लायर्स**
प्रदेश सरकार, उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय लहान, सिरहा
प्रा.फ.र.नं. ६४७२/०७३/७४, दर्ता मिति : २०७३/१२/२१, पान नं. ६०६०१९७७१०, दर्ता मिति : २०७३/१२/२१
ठेगाना : सिराहा जिल्ला, लहान न.पा. वडा नं. १२, **प्रोप्राईटर : श्याम कुमारी साह**

**जमानतकर्ताको विवरण**

| | |
| --- | --- |
| **१. नाम : श्याम कुमारी साह**<br>ना.प्र.नं. १०८/२५३, जि.प्र.का. सिरहा<br>जारी मिति : २०५६/०३/१०<br>पतिको नाम : दिलिप कुमार साह<br>ससुराको नाम : राम कृपाल साह<br>ठेगाना : सिरहा जिल्ला, पडरिया वडा नं. ७<br>हाल : सिरहा जिल्ला, लहान न.पा. वडा नं. १२ | **२. नाम : दिलिप कुमार साह**<br>ना.प्र.नं. ४४८/१२९३, जि.प्र.का. सिरहा<br>जारी मिति : २०४७/१२/१३<br>बाबुको नाम : राम कृपाल साह<br>बाजेको नाम : मुनर साह<br>ठेगाना : सिरहा जिल्ला, पडरिया वडा नं. ७<br>हाल : सिरहा जिल्ला, लहान न.पा. वडा नं. १२ |

**धितोको विवरण**

१. श्याम कुमारी साहको नाममा मालपोत कार्यालय लहान, सिरहामा दर्ता श्रेष्ता कायम रहेको सिरहा जिल्ला, सिसवनी वडा नं. २ क स्थित कित्ता नं. १५४० र १५३८ को क्षेत्रफल क्रमशः ०-१-०-० र ०-२-२.५०-० (बि.क.धु.क.) भएको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।
२. दिलिप कुमार साहको नाममा मालपोत कार्यालय लहान, सिरहामा दर्ता श्रेष्ता कायम रहेको सिरहा जिल्ला, वस्तीपुर वडा नं. ५ क स्थित कित्ता नं. १००२ को क्षेत्रफल ०-२-०-० (बि.क.धु.क.) भएको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

**ज्योति विकास बैंक लि.**
**JYOTI BIKASH BANK LTD.**
*More than a Bank*
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्रप्राप्त वित्तीय संस्था)

केन्द्रीय कार्यालय : का.म.न.पा. वडा नं. ०१, कमलपोखरी, काठमाडौं, नेपाल
फोन नं. ०१-५९७०३०६-१२
शाखा कार्यालय : गोलबजार, सिरहा, फोन नं. ०३३-५४०५२५
Website: www.jbbl.com.np, Email: info@jbbl.com.np

# उत्खनन तत्काल रोक्नुपर्ने माग



**टुडे समाचारदाता**

जनकपुरधाम । चुरे क्षेत्रको संरक्षण तथा व्यवस्थापनका लागि संघर्षरत अभियानीहरुले चुरे संरक्षण ऐन र नीति ल्याएर ढुंगा, गिट्टी तथा बालुवाको अनियन्त्रित उत्खनन तत्काल रोक्नुपर्ने संघीय सरकारसँग माग गरेको छ।

'चुरे तथा वनजंगल संरक्षण अभियान नेपाल'ले सोमबार कृषि, वन तथा वातावरण मन्त्रालयमार्फत सरकारको ध्यानाकर्षण गराउँदै चुरे क्षेत्रको विनाशले तराई-मधेशमा पानीको संकट, बाढी, कटान तथा मरुभूमीकरणको जोखिम बढेकाले तत्काल ध्यानदिनुपर्ने भनेका छ्न।

अभियानका संयोजक सुनिल यादव, सह-संयोजक राजेश भण्डारी तथा महासचिव वासुदेव डल्लाकोटीसहितको टोलीले मन्त्रीलाई बुझाएको ध्यानाकर्षण पत्रमा चुरे संरक्षणलाई राष्ट्रिय प्राथमिकतामा राख्न आग्रह गरिएको बताइएको छ।

अभियानले जेठ १ गतेदेखि ११ गतेसम्म पूर्वको मेचीदेखि पश्चिमको महाकालीसम्म यात्रा गरी चुरे क्षेत्रको अवस्थाबारे अध्ययन गरेको जनाएको छ। भ्रमणका क्रममा मधेश प्रदेशका जिल्लादेखि सुदूरपश्चिमका कैलाली र कञ्चनपुरसम्मका बासिन्दा चुरे क्षेत्रको क्षयीकरणका कारण प्रत्यक्ष प्रभावित भएको निष्कर्ष निकालिएको अभियानकर्ताहरूले बताएका छन्।

सो ध्यानाकर्षण पत्रमा चुरेलाई तराई-मधेशको 'जीवनरेखा'का रूपमा व्याख्या गरिएको छ। चुरे क्षेत्रले भू-जल पुनर्भरण, खानेपानी, सिँचाइ तथा कृषि उत्पादनमा महत्वपूर्ण योगदान पुर्‍याउने उल्लेख गर्दै यसको संरक्षण नगरे तराईमा पानीको अभाव झन् गम्भीर बन्ने चेतावनी समेत दिइएको छ।

अभियानकर्ताहरूले चुरे वातावरणीय संरक्षण क्षेत्रलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न चुरे संरक्षण गुरुयोजना स्वीकृत गर्नुपर्ने, चुरे-तराई अन्तरसम्बन्धलाई आधार बनाएर संरक्षण कार्यक्रम सञ्चालन गर्नुपर्ने तथा चुरे क्षेत्रमा व्यापक पोखरी निर्माण गरी पानी संरक्षण गर्नुपर्ने माग गरेका छन्।

त्यसैगरी चुरे क्षेत्रमा हुने वन विनाश, डढेलो, चरिचरन, अवैध रुख कटानी तथा जथाभावी सडक निर्माण रोक्न, सञ्चालनमा रहेका क्रसर उद्योगलाई कडाइका साथ नियमन गर्न र व्यावसायिक उत्खननलाई स्थायी रूपमा बन्द गर्न पनि सरकारसँग आग्रह गरिएको छ। अभियानले आफ्ना मागप्रति सरकार गम्भीर नभए थप सशक्त आन्दोलन र खबरदारीका कार्यक्रम सञ्चालन गरिने चेतावनी समेत ध्यानाकर्ष पत्रमार्फत नै दिएका छन्।

# सडक दुर्घटना नियन्त्रणका व्यवहारिक कार्यक्रम आवश्यक

**टुडे समाचारदाता**

जनकपुरधाम। देशमा सडक दुर्घटना अझै पनि गम्भीर सार्वजनिक चुनौतीका रूपमा कायम रहेको तथ्यांकले देखाएको छ।

पछिल्लो अवधिमा देशभर २५ हजार ८११ वटा सवारी दुर्घटना हुँदा २ हजार २७५ जनाले ज्यान गुमाएका छन् भने ४० हजार ९६० जना घाइते भएका छन्। औसतमा दैनिक ७.५ जनाको मृत्यु र १३७ जना घाइते हुने गरेको तथ्यांक सार्वजनिक गरिएको छ।

नेपाल प्रहरी प्रधान कार्यालय, कार्य विभागअन्तर्गतको राजमार्ग सुरक्षा तथा ट्राफिक व्यवस्थापन महाशाखाले नेपाल प्रहरी राजमार्ग सुरक्षा तथा ट्राफिक व्यवस्थापन कार्यालय पथलैया, बाराको सहकार्यमा आयोजना गरेको 'ट्राफिक व्यवस्थापन समीक्षा गोष्ठी' मा सहभागी वक्ताहरूले सरोकारवालाहरूले सडक सुरक्षालाई राष्ट्रिय प्राथमिकताको विषय बनाउनुपर्नेमा जोड दिएका छन्।

उनीहरुले सडक सुरक्षा ट्राफिक प्रहरीको मात्र नभई राज्य, स्थानीय तह, चालक, यात्रु र आम नागरिक सबैको साझा जिम्मेवारी भएको बताएका हुन्। समयमै सडक दुर्घटना नियन्त्रण नगरिए आउंदो समय झन विकराल हुन सक्ने संकेत समेत उनीहरुले गरे।

गोष्ठीका प्रमुख अतिथि तथा मधेश प्रदेशका गृह, सञ्चार तथा कानून मन्त्री फकिरा महतोले सडक दुर्घटनाले प्रत्येक वर्ष हजारौं नेपाली परिवारलाई पीडामा धकेलिरहेको उल्लेख गर्दै दुर्घटना न्यूनीकरणका लागि व्यवहारिक कार्यक्रम आवश्यक रहेको बताए।

'नेपालमा हरेक वर्ष करिब २५ सय नागरिकले सडक दुर्घटनामा ज्यान गुमाइरहेका छन् । यो संख्या कुनै



महामारीभन्दा कम पीडादायी छैन,'मन्त्री महतोले भने, 'सडक सुरक्षा प्रवर्द्धनका लागि कानुनी व्यवस्था, प्रभावकारी कार्यान्वयन र जनचेतनालाई सँगसँगै अगाडि बढाउनुपर्छ।'

उनले मधेश प्रदेश सरकारले विद्यालय तहदेखि सडक सुरक्षा शिक्षा विस्तार गर्ने नीति लिएको जानकारी दिँदै यस वर्ष सडक सुरक्षा तथा ट्राफिक सचेतनाका कार्यक्रम सञ्चालन गर्न २ करोड २५ लाख रुपैयाँ बजेट विनियोजन गरिएको बताए।

मधेश प्रदेशकी श्रम तथा यातायात मन्त्री शारदा देवी थापाले नेपालमा सवारी साधनको संख्या तीव्र रूपमा बढिरहेको तर सोही अनुपातमा सडक पूर्वाधार विस्तार हुन नसकेको बताइन् । उनका अनुसार हाल देशभर दर्ता भएका सवारी साधनको संख्या ६६ लाख ७० हजार ६३८ पुगेको छ।

'सवारी संख्या वर्षेनी बढिरहेको छ । तर, सडकको चौडाइ, पार्किङ व्यवस्थापन, पैदल यात्रुका लागि सुरक्षित पूर्वाधार र ट्राफिक प्रविधिको विकास सोही अनुपातमा हुन सकेको छैन,'मन्त्री थापाले भनिन्।

उनले चालक अनुशासन, सार्वजनिक यातायात सुधार तथा आधुनिक ट्राफिक प्रविधिको प्रयोगलाई प्राथमिकतामा राखेर प्रदेश सरकार अगाडि बढिरहेको बताइन्। मधेश प्रदेश प्रहरी कार्यालयका प्रमुख प्रहरी नायव महानिरीक्षक गोविन्द थपलियाले सीमित स्रोत-साधन र संरचनात्मक चुनौतीबीच ट्राफिक प्रहरीले काम गरिरहेको बताए।

उनका अनुसार देशभर ट्राफिक प्रहरी कार्यालयतर्फ २ हजार ७७० जनाको दरबन्दी भए पनि हाल ४ हजार ४१२ जना कार्यरत रहेको बताए । उनले यो संख्या स्वीकृत दरबन्दीभन्दा करिब ५९ प्रतिशत बढी रहेको बताए।

'नेपाल प्रहरीको कुल दरबन्दीमध्ये ट्राफिक प्रहरीको हिस्सा ३.५ प्रतिशत मात्र छ,'उनले भने, 'सवारी संख्या र सडक सञ्जालको विस्तार हेर्दा अहिलेको जनशक्ति पर्याप्त छैन। तथापि उपलब्ध स्रोतलाई अधिकतम उपयोग गरेर सेवा दिइरहेका छौं।'

हाल देशका ७७ जिल्लाका २२८ स्थानमा ट्राफिक भायोलेन्स रेकर्डिङ सिस्टम सञ्चालनमा रहेको, ४१ स्थानमा डबल ड्राइभर निगरानी प्रणाली लागू गरिएको तथा ६६ मध्ये ४९ वटा ब्लएच क्यामेरा सञ्चालनमा रहेको नेपाल प्रहरी प्रधान कार्यालय राजमार्ग सुरक्षा तथा ट्राफिक व्यवस्थापन महाशाखाका प्रमुख प्रहरी वरिष्ठ उपरीक्षक भुवनेश्वर तिवारीले बताए।

उनले देशभरका सडकमा रहेका ४०१ वटा ब्ल्याक स्पट (दुर्घटना जोखिम क्षेत्र) पहिचान गरी म्यापिङ सम्पन्न गरिएको जानकारी दिए। 'जहाँ दुर्घटना बढी हुने गरेका छन् ती स्थान पहिचान गरेर सम्बन्धित निकायलाई सुधारका लागि सुझाव पठाइएको छ,'एसएसपी तिवारीले भने।

उनका अनुसार ट्राफिक प्रहरीका लागि स्वीकृत कार्यालय संख्या ७७९ रहेकामा १४४ स्थायी र ६३५ अस्थायी संरचनामार्फत सेवा सञ्चालन भइरहेको छ। सातै प्रदेशमा राजमार्ग सुरक्षा तथा ट्राफिक व्यवस्थापन कार्यालयहरू क्रियाशील छन् । उनले पछिल्ला वर्षहरूमा ट्राफिक व्यवस्थापनमा केही सुधार भए पनि चुनौती अझै धेरै रहेको बताए।

'भौतिक पूर्वाधारको विकास सवारी साधनको वृद्धिदरअनुसार हुन सकेको छैन। केही वर्षअघि भएका आन्दोलनका क्रममा ट्राफिक पूर्वाधारमा क्षति पुगेको थियो। अझै पनि धेरै स्थानमा आधुनिक प्रविधिमा आधारित ट्राफिक व्यवस्थापन प्रणालीको अभाव छ,'उनले बताए।

उनीहरूले सडक दुर्घटना न्यूनीकरणका लागि चालक प्रशिक्षण, विद्यालयस्तरीय सचेतना, सडक पूर्वाधार सुधार, प्रविधिको प्रयोग, कानुनको कडाइका साथ कार्यान्वयन तथा स्थानीय तहको सक्रिय सहभागिता आवश्यक रहेको निष्कर्ष निकाले।

सहभागीहरूले सडक दुर्घटनालाई ट्राफिक नियम उल्लंघनको विषय मात्र नभई सार्वजनिक स्वास्थ्य, आर्थिक विकास र सामाजिक सुरक्षासँग जोडिएको राष्ट्रिय मुद्दाका रूपमा हेर्नुपर्ने बताए।

नेपालमा प्रतिवर्ष हजारौं मानिस दुर्घटनामा परी ज्यान गुमाइरहेका र दशौं हजार घाइते भइरहेका अवस्थामा सडक सुरक्षालाई राज्यको प्राथमिक एजेण्डा बनाउनुपर्ने आवाज गोष्ठीभर बलियो रूपमा उठेको थियो।

# शिक्षा र कूटनीतिमा विशिष्ट योगदान पुर्‍याएका प्रो. डा. सूर्यनाथ मिश्र

**टुडे समाचारदाता**

जनकपुरधाम । नेपालको शिक्षा, अनुसन्धान तथा कूटनीतिक क्षेत्रमा उल्लेखनीय योगदान पुर्‍याएका व्यक्तित्वमध्ये प्रोफेसर डा. सूर्यनाथ मिश्र एक प्रतिष्ठित नामका रूपमा परिचित छन्।

तीन दशकभन्दा बढी समय त्रिभुवन विश्वविद्यालयमा अध्यापन तथा अनुसन्धानमा सक्रिय भूमिका निर्वाह गरेका मिश्रले नेपालको शैक्षिक विकाससँगै अन्तर ाष्ट्रिय कूटनीतिक क्षेत्रमा समेत आफ्नो विशिष्ट पहिचान स्थापित गरेका व्यक्ति हुन डा. सुर्यनाथ मिश्र।

धनुषा जिल्लाको लक्ष्मिनियाँ गाउँपालिका-७ मा जन्मिएका प्रो. डा. मिश्रले प्रारम्भिक शिक्षा जनकपुरस्थित जानकी उच्च माध्यमिक विद्यालयबाट प्राप्त गरेका हुन्। त्यसपछि उनले त्रिभुवन विश्वविद्यालय अन्तर्गतको रामस्वरूप रामसागर (आरआर) क्याम्पस, जनकपुरबाट व्यवस्थापन तथा वाणिज्य विषयमा प्रमाणपत्र र स्नातक तहको अध्ययन पूरा गरे । उच्च शिक्षाको क्रममा उत्कृष्ट शैक्षिक प्रदर्शन गर्दै उनले कीर्तिपुरस्थित त्रिभुवन विश्वविद्यालयबाट व्यवस्थापन विषयमा स्नातकोत्तर तहमा मेरिट हासिल गरिसकेका छन्।

उनले भारतको प्रतिष्ठित बनारस हिन्दू विश्वविद्यालय (बीएचयू) बाट विद्यावारिधि (पीएचडी) उपाधि प्राप्त गरेका छन् । "नेपालको सिमेन्ट उद्योग : वित्तीय कार्यसम्पादनको मूल्याङ्कन" विषयमा उनले गरेको अनुसन्धानलाई नेपाली औद्योगिक क्षेत्रसम्बन्धी महत्वपूर्ण अध्ययनका रूपमा लिइन्छ।



### तीन दशकको शैक्षिक सेवा

त्रिभुवन विश्वविद्यालयमा करिब ३० वर्षसम्म अध्यापन गरेका प्रो. डा. मिश्र हाल सेवानिवृत्त प्राध्यापक हुन्। उनले स्नातक तहमा उन्नत लेखा, कर प्रणाली, तथ्याङ्कशास्त्र, गणित तथा वित्तीय विश्लेषण र योजना सम्बन्धी लेखाशास्त्र अध्यापन गरेका थिए भने स्नातकोत्तर तहमा व्यवस्थापकीय लेखा विषय पढाएका थिए।

अध्यापनसँगै उनले कार्यशील पुँजी व्यवस्थापन, स्थायी सम्पत्ति व्यवस्थापन, पुँजी संरचना, नाफामूलकता तथा नेपाली उद्योगहरूकोवित्तीय अवस्थासम्बन्धी दर्जनौं शोधकार्यको निर्देशन गरेका छन्। उनको शैक्षिक योगदानले नेपाली व्यवस्थापन शिक्षाको गुणस्तर अभिवृद्धिमा महत्वपूर्ण भूमिका खेलेको मानिन्छ।

### कतारमा नेपालको प्रतिनिधित्व

शिक्षण क्षेत्रपछि प्रो. डा. मिश्रले नेपालको कूटनीतिक सेवामा पनि महत्वपूर्ण जिम्मेवारी निर्वाह गरिसकेका छन् । सन् २००७ देखि २०१२ सम्म करिब चार वर्ष कतारका लागि नेपालका राजदूतका रूपमा कार्यरत रहँदा उनले विशेषगरी नेपाली आप्रवासी श्रमिकहरूको हकहित संरक्षणमा उल्लेखनीय काम गरेका छन्।

उनको कार्यकालमा समस्यामा परेका श्रमिकहरूका लागि नेपाली दूतावासको सुरक्षित आवासमा निःशुल्क खाना तथा बसोबासको व्यवस्था गरियो। राहदानी नवीकरणमा लाग्ने तत्काल सेवा शुल्क हटाइयो भने नेपाली श्रमिकहरूको न्यूनतम पारिश्रमिक दुई चरणमा शतप्रतिशत वृद्धि गराउन पहल गरिएको थियो।

वैदेशिक रोजगारीका नाममा हुने ठगी तथा शोषण नियन्त्रणका लागि कानुनी कारबाही सिफारिस गर्ने कार्यलाई प्रभावकारी बनाइएको थियो । रोजगारदाताबाट निःशुल्क भिसा र निःशुल्क हवाई टिकटको व्यवस्था सुनिश्चित गर्दै नेपाली श्रमिकको विदेश जाने लागत घटाउन महत्वपूर्ण भूमिका निर्वाह गरिएको थियो।

उनकै कार्यकालमा कतारमा नेपाली श्रमिकको संख्या करिब एक लाख ४६ हजारबाट बढेर साढे तीन लाख पुगेको थियो। त्यस्तै, डिपोर्ट हुने नेपालीको संख्या उल्लेखनीय रूपमा घटेको थियो भने श्रमिक मृत्यु दरमा पनि कमी आएको थियो।

### नेपाल-कतार सम्बन्ध सुधार

राजदूत मिश्रको कार्यकालमा नेपाल र कतारबीच श्रम, हवाई सेवा, दूरसञ्चार, कानुनी सहयोग तथा पर्यटन क्षेत्रसँग सम्बन्धित विभिन्न सम्झौता तथा समझदारीपत्रमा हस्ताक्षर भएका थिए। कतारमा नेपालका तत्कालीन राष्ट्रपति डा. रामवरण यादवको ऐतिहासिक राजकीय भ्रमण सफलतापूर्वक सम्पन्न गराउन उनले महत्वपूर्ण भूमिका खेलेका थिए।

उनको पहलमा कतारले नेपालमा आवासीय दूतावास स्थापना गर्ने प्रक्रिया समेत अघि बढेको थियो, जसले दुई देशबीचको कूटनीतिक सम्बन्धलाई थप मजबुत बनाएको मानिन्छ।

### लेखक, अनुसन्धानकर्ता र नीति विश्लेषक

प्रो. डा. मिश्र अध्ययन, अनुसन्धान र लेखनमा निरन्तर सक्रिय छन् । उनले वैदेशिक रोजगार, आप्रवासन, श्रमिक अधिकार तथा सामाजिक विषयमा विभिन्न राष्ट्रिय दैनिकहरूमा लेख प्रकाशित गरेका छन् । डिप्लोमेसी फर मिगारेन्ट वर्करस, सैरोज अफ नेपाली मिगारेन्ट वर्कर्स र हिलिंग बिगन्स एट होम सहितका उनका चर्चित लेखहरुमध्ये छन्।

उनले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सम्मेलनहरूमा सुरक्षित आप्रवासन, वैदेशिक रोजगार तथा आर्थिक विकाससम्बन्धी कार्यपत्र प्रस्तुत गरेका छन्। हालै मधेश प्रदेशमा आयोजित प्रथम राष्ट्रिय शिक्षा सम्मेलनमा उनले मुख्य वक्ताका रूपमा सम्बोधन गर्दै शिक्षा सुधारका विषयमा महत्वपूर्ण धारणा प्रस्तुत गरेका थिए।

यसका साथै उनी एकाउन्टिग फर फिनान्सियल एनालायसि एण्ड प्लानिंग पुस्तकको सह लेखन पनि गरेका हुन् । शैक्षिक तथा सामाजिक क्षेत्रमा निरन्तर सक्रिय रहेका मिश्र जनकपुर क्याम्पसका संस्थापक जमानतकर्ता तथा व्यवस्थापन समिति सदस्य हुन्। साथै नेपाल इन्टेलेक्चुअल फाउन्डेशनका सल्लाहकारका रूपमा बौद्धिक तथा नीतिगत मार्गदर्शन प्रदान गर्दै आएका छन्।

### सम्मान र पुरस्कार

उनले शिक्षा, समाज र राष्ट्रप्रतिको योगदानबापत विभिन्न राष्ट्रिय तथा अन्तर ाष्ट्रिय सम्मान प्राप्त गरेका छन्। अन्तर ाष्ट्रिय शान्ति महासंघद्वारा प्रदान गरिएको "एम्बेसडर फर पिस" सम्मान, महेन्द्र विद्याभूषण (कक्षा 'क'), शिक्षा दिवस पुरस्कार, त्रिभुवन विश्वविद्यालयको दीर्घ सेवा पदक तथा कतारका अमिरद्वारा प्रदान गरिएको "स्यास अफ मेरिट" सम्मान उनका प्रमुख उपलब्धिहरूमध्ये पर्दछन्।

शिक्षा, अनुसन्धान, कूटनीति र सामाजिक सेवाको क्षेत्रमा लामो समयदेखि सक्रिय प्रो. डा. सूर्यनाथ मिश्रको जीवनयात्रा नेपाली समाजका लागि प्रेरणाको स्रोत बनेको छ । अध्यापनको कक्षादेखि अन्तर्राष्ट्रिय कूटनीतिक मञ्चसम्म उनले पुर्‍याएको योगदानले उनलाई नेपालका बहुआयामिक व्यक्तित्वमध्ये एकका रूपमा स्थापित गरेको छ।

# मेयर सिंहका स्वकीय सचिव पक्राउ



**टुडे समाचारदाता**

वीरगञ्ज। किर्ते नागरिकताका आरोपी वीरगञ्ज महानगरपालिकाका मेयर राजेशमान सिंहका स्वकीय सचिव सत्यराज घिमिरेलाई प्रहरीले पर्सा जिल्ला अदालत परिसरबाट पक्राउ गरेको छ।

वडा प्रहरी कार्यालय श्रीपुरबाट प्रहरी निरीक्षक नवीन थापा मगरको नेतृत्वमा खटिएको प्रहरी टोलीले घिमिरेलाई पर्सा जिल्ला अदालत परिसरबाटै नियन्त्रणमा लिएको बुझिएको छ।

नागरिकता लिखत सम्बन्धी कसुरमा अनुसन्धानका लागि पर्सा जिल्ला अदालतले मेयर सिंहविरुद्ध गत मंगलवार पक्राउ पुर्जी जारी गरेको थियो। त्यही विषयमा कानुनी प्रक्रिया बुझ्नका लागि मेयरका स्वकीय सचिव घिमिरे सोमबार बिहान १० बजेतिर पर्सा जिल्ला अदालतमा गएकै बेला प्रहरीले नियन्त्रणमा लिएर जिल्ला प्रहरी कार्यालयमा लगेको मेयर सिंहका प्रेस सल्लाहकार नवराज फुयाँलले जानकारी दिएका छन्।

फुयाँलले भने, 'आज अदालतमा मेयर साब हाजिर हुने भन्ने कुरा थियो। त्यही विषयमा कानुनी प्रक्रिया बुझ्नका लागि घिमिरे अदालतमा जानु भएको थियो। त्यही बेला प्रहरीले सोधपुछ गर्नु छ भन्दै घिमिरेलाई नियन्त्रणमा लिएर जिल्ला प्रहरी कार्यालयमा लगे।'

यता जिल्ला प्रहरी कार्यालय पर्साका प्रवक्ता एंव प्रहरी नायब उपरीक्षक (डिएसपी) हरिबहादुर बस्नेतले मेयरका बारेमा बुझ्नका लागि घिमिरेलाई प्रहरीले लिएर आएको बताएबम द्धो। उनले भने, 'सोधपुछका लागि प्रहरीले घिमिरेलाई लिएर आएको हो। नियन्त्रण वा पक्राउ गरेको भने होइन।' गत मङ्गलवार (जेठ १२ गते) पक्राउ पुर्जी जारी भएपछि त्यसको भोलिपल्टै बुधवार बिहान मेयर सिंह आफै पर्सा जिल्ला अदालतमा उपस्थित भएका थिए। तर सो दिन मेयर सिंहले आफू अदालतको समन्वयमै रहेको भन्दै सार्वजनिक बिदा सकिएपछि फेरि आफै अदालतमा उपस्थित हुने जानकारी अदालत प्रशासनलाई गराएर अदालतबाट फरार भएका थिए।

# उपमहानगरले तोक्यो निजी विद्यालयको शुल्क

**टुडे समाचारदाता**

जनकपुरधाम । आगामी शैक्षिक सत्र २०८३ का लागि जनकपुरधाम उपमहानगरपालिकाले उपमहानगरभित्र सञ्चालित सम्पूर्ण संस्थागत विद्यालयहरूले लिन पाउने मासिक शुल्कको अधिकतम सीमा (सिलिङ्ग) निर्धारण गरेको छ।

नगर शिक्षा समितिको जेठ १६ गते बसेको बैठकको निर्णयअनुसार विद्यालयको वर्गीकरणका आधारमा शुल्कको सीमा निर्धारण गरिएको हो । उपमहानगरपालिकाले जारी गरेको सूचनाअनुसार अब संस्थागत विद्यालयहरूले तोकिएको शुल्क सीमाभन्दा बढी रकम असुल गर्न पाउने छैनन्।

निर्धारित शुल्क संरचनाअनुसार ईसीडीदेखि कक्षा १० सम्मका विद्यार्थीका लागि विद्यालयको 'क', 'ख', 'ग' र 'घ' वर्गका आधारमा फरक फरक शुल्क तोकिएको छ।

क वर्गका विद्यालयले कक्षा १० सम्म मासिक ८ हजार रुपैयाँसम्म शुल्क लिन पाउने व्यवस्था गरिएको छ भने अन्य वर्गका विद्यालयका लागि पनि न्यूनतम र अधिकतम शुल्क सीमा तय गरिएको छ। उपमहानगरपालिकाले मासिक शुल्कबाहेक अन्य शीर्षकमा लिइने शुल्कसमेत नियमन गरेको छ।

विद्यालयले लिने अतिरिक्त शुल्कहरू विद्यालय वर्गीकरण तथा शुल्क निर्धारण कार्यविधि-२०८१ तथा संस्थागत विद्यालय मापदण्ड निर्देशिका-२०८१ बमोजिम मात्रै लिनुपर्ने उल्लेख गरिएको छ । शिक्षा, युवा तथा खेलकुद विकास शाखा प्रमुख अन्जु पाण्डेयद्वारा जारी सूचनामा निर्धारित शुल्क संरचना अनिवार्य रूपमा कार्यान्वयन गर्न सबै संस्थागत विद्यालयलाई भनिएको छ।

उपमहानगरपालिकाको यो निर्णयले निजी विद्यालयको शुल्क व्यवस्थापनमा एकरूपता ल्याउनुका साथै अभिभावकमाथि पर्ने आर्थिक भार नियन्त्रण गर्न सहयोग पुग्ने विश्वास गरिएको छ।


## सामाजिक सञ्जाल प्रयोगमा सतर्कता अपनाऔं ।

- जातीय, धार्मिक, सामाजिक र साम्प्रदायिक सद्भावमा खलल पुर्‍याउने कार्य नगरौं,
- राष्ट्रिय सुरक्षा र राष्ट्रिय एकतामा आँच आउने कार्य नगरौं,
- कुनै व्यक्ति वा संस्थाको प्रतिष्ठा, मर्यादा र आत्मसम्मानमा ठेस पुर्‍याउने कार्य नगरौं,
- जातीय भेदभाव, छुवाछुत, श्रम र आत्मसम्मानप्रति अवहेलना हुने कार्य नगरौं,
- शान्ति सुरक्षामा खलल पुग्ने कार्य नगरौं,
- प्रचलित कानूनले रोग लगाएका सामग्रीहरुको प्रकाशन, प्रसारण र प्रदर्शन गर्ने कार्य नगरौं,
- जनमानसमा भ्रम सिर्जना गर्ने कार्य नगरौं,

पोष्ट, शेयर, टयाग, ह्यासटयाग गर्दा सतर्कता अपनाऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड


जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८